# विषय सूची


| | | |
|---|---|---|
| १. | तेह्रौं वार्षिक साधारण सभाको सूचना | ख |
| २. | सञ्चालक समितिको तर्फबाट आ.व. २०७४/७५ को आर्थिक एवम् प्रगति प्रतिवेदन साथै भावि कार्ययोजाना | १ |
| ३. | लेखा तथा सुपरिवेक्षण समितिको प्रतिवदेन | ३६ |
| ४. | लेखा परीक्षकको प्रतिवेदन | ४० |
| ५. | वासतल | ४३ |
| ६. | आय-व्यय विवरण | ४४ |
| ७. | बचत-घाटा बाँडफाँड | ४५ |
| ८. | इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण | ४६ |
| ९. | नगद प्रवाह विवरण अनुसूचिहरु सहित | ४७ |
| १०. | प्रमुख लेखा नीतिहरु | ५७ |
| ११. | लेखा सम्बन्धि टिप्पणीहरु | ५९ |
| १२. | बजेट | ६१ |
| १३. | मूल तयारी समितिको नामावली | ६५ |

# नेपाल स्वास्थ्य सेवा सहकारी संस्था लिमिटेडको तेह्रौ वार्षिक साधारण सभा सम्बन्धी

## सूचना

यस संस्थाको मिति २०७६ साल जेठ २० गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार संस्थाको तेह्रौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा आयोजना गरिएकोले सम्पुर्ण शेयर सदस्यहरुको उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ ।

**साधारण सभाहुने:-**

मिति :- २८ आषाढ, २०७६ शनिबार

समय :- बिहान : ११ बजे

स्थान :- मनमोहन ममोरियल मेडिकल कलेज तथा शिक्षण अस्पताल, स्वयम्भू, काठमाण्डौं

**छलफलका विषयहरु**

**(क) सामान्य प्रस्ताब**

१. आ.व. २०७४ ०७५ को सञ्चालक समितिको प्रगतिप्रतिबेदन छलफल र पारित गर्ने ।

२. लेखातथा सुपरीवेक्षण समितिको तर्फबाट प्रस्तुतआ.व. २०७४ ०७५ को प्रतिवेदन छलफल र पारित गर्ने ।

३. लेखापरिक्षकको प्रतिवेदन सहितको २०७५ असार मसान्तमा समाप्तभएको वर्षको वासलात तथा सोहि मितिमा समाप्त आ.व. २०७४ ०७५ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर छलफल गरि पारित गर्ने ।

४. आ.व.२०७५ ०७६ का लागि लेखा परीक्षकको नियुक्ति र पारिश्रमिकनिर्धारण गर्ने ।

**(ख) सञ्चालक समितिको रिक्तपदको निर्वाचन**

**(ग) विविध**

राजेन्द्रप्रसाद पाण्डे
अध्यक्ष

# नेपाल स्वास्थ्य सेवा सहकारी संस्था लि.
# सञ्चालक समितिको तर्फबाट तेह्रौं वार्षिक साधारण सभामा
## प्रस्तुत प्रतिवेदन

मिति : २०७६/०३/२८
**श्री राजेन्द्रप्रसाद पाण्डे**
अध्यक्ष
नेको, नेपाल

**आदरणीय शेयर सदस्यज्यूहरू,**

सर्वप्रथम नेपालको वाम तथा प्रजातान्त्रिक आन्दोलनका नेता तथा पूर्व प्रधानमन्त्री श्रद्धेय मनमोहन अधिकारीप्रति श्रद्धासुमन अर्पण गर्दै नेपाल स्वास्थ्य सेवा सहकारी संस्था लि.(नेको, नेपाल) को तेह्रौं वार्षिक साधारण सभामा उपस्थित प्रमुख अतिथि, विशेष अतिथि, अतिथि, सञ्चारकर्मी तथा सम्पूर्ण शेयर सदस्यज्यूहरूमा हार्दिक स्वागत तथा अभिवादन गर्दछु।

नेपाल स्वास्थ्य सेवा सहकारी संस्था लि.का प्रमुख संरक्षक श्री भरतमोहन अधिकारीको मिति २०७५/११/१८ मा दिवंगत हुनु भएको र विभिन्न मितिमा दिवंगत हुनु भएका संस्थाका शेयर सदस्यहरू किरण शाक्य (संखुवासभा), श्याम पिया (काठमाडौं), शारदा अधिकारी, विष्णुप्रसाद पराजुली, कल्याणराज नहर्की (धादिङ), गणेशलाल महर्जन (नुवाकोट), डा. केशवभक्त श्रेष्ठ, (ललितपुर), सुमित्रा श्रेष्ठ (मकवानपुर), सावित्री शिवाकोटी (दोलखा), गौतम महर्जन(काठमाडौं), अम्बरबहादुर गुरुङ (पर्वत), डा. हरेराम मरहट्ठा, गोविन्द प्रसाद शर्मा(दोलखा), डा. प्रकाश अधिकारी (चितवन), कुमारी लामा, बिदुरप्रसाद शर्मा, डा.रामप्रसाद श्रेष्ठ, दामोदर शर्मा र नेपालमा लोकतन्त्र स्थापनाका लागि भएका आन्दोलनमा शहादत प्राप्त गर्नु भएका तथा दिवंगत हुनुभएका सहकारी अभियन्ताहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु।

नेपालको वाम तथा प्रजातान्त्रिक आन्दोलनका श्रद्धेय नेता, जेष्ठ नागरिकको सम्मानको लागी सामाजिक सुरक्षा कार्यक्रमको शुरूवातकर्ता पूर्व प्रधानमन्त्री स्वर्गीय मनमोहन अधिकारीका योगदानलाई चीरस्थायी बनाउन गरिब, विपन्न तथा मध्यम वर्गिय जनतालाई लक्षित गरि स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यका साथ सहकारीको मूल्य मान्यता अनुरूप अस्पताल सञ्चालन गर्न आजभन्दा १३ वर्ष ३ महिना अगाडी २८ जना साथीहरूको सहभागितामा मिति २०६२ चैत्र ४ गते डिभिजन सहकारी कार्यालय, काठमाडौंमा "**नेपाल स्वास्थ्य सेवा सहकारी संस्था लि.**"को दर्ता भएको थियो।

आज हामी आफ्नै शिक्षण अस्पताल भवन स्वयम्भूमा संस्थाको तेह्रौं वार्षिक साधारणसभा गरिरहेका छौं । आदरणीय प्रमुख अतिथि, सम्पूर्ण अतिथिज्यू तथा शेयर सदस्य महानुभावहरू समक्ष गौरवकासाथ यो कुरा व्यक्त गर्न चाहन्छु । २०६५ साल चैत्र २१ गते तात्कालिन नेकपा (एमाले)का अध्यक्ष श्री झलनाथ खनाल, वरिष्ठ नेता श्री माधवकुमार नेपाल, पूर्व अर्थमन्त्री एवं संस्थाका संरक्षक स्वर्गीय श्री भरतमोहन अधिकारी, पूर्वमन्त्री स्वर्गिय सहाना प्रधान र संस्थाका अध्यक्ष श्री राजेन्द्रप्रसाद पाण्डेबाट संयुक्त शिलान्यास

भएको तथा ०६७ चैत्र १२ गते तात्कालिन सम्माननीय प्रधानमन्त्री श्री झलनाथ खनालज्यूबाट भवन निर्माण कार्य शुभारम्भ भई निर्माण शुरू भएको यो भवनमा तत्कालिन मन्त्रिपरिषद्का अध्यक्ष सम्माननीय श्री खिलराज रेग्मीद्वारा २०७० आषाढ २९ गते बहिरङ्ग सेवा (OPD) को समुद्घाटन भई सोही दिनदेखि ३०० शैय्याको अस्पताल सञ्चालन भईरहेको कुरा अवगत गराउन चाहन्छु।

**"सबैका लागि अस्पताल"** भन्ने मूल नाराका साथ मध्यम तथा सामान्य आर्थिक अवस्थाका नागरिकको पहुँचभित्र स्वास्थ्य सेवा पुऱ्याउने र सामान्य आर्थिक अवस्थाका जनताको निम्ति स्वास्थ्य र शिक्षा क्षेत्रका विभिन्न सेवामूलक कार्यहरू गर्ने उद्देश्य राखि आफुसँग रहेको सीमित पूँजीबाट सहकारी ऐन ०४८ अनुसार प्रति व्यक्ति रू. १ लाख देखि अधिकतम् रू. १० लाख सम्म शेयर रकम संकलन गरी यो अभियान शुरू गरिएको थियो।०६२/०६३ को जनआन्दोलनको क्रममा ०६३ साल वैशाख २ गते काठमाडौंको गोंगबुमा प्रहरीको गोली र लाठी प्रहारबाट घाईते भएका लोकतन्त्रका पक्षधरहरूलाई उपचार गरेर अस्पताल सञ्चालन शुरु गरिएको र ०६३ जेष्ठ १ गतेदेखि नियमित उपचार सेवा सञ्चालन गरी काठमाडौंको ठमेलमा १०० शैयाको **मनमोहन मेमोरियल सामुदायिक अस्पताल** शुरुवात् गरिएको थियो।

यसैगरि संस्थाले प्रत्येक विकास क्षेत्रमा १०० शैय्याको अस्पताल सञ्चालन गर्ने आफ्नो घोषणा अनुसार २०६९ मंसिर १६ गतेदेखि झापाको विर्तामोडमा **मनमोहन मेमोरियल पूर्वाञ्चल क्षेत्रीय सामुदायिक अस्पताल** सञ्चालन गरिरहेको छ। **मनमोहन मेमोरियल ईन्ष्टिच्यूट अफ हेल्थ साईन्सेस्** का लागि २०७२ साल वैशाखमा राष्ट्रिय वाणिज्य बैंकको नाममा रहेको का.म.पा.-१३, सोल्टीमोड नजिक रहेको ३७ आना जमिन र ३०२४५ वर्गफिट क्षेत्रफल ओगटेको ६ तल्ले भवन बोलकबोलमा खरिद गरी उक्त कलेजमा सञ्चालित ८ कार्यक्रमहरु २०७२ आषाढ १ गतेदेखि उक्त भवनमा नै सञ्चालन भईरहेको र गत वर्ष देखि प्रमाणपत्र तहका २ वटा र स्नातकोत्तर तहका २ वटा गरी थप ४ वटा कार्यक्रम पनि सुरु भईसकेको कुरा जानकारी गराउन चाहन्छु । साथै यस शैक्षिक सत्र ०७५/०७६ देखि त्रि.वि.वि.बाट सम्वन्धन प्राप्त गरि एमएस्सी क्लिनिकल बायोकेमेस्ट्री कार्यक्रम सञ्चालन भईरहेको जानकारी गराउन चाहन्छु ।

संस्थाका सम्पूर्ण सदस्यहरूलाई सहभागि गराउने उद्देश्य राखि स्वास्थ्य सेवाका गतिविधिहरू स्वास्थ्य सम्बन्धी अनुसन्धान ग्रामीण तथा दुर्गम वस्तीहरुमा विशेषज्ञ सेवाबाट वञ्चित जनताका लागि निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरी जनतालाई सेवा दिन संस्थाको पहलमा गैर-सरकारी संस्थाको रूपमा **मनमोहन मेमोरियल स्वास्थ्य प्रतिष्ठान** स्थापना गरिएको छ। यसै गरि संस्थाका सम्पूर्ण शेयर सदस्यहरूलाई सहभागि गराई संस्थाद्वारा गरिने सम्पूर्ण आर्थिक गतिविधि आफ्नै अस्पताल परिसरभित्र **"आफैंद्वारा आफ्नै लागि"** बचत तथा ऋणको कारोबार सञ्चालन गर्ने गरी **मनमोहन मेमोरियल बचत तथा ऋण सहकारी संस्था लि.** स्थापना गर्न संस्थाले सहयोग पुऱ्याएको छ। यसैगरि संस्थाको तर्फबाट उच्च शिक्षा सञ्चालन गर्ने लक्ष्य लिई **मनमोहन अधिकारी सहकारी विश्वविद्यालय** स्थापनाको तयारी कार्य शुरू गरिएको छ। यसका लागि धादिङ जिल्लाको साविक छत्रे देउराली र जीवनपुर गा.वि.स.हाल धुनिवेशी नगरपालिका को वार्ड नं. २, ३ मा १६७ रोपनी जमिन खरिद भईसकेको छ। विश्वविद्यालय स्थापनाका लागि विधेयक तयार गरी शिक्षा मन्त्रालयमा पेश गर्ने कार्य ७ वर्ष पहिले नै भईसकेको छ। छाता ऐनको अभावका कारण पनि विश्वविद्यालय स्थापना गर्ने कार्यको आजसम्म प्रगति हुन सकेको छैन। यस वर्ष प्रदेश नं. ३ को मन्त्री

परिषद समक्ष सो विधयेक दर्ता गरी प्रदेश विश्वविद्यालयको रुपमा स्थापना गर्ने प्रयास गरिदैछ । यसका लागि प्रदेश नं. ३ को सामाजिक विकास मन्त्रालय माननीय मन्त्रीज्यूको नेतृत्वमा एक उच्च स्तरीय समिति निर्माण गरि उक्त समितिले विश्वविद्यालय स्थापना सम्बन्धि मापदण्डको प्रतिवेदन समेत तयार गरि सकेको छ ।

शुरुमा २८ जना शेयर सदस्य सहभागि भई २०६२ चैत्र ४ गते डिभिजन सहकारी कार्यालय, काठमाडौंमा दर्ता भएको यो संस्थामा तेह्रौं वार्षिक साधारण सभा भईरहेको आज २०७६ आषाढ २८ गतेसम्म आईपुग्दा २५६९ जना शेयर सदस्य रहेका छन् ।

संस्थाको स्थापनादेखि आजसम्म भएका भेला र बैठकको विवरण यस प्रकार रहेका छन् ।

| भेला तथा साधारण सभा | मिति | स्थान | संख्या |
|---|---|---|---|
| प्रथम प्रारम्भिक भेला | ०६२/११/२४ | मनमोहन मेमोरियल अस्पताल भवन, ठमेल | ४३ |
| प्रारम्भिक साधारण सभा | २०६३/३/३ | गोदावरी आल्मुनाई एशोसियसन, ठमेल | २७६ |
| प्रथम वार्षिक साधारण सभा | २०६३/९/२२ | टेबुल टेनिस हल, लैनचौर | ४४० |
| दोश्रो वार्षिक साधारण सभा | २०६४/९/२८ | MMIHS, ल.पु.उपम.न.पा-४, नख्खु | ८१२ |
| तेश्रो वार्षिक साधारण सभा | २०६५/१२/२१ | स्वयम्भू स्थित आफ्नै जमिनमा | ९५५ |
| चौथो वार्षिक साधारण सभा | २०६७/२/८ | स्वयम्भू पार्टी प्यालेस, स्वयम्भू | १४६० |
| पाँचौं वार्षिक साधारण सभा | २०६७/१२/१२ | सशस्त्र प्रहरी प्रधान कार्यालय, हल्चोक | १५८१ |
| छैंठौं वार्षिक साधारण सभा | २०६९/३/३० | स्वयम्भू स्थित आफ्नै भवनमा | १७५० |
| सातौं वार्षिक साधारण सभा | २०७०/०३/२९ | " | २२१५ |
| आठौंवार्षिक साधारण सभा | २०७१/३/१४ | " | २३७० |
| नवौंवार्षिक साधारण सभा | २०७२/३/२६ | " | २४१४ |
| दशौं वार्षिक साधारण सभा | २०७३/३/११ | " | २४३३ |
| एघारौं वार्षिक साधारण सभा | २०७३/९/१६ | " | २४५१ |
| बाह्रौं वार्षिक साधारण सभा | २०७५/३/२३ | " | २५५३ |
| तेह्रौं वार्षिक साधारण सभा | २०७६/०३/२८ | " | २५६९ |

यसैगरि अस्पताल भवन निर्माणका लागि रकम संकलन गर्ने लक्ष्यका साथ २०६६/४/२८ मा वर्ल्ड ट्रेड सेन्टरमा सम्पन्न संस्थाको शेयर सदस्यहरूको भेलाबाट श्रीमद्भागवत ज्ञान महायज्ञ आयोजक कमिटी गठन गरी मिति २०६६ कार्तिक १४ देखि २२ गते सम्म श्रीमद्भागवत ज्ञान महायज्ञ सम्पन्न गरेको थियो । यो महायज्ञ अर्थ संकलनका लागि भन्दा पनि संस्थाको प्रचारका लागि महत्वपूर्ण कार्य बन्यो ।

यसैगरी संस्थाले आफ्नो प्रगतिको अभियानलाई अघि बढाउन शेयर सदस्यहरूसँग राय सुझाव लिन र खास गरी मेडिकल कलेज सञ्चालनका लागि आवश्यक तयारी गर्न विभिन्न मितिमा वर्ल्ड ट्रेड सेन्टर, होटल मल्ल र भ्याली कोल्ड स्टोरमा भेलाहरू सम्पन्न गरेको थियो भने २०६८ साल आश्विन ७ गते

स्वयम्भू, ठाडो भञ्याङस्थित होटल मिस्टिक बुद्धमा संस्थाको गतिविधि जानकारी दिने उद्देश्यले विशेष भेला समेत सम्पन्न गरेको थियो । छैठौं वार्षिक साधारण सभापछि संस्थाको स्वयम्भूस्थित नवनिर्मित भवनमा शेयर सदस्यहरूको भेला राखि इक्विटी संकलन गर्ने योजना समेत बनाईएको थियो ।

संस्थाले अस्पताललाई व्यवस्थित रूपमा सञ्चालन गर्न र सदस्यहरूबीच अस्पताल सञ्चालन प्रति चासो बढाउन संस्थाको विनियममा भएको व्यवस्था अनुसार १०० सदस्यीय **अस्पताल विकास परिषद्** गठन गरी मिति २०७०/५/२८ मा प्रथम बैठक र मिति २०७१/९/१९ मा दोश्रो बैठक समेत सफलता पूर्वक सम्पन्न गरेको छ ।संस्थाले २०७१ साल पौष २६ मा विशेष साधारण सभा राखि विश्वविद्यालयबाट सम्बन्धन नहुनुका कारण संस्थालाई परेको आर्थिक समस्या जानकारी गराउनुका साथै सम्पूर्ण शेयर सदस्यहरुसँग घटिमा २०,०००।-देखि बढिमा रु १० लाखसम्म ज-जसले जति सक्छ संस्थामा थप गर्न आह्वान गरेको थियो । कतिपय सदस्यले ऋण प्रदान गरेर सहयोग गर्नु भएको थियो भने कतिपय सदस्यहरुले साथ दिने वचन दिनु भएता अधिकाँश सदस्यहरुबाट सो वचन अनुसार कार्य पुरा नगर्नु भएको व्यहोरा जानकारी गराउन चाहन्छु ।

बाह्रौं वार्षिक साधारण सभादेखि आजसम्म आईपुग्दा संस्थाको सञ्चालक समितिको बैठक १७ वटा र पदाधिकारीहरुको बैठक ३ वटा सम्पन्न भएका छन् ।

**शेयर सदस्यज्यूहरू,**

१२ औंवार्षिक साधारण सभादेखि आज सम्पन्न हुन गईरहेको १३ औं वार्षिक साधारण सभासम्म आईपुग्दा संस्थाले गरेका कार्यहरू तथा प्रगति विवरणको सार संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

**क) मनमोहन मेमोरियल सामुदायिक अस्पताल, ठमेल**

०६३ साल जेष्ठ १ गतेदेखि सञ्चालनमा आएको मनमोहन मेमोरियल सामुदायिक अस्पतालले नेपाल सरकारबाट स्वीकृति लिई १०० शैय्याको अस्पताल सञ्चालन गरी अस्पताल अन्तर्गत २४ सै घण्टा आकस्मिक सेवा, एम्बुलेन्स सेवा, फार्मेसी सेवा, नाक, कान, घाँटी, बाल रोग, मानसिक रोग, आँखा रोग, स्नायू तथा शल्य चिकित्सा, सबै प्रकारका अपरेशन सेवाहरू, प्रसूति तथा स्त्रीरोग सेवा, नशा तथा हाडजोर्नी रोग, चर्म तथा यौन रोग, दन्त उपचार सेवा, मूत्र रोग लगायत क्यान्सरका बिरामीहरूका लागि केमोथेरापी सेवा, अन्तरङ्ग तथा बहिरङ्ग सेवाहरूको साथै साधारण र विशेष किसिमका सबै X-ray सेवाहरू, USG, IVU, ईन्डोस्कोपी, कोलोनोस्कोपी, ईकोकार्डियोग्राफी, अडियोमेट्री, स्पाईरोमेट्री, EEG, ECG, हेमाटोलोजी, माईक्रोबायोलोजी, बायोकेमेस्ट्री, इम्युनोलोजी, हिस्टोप्याथोलोजी र साईटोलोजी, भाईरोलोजी तथा सेरोलोजीका सेवाहरू प्रारम्भदेखि नै सञ्चालन भइरहेका छन् । यसैगरी खोप तथा परिवार नियोजनका सेवाहरू, क्षयरोग उपचार सेवा, फिजियोथेरापी सेवा, ICU सेवाहरू सञ्चालन भईरहेको व्यहोरा अवगत गराउँदछु ।अस्पतालले २०७४श्रावणदेखि २०७५आषाढ मसान्तसम्म तालिकामा उल्लेखित बिरामीहरुको उपचार गर्न सफल भएको कुरा जानकारी गराउन चाहन्छु ।

# Manmohan Memorial Community Hospital

Lekhnathmarg, Thamel, Kathmandu

Yearly/Monthly Progress Report

| Month | Admision | | Discharge | | OPD | | ER | | PHYSIO | | OT | | LAB | | X-RAY | | USG | | ECHO | | ENDOSCOPY | | ONCOLOGY | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Year | 2074 | 2075 | 2074 | 2075 | 2074 | 2075 | 2074 | 2075 | 2074 | 2075 | 2074 | 2075 | 2074 | 2075 | 2074 | 2075 | 2074 | 2075 | 2074 | 2075 | 2074 | 2075 | 2074 | 2075 |
| Baishakh | 166 | 143 | 161 | 143 | 1900 | 2126 | 186 | 421 | 186 | 154 | 38 | 56 | 2200 | 1445 | 770 | 882 | 11 | 394 | 296 | 26 | 49 | 54 | 14 | 22 |
| Jestha | 208 | 143 | 206 | 141 | 2350 | 2349 | 271 | 355 | 271 | 245 | 74 | 47 | 2140 | 1580 | 943 | 952 | 35 | 499 | 422 | 41 | 61 | 56 | 16 | 34 |
| Ashadh | 185 | 113 | 191 | 112 | 2027 | 2029 | 341 | 465 | 199 | 156 | 67 | 54 | 1457 | 1857 | 794 | 252 | 444 | 212 | 19 | 69 | 44 | 11 | 14 | 19 |
| Shrawan | 180 | 128 | 177 | 128 | 2246 | 2099 | 352 | 375 | 241 | 146 | 67 | 67 | 1335 | 1945 | 820 | 775 | 471 | 417 | 31 | 30 | 40 | 61 | 8 | 19 |
| Bhadra | 191 | 127 | 187 | 132 | 2081 | 1995 | 329 | 291 | 245 | 148 | 48 | 48 | 1204 | 1901 | 859 | 740 | 428 | 342 | 25 | 22 | 38 | 40 | 9 | 18 |
| Aaswin | 144 | 118 | 144 | 136 | 1637 | 1852 | 265 | 225 | 241 | 119 | 33 | 33 | 1134 | 1728 | 773 | 575 | 319 | 253 | 14 | 15 | 28 | 30 | 13 | 28 |
| Kartik | 134 | 136 | 140 | 114 | 1715 | 1408 | 262 | 328 | 185 | 175 | 33 | 40 | 1236 | 1093 | 739 | 662 | 334 | 335 | 26 | 21 | 22 | 26 | 18 | 13 |
| Mangsir | 101 | 136 | 101 | 131 | 1631 | 1592 | 278 | 278 | 135 | 208 | 33 | 49 | 1123 | 1080 | 630 | 627 | 272 | 293 | 17 | 26 | 32 | 30 | 9 | 15 |
| Paush | 138 | 128 | 138 | 127 | 1941 | 1672 | 303 | 268 | 134 | 170 | 35 | 40 | 1341 | 1214 | 800 | 685 | 375 | 247 | 21 | 22 | 42 | 28 | 10 | 18 |
| Magh | 139 | 122 | 118 | 128 | 1816 | 1657 | 206 | 290 | 183 | 156 | 52 | 40 | 1275 | 1201 | 788 | 662 | 321 | 269 | 34 | 29 | 27 | 29 | 14 | 13 |
| Falgun | 172 | 126 | 96 | 128 | 2219 | 1809 | 302 | 330 | 155 | 175 | 60 | 37 | 1430 | 1247 | 905 | 710 | 427 | 326 | 28 | 39 | 40 | 30 | 17 | 12 |
| Chaitra | 164 | 115 | 163 | 112 | 2100 | 1172 | 320 | 300 | 160 | 309 | 58 | 37 | 1440 | 1182 | 788 | 668 | 448 | 301 | 39 | 31 | 32 | 43 | 22 | 16 |

Prepared by
Nirmala Budathoki
Medical Recorder Departement

Approved By
Dr. Arun Mani Dixit
Hospital Director

**ख) मनमोहन मेमोरियल ईन्ष्टिच्यूट अफ हेल्थ साईन्सेस्** (MMIHS):

१) नेको अन्तर्गत संचालित यस कलेजले हाल का.म.पा.-१३, सोल्टीमोड छेउ स्थित संस्थाको आफ्नै भवनमा त्रिभुवन विश्वविद्यालयबाट सम्वन्धन लिई स्नातक तहका ५ वटा र स्नातकोत्तर तहका ३ वटा कार्यक्रमहरु गरी ८ वटा कार्यक्रमहरु सञ्चालन गरिरहेको छ । त्यस्तै प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) बाट सम्वन्धन प्राप्त गरि प्रमाणपत्र तहका ५ वटा शैक्षिक कार्यक्रमहरू सञ्चालन गरिरहेको छ ।

२) MMIHS र बेलायतको Bournemouth University / China Qiqihar Medical Universityसँग शैक्षिक कार्यक्रमहरुको स्तरोन्नतिको लागि विविध क्षेत्रहरुमा सम्झौता भएको छ ।

३) संस्थाले शिक्षकहरूको दक्षतालाई अभिवृद्धि गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रशिक्षकहरूद्वारा कार्यशाला, अभिमुखिकरण कार्यक्रम तथा गोष्ठीका कार्यक्रमहरू सम्पन्न गरेको छ ।

४) नेको नेपाल तथा मनमोहन मेमोरियल इन्ष्टिच्यूट अफ हेल्थ साइन्सेजका उपाध्यक्ष जीवन प्रकाश शर्मा र कलेजका सहायक क्याम्पस प्रमुख सह-प्राध्यापक डा. सुजनबाबु मरहट्ठाले मिति October 18-30, 2016 मा करिब १२ दिन संयुक्त अधिराज्यका ३ वटा विश्वविद्यालयहरु Liverpool Jonmoores University, Bournemouth University / Sheffield University का उच्च पदाधिकारीहरुसँग अन्तरक्रिया तथा भेटघाट गर्नुभयो । उक्त विश्वविद्यालयहरुका पदाधिकारीहरु संगको भेटघाटमा Capacity Building, Research activities, Video conferencing Class शिक्षक तथा विद्यार्थीहरु बिच आदानप्रदान गर्ने गराउने विषयमा छलफल भएको छ । Liverpool Jonemoores University सँगको सहकार्यमा दुई पटक Bachelor in Public Healthमा अध्ययनरत विद्यार्थीहरुको लागि Video conferencing Class हरुको संचालन भएका छन । यसबाट अन्तर्राष्ट्रिय सम्बन्धमा सुधार र गुणात्मक शिक्षामा योगदान पुग्ने विश्वास लिएका छौ । निकट भविष्यमा अन्य विदेशी विश्वविद्यालयहरु र MMIHS का बीच विभिन्न प्राज्ञिक क्षेत्रहरुमा MoU गरिने लक्ष लिइएको छ ।

५) कलेजले यस शैक्षिक सत्र २०७५।०७६ देखि Master in Clinical Biochemistryविषयमा कक्षा संचालन गर्ने स्वीकृति प्राप्त गरेको छ ।

६) कलेजले यसै शैक्षिक सत्र देखि प्रविधि मैत्री वातावरण वनाउन कलेजसँग सम्वन्धित विविध विषयमा Appsमार्फत विद्यार्थी, शिक्षक र अभिभावकलाई सुसुचित गराउने लक्ष्य लिएको छ ।

७) यस कलेज २०७४ सालमा अन्तराष्टिय साक्षरता दिवस तथा शिक्षा दिवसको अवसरमा प्रविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् वाट सम्वन्धन प्राप्त कलेजहरु मध्ये उत्कृष्ट कलेजको रुपमा सम्मानित भएको र २०७५ सालमा अन्तर्राष्ट्रिय साक्षरता दिवस तथा शिक्षा दिवसको अवसरमा त्रिभुवन विश्व विद्यालय वाट सम्वन्धन प्राप्त ७७७ निजी कलेजहरु मध्ये उत्कृष्ट कलेजको रुपमा सम्मानित भई सम्माननीय प्रधानमन्त्रीज्यूबाट प्रमाण पत्र सहित नगद पुरस्कार प्राप्त गरि कलेजको महिमा बढाई आफनो लक्ष्य प्राप्तीका लागि निरन्तर क्रियाशिल रहेको छ ।

८) यस कलेजले पूर्णकालिन शिक्षक र कर्मचारी गरी कुल ११५ र आँशिक ७५ जना गरी कुल १९० जना जनशक्तिलाई रोजगारीको अवसर प्रदान गरेको छ ।

९) कलेज विश्वविद्यालय अनुदान आयोगवाट प्रदान गरिने Qualitative Assurance & Accreditation (QAA)को प्रमाण पत्र लिने प्रक्रियामा क्रियाशिल छ ।

१०) गुणस्तरीय तथा प्राविधिक शिक्षा प्रदान गर्दै आएको यस संस्थाले पठन पाठनको प्रकिया समाप्त गरेका सबै तहका बिद्यार्थीहरुले पूर्ण रोजगारको अवसर प्राप्त गरेको सन्दर्भमा संस्था उत्कृष्ट दर्जाको रुपमा राष्ट्रिय स्तरमा २ पटक सम्मानित भएकोले विद्यार्थीहरुका लागि आकर्षणको केन्द्र बन्न सफल भएको छ ।

११) Student Enrollment यस संस्थामा अध्ययतरत कूल विद्यार्थीहरुको संख्या निम्न अनुसार छ ।

## STUDENT ENROLLMENT

**शैक्षिक बर्ष ०७४।०७५**

**प्रमाण पत्र तह (३ बर्षे कार्यक्रम)**

| क.स | कार्यक्रम | २०७३ | २०७४ | २०७५ | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | नर्सिङ्ग प्रविणता तह | ४० | ४० | ४० | १२० | |
| २ | सामान्य चिकित्सा | ४० | ४० | ४० | १२० | |
| ३ | हेल्थ ल्याव | २९ | ३० | २९ | ८८ | |
| ४ | डि.फार्मेसी | ० | ० | ४० | ४० | |
| ५ | रेडियोग्राफी | ० | ० | २६ | २६ | |
| जम्मा | | १०९ | ११० | १०९ | ३९४ | |

**स्नातह तह (४ बर्षे कार्यक्रम)**

| क.स | कार्यक्रम | २०७२ | २०७३ | २०७४ | २०७५ | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | बि.एन. एस | ० | १० | २७ | ४० | ७७ | तीन बर्षे कार्यक्रम |
| २ | बि.एस.सी नर्सिङ्ग | ३० | ३६ | ४० | ३९ | १४५ | |
| ३ | बि.पि.एच | ३० | ३० | ४० | ३६ | १३६ | |
| ४ | बि.फार्मेसी | २९ | १९ | २४ | ३० | १०२ | |
| ५ | बि.एस. सी .एम.एल.टि | १९ | ११ | १२ | १९ | ६१ | |
| जम्मा | | १०८ | १०६ | १४३ | १६४ | ५२१ | |

**स्नातकोत्तर तह (२ र ३ बर्षे कार्यक्रम)**

| क.स | कार्यक्रम | २०७४ | २०७५ | जम्मा | कैफियत |
|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | एम. एस . सी क्लीनिकल वायोकेमिष्ट्री | | | ० | ० | ० | तीन बर्षे कार्यक्रम |
| २ | एम. एन | | | ६ | ० | ६ | |
| ३ | एम.पि.एच | | | ६ | १० | १६ | |
| जम्मा | | | | १२ | १० | २२ | |
| कंस | कार्यक्रम | संख्या | कैफियत | | | | |
| १ | प्रविणता तह | ३९४ | | | | | |
| २ | स्नातक तह | ५२१ | | | | | |
| ३ | स्नातकोत्तर तह | २२ | | | | | |
| जम्मा | | ९३७ | | | | | |

१२) संस्थाले आगामी शैक्षिक सत्रदेखि स्नातकोत्तर तहमा एमएस्सी माईक्रोबायोलोजि कार्यक्रम पठन पाठन गर्ने लक्ष्य लिएको छ ।

१३) Faculty Developmnet Plan अनुसार संस्थाले शिक्षकहरुको थप शैक्षिक पठन पाठनको लागि आवश्यकता र मापदण्डको आधारमा शिक्षकहरुलाई छात्रवृत्ति उपलब्ध गराउँदै आएको छ ।

१४) शिक्षक कर्मचारीहरुको क्षमता अभिबृद्धिको लागि स्वदेशी तथा विदेशी प्रशिक्षकहरुद्वारा तालिम दिदै आएको छ ।

१५) शिक्षकहरुको सीप तथा दक्षता विकासको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्राध्यापकहरुद्वारा अनुसन्धानसँग सम्बन्धित विविध विषयहरुमा सेमिनार, कार्यशाला गोष्ठिको आयोजना गर्दै आएको छ ।

शेयर सदस्यहरूलाई मनमोहन मेमोरियल ईन्स्टिच्युट अफ हेल्थ साईन्सेस्मा दिईने सहुलियत सम्बन्धी नीति पेज नं. ..... मा उल्लेख गरिएको छ ।

**शेयर सदस्यहरुलाई मनमोहन मेमोरियल ईन्ष्टिच्युट अफ हेल्थ साईन्सेस्** (MMIHS) **मा दिईने सहुलियत सम्बन्धी नीति** :

१) शेयर सदस्यका छोराछोरीले MMIHSमा सञ्चालन गरिएका कोर्षहरू अध्ययन गरेमा मासिक शुल्कमा १५% छुट दिईनेछ ।

२) पूरा कोर्षको रकम भर्ना हुँदाकै बखत एकमुष्ठ तिरेमा शेयर सदस्यका परिवारलाई २०% छुट दिईनेछ । साथै विद्यार्थीले सस्थाको शेयर सदस्य प्राप्त गरेको अवस्थामा निजले प्रत्येक वर्ष लाग्ने शुल्क वर्षकै प्रारम्भमा नै भुक्तानी गरेमा तिरेको एकमुष्ठ शुल्कको १०% छुट सुविधा प्राप्त गर्न सक्ने व्यवस्था गरिएको छ । गैर-शेयर सदस्य विद्यार्थीलाई प्रत्येक शैक्षिक कार्यकम वापत लाग्ने एकमुष्ठ शुल्क भर्नाको समयमा भुक्तानी गरेमा १०% छुट दिईनेछ ।

३) MMIHSमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको परिवारका सदस्यले मासिक शुल्कमा १५% छुट पाउने व्यवस्था गरिएको छ ।

४) मनमोहन मेमोरियल शिक्षण अस्पताल स्वयम्भु तथा मनमोहन मेमोरियल सामुदायिक अस्पताल ठमेलमा कार्यरत रही यस सस्थामा अध्ययनरत विद्यार्थीहरुको लागि शेयर सदस्यका छोरा/छोरीले पाउने वरावरको छुट सुविधा उपलब्ध गराइएको छ ।

**ग) मनमोहन मेमोरियल मेडिकल कलेज तथा शिक्षण अस्पताल Manmohan Memorial Medical College & Teaching Hospital**

नेपाल स्वास्थ्य सेवा सहकारी संस्था लि. को तर्फबाट मनमोहन मेमोरियल ईन्ष्टिच्युट अफ मेडिकल साईन्सेस्को नाममा मेडिकल कलेज सञ्चालनका लागि मिति २०६४/८/२३ मा नेपाल सरकार शिक्षा मन्त्रालयबाट मनसाय पत्र (Letter of Intent) प्राप्त गरेको तथा श्रोतको व्यवस्थापन गर्दै प्रत्येक वर्ष नवीकरण गर्दै **मनमोहन मेमोरियल मेडिकल कलेज तथा शिक्षण अस्पताल** सञ्चालन गर्ने कार्यका लागि विभिन्न ७ वटा बैंक (नेपाल इन्भेष्टमेन्ट बैंक, सिभिल बैंक, राष्ट्रिय वाणिज्य बैंक, एनसिसि बैंक, कुमारी बैंक, एनबि बैंक र एनएमबि बैंक)हरूबाट कर्जा लिई आवश्यक पूर्वाधारहरु निर्माण गरिएको छ । स्वास्थ्य सहकारी निर्माण गरी सोही संस्थाबाटै सामुदायिक अस्पताल, शिक्षण अस्पताल, मेडिकल कलेज सञ्चालन भईरहेका छन् भने सहकारीकै माध्यमबाट विश्वविद्यालय पनि सञ्चालन गरिने हाम्रो भावि योजना छ । संस्था स्थापनादेखि आजका दिनसम्म भए गरेका मूल मूल कार्यहरु निम्न अनुसार रहेको ब्यक्त गर्दछु ।

क) नेपाल सरकार शिक्षा मन्त्रालयमा MMIMS को १० वर्षे गुरू योजना पेश गरी MMIMS अन्तर्गत मेडिकल कलेज सञ्चालनका लागि नेपाल सरकार शिक्षा मन्त्रालयबाट मनसाय पत्र (Letter of Intent)प्राप्त भई प्रत्येक वर्ष नविकरण समेत भईरहेको छ ।तर अव उप्रान्त नविकरण गर्नु नपर्ने ।

ख) मनमोहन मेमोरियल मेडिकल कलेज तथा शिक्षण अस्पताल सञ्चालनार्थ आवश्यक विश्वविद्यालयको सम्वन्धन सम्बन्धी प्रक्रियाका लागि शिक्षा मन्त्रालय, मेडिकल काउन्सिल र विश्वविद्यालयबाट प्रारम्भिक निरीक्षण कार्य सम्पन्न गराई स्वीकृतिको लागि २०७० सालदेखि पर्खि रहेका छौं ।

ग) स्वयम्भूको २८.६ रोपनी जग्गामा ९०० शैय्याको शिक्षण अस्पताल निर्माण गर्ने कार्य योजना अनुसार हाल ३०० शैय्याको अस्पताल भवन र दहचोकको ६६ रोपनी जग्गामा MBBS का कक्षाहरू सञ्चालन गर्न बेसिक साईन्स भवन निर्माण गरि उपकरण र फ्याकल्टीको समेत पर्याप्त पूर्वाधार तयार भईसकेको छ । संस्थाले FAR (Floor Area Ratio) पु¥याउनका लागि स्वयम्भूमा थप ३३ आना जमिन खरिदका लागि बैना स्वरुप रु.१,२५,००,०००।- (अक्षरुपि एक करोड पच्चिस लाख मात्र ।) सम्बन्धित जग्गा धनिलाई भुक्तानी गरि सकेको छ ।

घ) अस्पताल र मेडिकल कलेजको भवन निर्माण सम्बन्धी सम्पूर्ण विवरण नवौं वार्षिक साधारण सभामा प्रस्तुत प्रतिवेदनमा उल्लेख भैसकेको हुँदा यस प्रतिवेदनमा उल्लेख गर्न आवश्यक नभएको कुरा जानकारी गराउँछु ।

ङ) शिक्षण अस्पताल सञ्चालनका लागि बढिमा २१ सदस्य सम्मको **शिक्षण अस्पताल सञ्चालन बोर्ड** र शिक्षण अस्पतालको नीति, नियम निर्माण र प्रबर्द्धनका लागि नेको सञ्चालक समिति अध्यक्षको

संयोजकत्वमा नेको सञ्चालक समितिद्वारा १०१ सदस्यीय **शिक्षण अस्पताल विकास परिषद्** गठन गरी अस्पताल सञ्चालनका सम्बन्धमा कार्ययोजना तयार गरिएको छ ।

च) वृद्ध नागरिक दिवा उपचार सेवा विभाग स्थापना गरि जेष्ठ नागरिकहरुको उपचार र सम्मान दुवै कार्य गरेको छ । यस मनमोहन मेमोरियल मेडिकल कलेज तथा शिक्षण अस्पतालबाट दिईएको स्वास्थ्य सेवा सम्बन्धी सम्पूण विवरण अनुसूचि-३ मा राखिएको छ ।

मानव जीवनको आधारभूत आवश्यकता मध्येको स्वास्थ्य सेवाको आवश्यकतालाई शुक्ष्म विश्लेषण एवं अध्ययनलाई मध्य नजर गरेर २,५६६ जना जो विशेष गरि स्वास्थ्य सेवा, शिक्षण क्षेत्रमा ज्ञान, शिप र अनुभवी समाज सेवी व्यक्तिहरुको पहलमा २०७० मा नेको नेपाल अन्तर्गत स्थापित यस मनमोहन मेमोरियल मेडिकल कलेज तथा शिक्षण अस्पताल आज प्राय सबै खाले स्वास्थ्य सेवा उपलब्ध गराउने अस्पतालको रुपमा विकसित हुँदै आईरहेको छ । गुणस्तरिय तथा शुलभ स्वास्थ्य सेवा एवं शिक्षण उपलब्ध गराउने अभिप्रायबाट स्थापित यस अस्पताल मूनाफा रहित, नेपालको पहिलो उदाहरणीय सहकारी अस्पताल हो । यस अस्पताल खास गरेर नेको नेपालको शेयर सदस्यहरु र संस्थाका चिकित्सक एवं सम्पूर्ण कर्मचारीहरुको अथक प्रयासबाट शुरु भई हाल ३०० शैयाको (नेपाल सरकार, स्वास्थ्य मन्त्रालय अन्तर्गतको स्वास्थ्य सेवा विभागबाट मिति २०७४/०६/०९ गते १०० शैया स्विकृत, २०० शैया संचालित) अस्पताल विस्तारै आधुनिक र राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा उत्कृष्ट स्वास्थ्य केन्द्रको रुपमा विकासित भई रहेको छ ।

**उपलब्ध सेवाहरुः-**

१. यस अस्पतालबाट चौबिसै घण्टा आकस्मिक सेवा, शल्य चिकित्सा, सामान्य चिकित्सा, यूरोलोजी, स्त्री तथा प्रसुति, पेट रोग, फोक्सो सम्बन्धि रोग, नाक,कान, घाँटी, चर्म तथा यौनरोग, मानसिक रोग, नशा तथा हाडजोर्नी, दन्त रोग, बालरोग, आँखा रोग, सरुवा रोग, मृगौला रोग, नशा रोग, मेरुदण्ड रोग, मधुमेह, उच्च रक्तचाप र थाईराईड रोगहरुको सेवा प्रदान गर्दै आईरहेको छ ।

२. यस अस्पतालले निम्नानुसारको अत्याधुनिक र विशेषज्ञ सेवा प्रदान गर्दै आई रहेको छ ।

- Endo-Urology and Uro-Reconstruction Surgery
- Advance Laparoscopic Surgery
- Rib Fixation Surgery
- Joint Replacement Surgery
- Neonatal Nursery Service
- Tele Medicine Service

३. यस अस्पतालले रोगहरुको उपचार र निदानको लागि आवश्यक आधुनिक अन्य सेवाहरु जस्तैः Cath Lab, प्रयोगशाला सेवा, ECG, ABG लगायत CTScan, ओजोन थेरापी, फिजियोथेरापी, ICU सेवा, CCU, NICU, हेमोडाईलाईलासिस, अडियोमेट्री, इण्डोस्कोपी, कोलोनोस्कोपी, ईकोकार्डियोग्राफी, फिटल ईकोकार्डियोग्राफी अत्याधुनिक मेसिन र उपकरणहरुको साथ उपलब्ध छन् ।

४. बिरामीहरुको रोगको निदान एवं उपचारको लागि सरल, छिटो छरितो होस् भन्ने हेतुले यस अस्पतालमा चौबिसै घण्टा एम्बुलेन्स सेवा, Central Oxygen Supply System का साथै आफ्नैं OPD फार्मेसी, आकस्मिक फार्मेसी, OPD बिलिङ्ग काउन्टर, आकस्मिक बिलिङ्ग काउन्टर, मेडिकल रेकर्ड, अस्पताल क्यान्टिन, क्याफे लगायत अशक्त बिरामीहरुका लागि लिफ्ट सेवाको समेत उचित ब्यवस्थापन गरिएको छ ।

५. बिरामीहरुको उपचार र शेयर सदस्यज्यूहरुको सुविधाको लागि आवश्यक गुनासो सुन्ने र कार्यान्वयन प्रयोजनको लागि छुट्टै जनसम्पर्क/शेयर शाखाको स्थापना गरिएको । यसै बर्ष नेपाल सरकारद्वारा स्वीकृत क्षयरोग क्लिनिक, खोप क्लिनिक, परिवार नियोजन सेवा, नाभि केयर सेवा, सुरक्षित गर्भपतन सेवा, आमा सुरक्षा कार्यक्रम, हेमोडाईलासिस जस्ता कार्यक्रमहरु यस अस्पतालमा सुचारु भईरहेको छ ।

यस आर्थिक बर्षको चैत्र मसान्तसम्ममा यस अस्पतालबाट बहिरङ्ग सेवामा १,१५,८६८ जना विरामीले, अन्तरङ्ग सेवामा १०,७४६ जना विरामीले, साना ठूला शल्यचिकित्सामा २,३०० जना विरामीहरुले सेवा प्राप्त गरिसकेका छन् । गत आर्थिक बर्षको तुलनामा यस आर्थिक बर्षमा अस्पतालमा सेवा लिन आउने बिरामीको संख्या करिब २०% ले बृद्धि भएको छ । अस्पतालमा थप सेवा उपलब्ध गराउनु, चिकित्सक, नर्सिङ्ग, प्राविधिक, प्रशासनिक कर्मचारी लगायत सम्पूर्ण कर्मचारीहरुको कार्यकुशलता, अस्पतालबाट उपलब्ध गराइने सेवा र सुविधाहरुको व्यापक प्रचार प्रसारका कारणले गत आर्थिक बर्षमा भन्दा यस आर्थिक बर्षमा अस्पतालमा बिरामीको संख्यामा उल्लेख्य बृद्धि भएको हो ।

अस्पतालबाट दिईने सेवाहरुमा नयाँ नाम दर्ता रु. १०० मा गरिन्छ भने पुरानो नाम दर्ता रु. ८० मा गरिन्छ र उक्त न्यूनतम शुल्कमा यस अस्पतालमा उपलब्ध आफूले चाहेको विशेषज्ञ चिकित्सकहरुबाट परिक्षण गर्न सकिन्छ । अन्य सेवाहरुमा पनि सर्वसाधरण सबैको पहुँच होस भन्ने तथ्यलाई हृदयगम गरि न्यून शुल्क निर्धारण गरिएको छ । ज्यादै विपन्न तथा गरिव एवं जेष्ठ नागरिक विरामीहरुको लागि निःशुल्क वा सहुलियत स्वास्थ्य सेवा पुऱ्याउने कार्य पनि निरन्तर रुपमा गरि आएको छ । यसै आर्थिक वर्षमा मात्र अन्दाजी २,९२१ जना जेष्ठ नागरिकले स्वास्थ्य सेवा लिई लाभान्वित हुनु भएको छ । अति विपन्न वर्ग सहायता कोष मार्फत यस बर्ष करिव रु. २,४३,१०८।- बराबरको रकम उपलब्ध गराईएको थियो भने करिव ४,२२८ जना बिरामीहरुलाई करिव रु. ४५,३४,८०९।- बराबरको छुट सहुलियत दिईएको थियो ।

यसै सिल सिलामा यस अस्पतालबाट विशेष कार्यक्रम अन्तर्गत विद्यालय स्वास्थ्य, संघसंस्था स्वास्थ्य तथा सामान्य स्वास्थ्य परिक्षण सेवाहरु पनि संचालित छन । त्यसै गरी सामाजिक स्वास्थ्य सेवाहरुमा निःशल्क स्वास्थ्य शिविर, अपाङ्गताको स्वास्थ्य सेवा, पत्रकार, स्वासित पिडित र विपन्न वर्गका नागरिकहरुका लागि विशेष स्वास्थ्य सेवा, स्वास्थ्य शिक्षा कार्यक्रम, स्वास्थ्य विषयक अन्तरक्रिया कार्यक्रम, आङ खस्ने रोगबाट पिडित महिलाहरुको निःशुल्क शल्यचिकित्सा तथा उपचार सेवा कार्यक्रम, जेष्ठ नागरिक विशेष उपचार सेवा उपलब्ध छन ।

| Department | 2073 Baishak -2073 Chaitra | 2074 Baishak -2074 Chaitra | 2075 Baishak -2075 Chaitra |
|---|---|---|---|
| OPD | 92052 | 111623 | 115868 |
| ER | 11537 | 13082 | 12740 |
| ADMISSION | 5052 | 6115 | 10746 |
| PHYSIO | 6231 | 9502 | 10746 |
| OT | 1466 | 2123 | 2300 |
| X-RAY | 21727 | 26646 | 33062 |
| USG | 11364 | 15269 | 16567 |
| ENDOS/CLONO. | 853 | 1051 | 1070 |
| ECHO/ECG | 6463 | 8737 | 9643 |
| LAB TEST. | 134018 | 187178 | 201347 |

**Patients Inflow in every year Department**

**थप सेवा विस्तार र बिकास :-**



यसै आर्थिक बर्षमा यस अस्पतालले थप गरिएका सेवाहरु निम्न लिखित छन्ः-

- Blood Bank
- Neuro Medicine
- Nephrology
- Hemo Dialysis
- Family Medicine
- Spine Clilic
- CCU with Cath Lab Clinic
- Bio-chemistry Lab
- ICU Services Expansion
- Orthopedic Ward
- Fetal Echocardiography (EHS)
- Endocrinology (EHS)
- Psychitry Clinic (EHS)
- ENT Clinic(EHS)
- Laser Surgery

**उपकरण, औजार** ः-

यसै आर्थिक बर्षमा थप गरिएका उपकरण, औजार तथा मर्मत सम्भारको विवरण यस प्रकार छन् :

| | | | |
|---|---|---|---|
| 1 | CTSCAN | Set | 1 |
| 2 | NEW ALLENGER X-RAY MACHINE | Set | 1 |
| 3 | CATH LAB | Set | 1 |
| 4 | LIFT SERVICES NEARBY EMERGENCY | Set | 1 |
| 5 | ANESTHESIA MACHINE WITH VENTILATOR | Set | 1 |
| 6 | CCU MONITOR | Set | 10 |
| 7 | NICU MONITOR | Set | 9 |
| 8 | LAB EQUIPMENT | Set | 4 |
| 9 | WASHING MACHINE-LG 10 KG (F1069 FD 3 PS) | Set | 1 |
| 10 | MEDICAL EQUIPT.DR SYSTEMDRYPRO SIGM 92 | Set | 1 |
| 11 | DEFIBRILLATOR ADT | Set | 1 |
| 12 | DEFIBRILLATOR NEO | Set | 1 |
| 13 | VENTILATOR SV600 | Set | 1 |
| 14 | CENTRAL MONITORING SYSTEM-WIRED | Set | 1 |

| | | | |
|---|---|---|---|
| 15 | ONLINE UPS 30 KVA, HTACHI (MODEL-IUE) | Set | 1 |
| 16 | PATIENT MONITOR NELLCO | Set | 16 |
| 17 | CTG MACHINE (FETAL MONITOR) | Set | 1 |
| 18 | SERVER DELL-T30 SGB/ITB | Set | 1 |
| 19 | BI-PAP MACHINE | Set | 3 |
| 20 | SOLAR WATER HEATER SYSTEM-24T | Set | 5 |
| 21 | USG MACHINE-F31,HITACHI (SN-20616619) | Set | 1 |
| 22 | AC CEELING FUJI 2.0 TR | Set | 4 |
| 23 | AC WALL MOUNT AIR CONDITION 2.0 TONE | Set | 1 |
| 24 | SYRINGE PUMP E-7 | Set | 5 |
| 25 | INFUSION PUMP EN-V7 | Set | 5 |
| 26 | ICU BED SS WITH MATRESSES FOUR FOLD | Set | 13 |
| 27 | CAUTRY MACHINE (DIATHERMOY ) | Set | 1 |
| 28 | VANTILATOR-(HAMOTON CL ICU) WITH COMPLATE ACCESSORIES | Set | 1 |
| 29 | ECG MACHINE | Set | 3 |
| 30 | REFRIGERATOR | Set | 2 |
| 31 | OT LIGHT HEAVY | Set | 3 |
| 32 | URINE ANALYZER MACHINE BB | Set | 1 |
| 33 | DONER UNIT SEALER BB | Set | 1 |
| 34 | OTHER MAJOR EQUIPMENTS AND INSTRUMENTS | | |

**निर्माण तथा मर्मत कार्य** :-

- Wards /Department Partition and Upgrading
- OT Expansion and Upgrading - 2
- Hospital Gardening
- Aluminum Works (New Physiotherapy, Ticket Counter, ER Night Reception, ICU, Cathlab, Stairs, Laboratory, Store, Account, HR Office, Blood Bank, Administration Unit)
- Electricity Works (Cathlab, Physiotherapy, Blood Bank, Laboratory, Account, Generator System, NEHCO, Main Gate)
- Plumbing Works (Blood Bank, Laboratory, Cathlab, Old Physiotherapy, Basement Nearby Lift, Solar System Management.

- Furniture (Laboratory, Blood Bank, Cathlab)
- Curtain ( Blood Bank, Cathlab, ICU, ER)
- Oxygen Central Supply Extension (Medicine, Post Op, ICU Isolation, Cathlab, Gyno/Nursery)
- NICU/PICU, ER

## जनशक्ति/मानव संसाधन (Human Resources):-

यस अस्पतालमा हाल तल उल्लेखित विवरणको संख्यामा जनशक्ति कार्यरत छन् ।

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| | विशेषज्ञ चिकित्सक | ४१ |
| | भिजिटिङ्ग कन्सल्टेन्ट (EHS) | ७ |
| | मेडिकल अधिकृत | २३ |
| | नर्सिङ्ग | ११५ |
| | प्यारामेडिक्स | ५३ |
| | प्रशासनिक | ४९ |
| | सेक्यूरीटी | १३ |
| | एटेण्डर/क्लिनर | ७० |
| **जम्मा** | | **३७१** |

यस अस्पतालले स्वास्थ्य सेवालाई आवश्यकता अनुसार थप गुणस्रीय सेवा विस्तार गर्दै जाने लक्ष्य अनुरुप विभिन्न तहका मानव संसाधन तालिम एवं भौतिक पूर्वाधारको विस्तार गर्दै लग्ने क्रममा अस्पतालमा कार्यरत चिकित्सक लगायत अन्य प्राविधिक तथा प्रशासनिक कर्मचारीहरुका लागि विभिन्न विषयमा विशेष तालिमको लागि स्वदेश तथा विदेशमा पठाइएको थियो भने विभिन्न विषयमा राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरको सेमिनार/गोष्ठीमा पनि चिकित्सकहरु, नर्सिङ्ग तथा प्यारामेडिक्सहरुको सहभागिता जनाइएको थियो । अस्पतालको सेवा सुविधा र विस्तारमा सहयोग पुऱ्याउनका लागि बिभिन्न देशहरुसँग आपसी सम्बन्ध र समन्वयात्मक भूमिका निर्माण गर्न यस अस्पतालका प्रबन्ध निर्देशक लगायत सञ्चालक समितिका पदाधिकारीहरु भारत, ताइवान तथा चीन भ्रमण गरी दौत्य सम्झौता गरि सकिएको छ ।

यस अस्पतालको EIA प्रतिवेदन नेपाल सरकारबाट स्वीकृत (मिति २०७४/०१/२८) भई सकेको छ । नेपाल सरकार स्वास्थ्य मन्त्रालय अन्तर्गत स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्वन्धि काम पनि विधिवत रुपमा मिति २०७४/१०/२९ मा दर्ता भई सकेको छ । यस अस्पतालमा HMIHSरिपोर्टिङ्ग सिष्टम अनलाइनबाट सुरु गरि सकिएको छ । ज्ञान र शिपलाई समय सापेक्ष चुस्त र दुरुस्त बनाउन

यस अस्पतालमा नियमित रुपले विभिन्न विषयमा तालिम एवं अन्तरक्रिया कार्यक्रमको आयोजना गरिदै आइरहेको छ । यस अस्पतालमा स्वास्थ्य सेवा लिन आउनु हुने विरामी तथा विरामीको कुरुवाहरुलाई केन्द्रित गरी यस अस्पतालको परिसर भित्र विभिन्न स्थानमा शिखर इन्सुरेन्सको सहयोगमा टेलिभिजन जडान गरी सञ्चालनमा आएको छ । यसै गरी यस अस्पतालमा सेवा लिन आउने र सेवा दिने सबैलाई सर्व सुलभ, सरल र सुरक्षित बैकिङ्ग सेवा सुविधा उपलब्ध गराउनको लागि एनआइसि एसिया बैंकसंग सम्झौता गरी एटिएम मेसिन, पोस मेसिन, एक्स्टेन्सन काउन्टरको व्यवस्थापनको काम सुरु गरि सकिएको छ । हालै शिखर इन्सुरेन्सको सौजन्य र नेपाल सरकारको राजश्व छुटमा एक नयाँ अत्याधुनिक उपकारण जडिट टाटा सुमो एम्बुलेन्स संचालनमा छ ।

## शैक्षिक गतिविधि (Educational Activities)

यस अस्पतालमा आधारभूत स्वास्थ्य सेवा बाहेक चिकित्सक तथा Paramedics हरुको ज्ञान सिप तथा knowledge up to date राख्नका लागि विभिन्न किसिम्को शैक्षिक गतिविधि तथा तालिको व्यवस्था गरि आइरहेको छ ।

क. Central America Health Science University (CAHSU) अन्तरगत Belize Medical College सँग MOU गरि त्यहाँबाट तेस्रो वर्षका ३३ जना Medical students हरुलाई Clerkship तालिम दिई रहेको छ ।

ख. पाकिस्तानको College of Physician and Surgeon, (CPSP) बाट Accreditation प्राप्त गरि २०७५ देखि ४ जना Surgeon मा र ४ जना Medicine मा II Phase को Resident FCPS Program सञ्चालन हुँदै आइरहेको छ ।

ग. Taiwan को Tri Service General Hospital १२०० सैयाको अस्पतालसंग २०७४ देखि MOU गरि Short/Long term medical training तथा Consultant Exchange Program भई रहेका छ ।

घ. America को SaltlakeUtah University सँग २०७२ देखि MOU गरि त्यहाँको Physician Assistant र हाम्रो College को H.Akoshort term exchange program भई रहेको छ ।

ङ. विभिन्न देशका Pre Medical तथा Medical student हरुलाई Short term observation Internship को लागि पनि enroll गरि रहेका छौं । जस्तै Netherland, Sweden, France, Poland)

च. विभिन्न कलेज तथा Institute बाट आउने स्वदेशी Paramedical विद्यार्थीहरु लाई पनि OJT,Research Activities तथा short term Internship को व्यवस्था पनि गरि आई रहेका छौं ।

छ. Netherland को W. F. W. Foundation बाट आउने Gynecologist तथा Paramedical हरुबाट Health camp, CME तथा POP Surgery Demonstration तथा MMTHGynecologist हरुलाई तालिम दिने व्यवस्था गरिएको छ ।

ज. यस अस्पतालले चिकित्सक Paramedical Nursing Knowledge upgrade गर्नका लागि महिनाको एक पटक Guest Lecture र हरेक हप्ता CME, short term Training eg. H.B.T CPRको व्यवस्था पनि गरिएको छ ।

## नेपाल सरकारबाट स्वीकृत कार्यक्रमहरू

१. सुरक्षित गर्वपतन- स्वास्थ्य सेवा विभाग - २०७६/०२/१७

२. स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था सुरक्षा कार्यक्रम- स्वास्थ्य मन्त्रालय - २०७४/१०/२९

३. खोप कार्यक्रम- जिल्ला जनस्वास्थ्य काठमाडौं - २०७४/०७/२६

४. क्षयरोग उपचार सेवा- जिल्ला जनस्वास्थ्य काठमाडौं - २०७४/१०/०२

५. आमा सूरक्षा कार्यक्रम -स्वास्थ्य सेवा विभाग - २०७५/०७/०७

६. रक्तसंचार सेवा - -स्वास्थ्य सेवा विभाग, नेपाल रेडक्रस सोसाइटी - २०७५/१२/१८

७. स्वास्थ्य परिक्षण - श्रम मन्त्रालय - २०७६/०२/२७

८. परिवार नियोजन - जिल्ला जनस्वास्थ्य काठमाडौं - २०७४/०९/१०

९. नाभिमलम कार्यक्रम - जिल्ला जनस्वास्थ्य काठमाडौं - २०७४/१०/१५

१०. ल्याव वर्गिकरण - राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला - २०७६/०१/०३

११. ल्याव परिक्षण गुणस्तर - राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला - २०७५ चैत्र

१२. मनमोहन फार्मेशी - औषधी व्यवस्था विभाग - २०७४/११/१६

१३. एम्बुलेन्स - स्वास्थ्य मन्त्रालय, जनस्वास्थ्य - २०७६/०२/१९

## भावी योजना (Future Plan) :-

क) यस अस्पतालले आफ्ना सेवा सुविधाहरु बिकास एवं विस्तार कार्यक्रमका लागि आगामी बर्षहरुका लागि तपशिलमा उल्लेखित कार्यक्रमहरु सञ्चालन गर्ने लक्ष्य लिएको छ :-

- Establishment of Sub Specialty Cardiology Center/CCU, Cathlab
- Expansion with well equipped set up of Nephrology/Dialysis Center
- Establishment of NICU/PICU Center
- New Ambulance Services
- Neurosurgery Services - Rehabilitation Center
- Imaging Center Facilities - MRI
- 100 bedded Urology/Nephrology Center
- Upgrading Dental Department with all facility

- Lifestyle Clinic/Alternative Medicine
- Drugs and Therapeutics Clinic
- ECHS-01 Program for Ex-Servicemen with Indian Embassy
- Provision of  New Boring
- Infertility and Well Baby Clinic
- Ophthalmology Clinic/Ophthalmologist
- Upgrading and Expansion of Library
- New Software
- 100 Bedded Cancer Center
- Hematology Unit
- Hospital West Wing Lift
- Rod Management/Roof Top

**निःशुल्क स्वास्थ्य शिविरः-**

यस आर्थिक वर्षमा नियमित रुपमा विशेषज्ञ चिकित्सक सहित पेट रोग, सामान्य चिकित्सा, सामान्य शल्यचिकित्सा, स्त्री तथा प्रसुती, बालरोग, नाक, कान, घाँटी र नसा एवं हाडजोर्नी रोग सम्वन्धि निःशुल्क स्वास्थ्य शिविर संखुवासभा, धादिङ्ग, रामेछाप, रौतहट, काठमाडौं, रसुवा, नुवाकोट, जनकपुर  लगायतका जिल्लाहरुमा २६ केन्द्रमा सु-सम्पन्न गरि सकेको छ। उक्त निःशुल्क शिविरहरुबाट करिब ९,००० जनाले स्वास्थ्य सेवा पाई लाभान्वित भएका छन्। विरामीहरुको सेवालाई मध्यनजर राखि यस अस्पतालमा नेपाल सरकारद्वारा स्वीकृती लिई ब्लड बैंक २०७६ बैशाख १३ गतेबाट संचालनमा छ। उक्त ब्लड बैंकको प्रभावकारिताका लागि हालसम्म पाँच स्थानमा रक्तदान कार्यक्रम समेत सम्पन्न गरिसकेको छ।

**अस्पतालको आम्दानी र खर्चः-**

यस आर्थिक वर्षको (२०७५/०४/०१ देखि २०७५/१२/३२ सम्म) अस्पताल सेवा मार्फत आम्दानी कूल जम्मा रु. १५,६१,८९,५९६.२२ गरिएको छ भने खर्च तर्फ अस्पताल संचालन एवं विकास र विस्तारका लागि गरी कूल जम्मा रु.११,३९,००,८३३/- (Software System) र अन्य विविध कारणले कतिपय खर्चका विवरण थप हुन बाँकी छ) हुन आएको छ। विगतको माथि उल्लेखित समयावधी सित तुलनात्मक अध्ययन गर्दा यस वर्ष २८.६६ प्रतिशतले आम्दानी वृद्धि भएको देखिन्छ। अर्को तर्फ खर्चमा २१.२९ प्रतिशतले मात्र बढि भएको देखिन्छ। अति विपन्न वर्ग साहयता कोष मार्फत उक्त अवधिमा करिव २,४३,१०८/- रुपैया भुक्तानी गरेको देखिन्छ भने सहुलियतमा रु. ४५,३४,८०९/- छुट दिइएको छ।

चिकित्सक, नर्सिङ्ग, प्राविधिक, प्रशासनिक कर्मचारी लगायत सम्पूर्ण कर्मचारीहरुलाई कार्यकुशलता, अनुभव, तालिम, शैक्षिक योग्यताको आधारमा अस्पतालका बिभिन्न बिभागमा स्थानान्तरण गरी थप कार्यको

जिम्मेवारी दिई, अस्पतालको सेवामा थप विस्तार गरी, समय सापेक्ष अत्याधुनिक औजार उपकरण थप गर्नुका साथै आम्दानीका श्रोतहरुको खोजी गरी कार्यान्वयनमा ल्याईएको र खर्च कटौतीका माध्यमलाई प्रभावकारी बनाईएको कारणले गत आर्थिक बर्षमा भन्दा यस आर्थिक बर्षमा आम्दानीमा बृद्धि भई खर्च कम भएको देखिन आएको छ। जसको कारणले यस अस्पताल विस्तारै विभिन्न विभागमा विशेषज्ञ सेवा उपलब्ध गराउँदै आत्मनिर्भरता तर्फ अग्रसर हुँदै गएको छ।

**अस्पतालसागको सहकार्य (Our Partners):-**

स्वास्थ्य सेवालाई गुणस्तरिय, सर्वसुलभ र सरल उपलब्ध बनाउनका खातिर तल उल्लेखित स्वदेशी एवं विदेशी संघसंस्थासँग यस अस्पतालले सहकार्य गरेको छ।

**National Organization:**

1. Department of Health Services
2. Nepal Red Cross Society
3. B.P. Koirala Memorial Cancer Hospital, Bhartpur, Chitwan
4. PHECT Nepal, Model Hospital, Kathmandu
5. Sahid Gangalal Hospital, Basbari, Kathmandu
6. Annapurna Neuro Hospital, Maitighar, Kathmandu
7. Nepal Grameen Bikash Bank. Ltd.
8. Snow Manjushree School
9. Maha Manjushree School
10. Nepal Auto Mechanics Trade Union (NATU)
11. Blue Cross Diagnosis Centre
12. Nobel College
13. Kimdol Tamang Sewa Pelma Samaj
14. Aakriti Multipurpose Saving & Credit Cooperative Ltd.
15. Nyangur School
16. Capital Secondary School
17. Greenfield Education Foundation
18. Nyayik Sansar
19. Araniko Society
20. Birsena National Secondary School

21. Peace Nepal Medical Services
22. Nepal Electronic Technicians Association
23. Dibya Dharsan Television, Dhading
24. Modern Technical College
25. Sooriya Diagnostic Pvt. Ltd.
26. Sedae Kanlyankari Trust
27. NiC Asia Bank Ltd.
28. Sunrise Bank Ltd.
29. Synergy Medisales Pvt. Ltd.
30. Green Global International Pvt. Ltd.
31. Benchen Monastery
32. Mercy Now
33. Jyoti Academic
34. Nagaarjun Khabar Patrika
35. Mate's Education Pvt. Ltd.
36. National Urology Center

**International Relation With Different Organization:**

1. University Of Utah, USA
2. Women For Women Foundation, Netherland
3. Central America Health Sciences University, (CAHSU), Belize Medical College
4. Taiwan Health Crops, Taiwan
5. Tri-General Hospital, Taiwan
6. Tai ANTCM Teaching Hospital, China
7. College Of Physicians And Surgeons Pakistan (CPSP Program)
8. Global Health Pvt. Ltd. India (Medanta Hospital)
9. MSC International FZC Medical Services Company

10. Hainan Fayafaya Investment Ltd. China
11. Department Of Cell And Molecular Biology, Uppsala University, Sweden
12. IMANA Medical Relief, USA
13. The Himalayan Drug Company, India
14. China Qiqihar Medical University, China
15. Chengdu AIDI Eye Hospital, China

**सहयोग तथा धन्यवादः-**

गुणस्तरिय तथा सुलभ स्वास्थ्य सेवालाई नै प्राथमिकतामा राखेर यस अस्पताललाई सेयर सदस्य, समाज सेवी, विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थाको सदभाव, सहयोग र योगदान निरन्तर रुपमा प्राप्त भई राखेको छ। जसको फलस्वरुप आज अस्पताल यो उचाइमा पुगेको छ। यस अस्पतालमा कार्यरत चिकित्सक, नर्सिङ्ग, प्यारामेडिक्स लगायत अन्य कर्मचारी, स्वयम् सेवक विद्यार्थीहरु पनि विरामीहरुको सेवामा निष्ठावान भई कार्य गर्दै आएका छन । यसरी यस अस्पतालको संचालन, विकास र विस्तारमा प्रत्यक्ष एवं परोक्ष रुपमा योगदान पुऱ्याउनु हुने सेयर सदस्यहरु, संघसंस्था, कर्मचारीहरु, समाजसेवी एवं सहयोगी महानुभावहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु। अहिले स्वास्थ्य सेवाको अवस्थमा अझै पनि धेरै कार्यहरु गर्नु पर्ने तथ्यलाई मध्य नजर गरी आगामी दिनहरुमा पनि अस्पतालको विकास र विस्तारमा सबैको अमूल्य सहयोग तथा सुझाव जारीनै रहने छ भन्ने आशा एवं विस्वास यस अस्पताल परिवारले राखेको छ।

शेयर सदस्यहरूलाई मनमोहन मेमोरियल शिक्षण अस्पतालमा दिईने सहुलियत सम्बन्धी नीति पेज नं. ........ मा उल्लेख गरिएको छ।

**घ) मनमोहन अधिकारी सहकारी विश्वविद्यालय**

नेपालमा जनताहरुलाई सहकारीमा संगठित गरी कृषि तथा अन्य व्यवसायिक कार्यमा जनतालाई लगाउने उद्धेश्यले सहकारी कार्यक्रमको शुरूवात गर्ने निर्णय सरकारले २०१० सालमा गरेको भएतापनि २०१३ सालदेखि सहकारी संस्थाको जन्म भएको हो ।२०४६ सालको राजनैतिक परीवर्तन अगाडी सम्म यो राम्रोसँग फस्टाउन सकेन । २०४६ सालको जनआन्दोलन पछिमात्र सहकारीले आफ्नो भूमिकालाई अगाडि बढाउने मौका पायो । २०४८ सालमा सहकारी ऐन बनेपछि नेपालका सहकारीहरूले आफ्नो क्षमतालाई पुरापुर उपयोग गरि फस्टाउने मौका पाएका छन् ।२०७४ आषाढ मसान्त सम्ममा मुलुकमा ३४,५१२ प्रारम्भिक सहकारी संस्थाहरू, २० वटा विषयगत केन्द्रीय संघहरू, १ वटा राष्ट्रिय सहकारी बैंक, १ वटा राष्ट्रिय सहकारी महासंघ, ६९ वटा जिल्ला सहकारी संघ र २४१ वटा विषयगत जिल्ला सहकारी संघहरू क्रियाशील रहेका छन् । यी संघसंस्थाहरूमा करिब ६३,०५,५८१ सदस्यहरू आबद्ध रहेका छन् भने कुल सदस्यहरूमध्ये महिला सदस्य संख्या ३२,१३,५१४ रहेको छ । नेपालमा महिलाहरूद्वारा मात्र सञ्चालित ३,६०० भन्दा बढी सहकारी संस्थाहरू क्रियाशील छन् । सहकारी क्षेत्रबाट वार्षिक करिब रु. ५ खर्बको आर्थिक कारोबार हुने गरेको अनुमान गरिएको छ । कुल वित्तीय कारोबारमा सहकारीको हिस्सा

१८ प्रतिशत भन्दा बढी रहेको छ । सहकारी संस्थाहरूको कुल शेयर पुंजी रु. ७३ अर्ब सत्र करोड ८७ लाख १५ हजार , संकलित बचत निक्षेप रकम रु. ३ खर्ब २ अर्ब १६ करोड ४५ लाख १३ हजार र लगानी रु. रु खर्व ७३ अर्ब भन्दा माथि रहेको छ । सहकारी क्षेत्रले मुलुकको कुल गार्हस्थ उत्पादनमा ५ प्रतिशत योगदान पुऱ्याएको अनुमान छ । सहकारी संघ संस्थाहरूमा ६० हजारभन्दा बढी नेपाली नागरिकले प्रत्यक्ष रोजगारी र अप्रत्यक्ष रोजगारी १० लाखले प्राप्त गरेका छन् । महिला, आदिवासी/जनजाति, दलित, मधेसी, मुस्लिमलगायत पिछडिएको वर्ग र क्षेत्रका समुदायको सहकारीमा पहुँच बढ्न गएकोले जनसहभागितामा समेत उल्लेखनीय वृद्धि भएको छ । राज्य र निजी क्षेत्रको पहुँच नपुगेका क्षेत्र तथा समुदायमा समेत सहकारिताको माध्यमबाट उद्यमशिलताको विकास हुन थालेको छ ।

तर आजसम्म सहकारी सम्बन्धी पाठ्यक्रमहरू सिन्धुपाल्चोक र दोलखाका केहि उ.मा.वि.मा बाहेक अन्य विद्यालयमा लागु गर्न सकिएको छैन ।आजसम्म कुनै पनि विश्वविद्यालयमा सहकारी शिक्षा दिईदैन भने सहकारीको माध्यमबाट शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने विश्वविद्यालयहरू पनि स्थापना भएका छैनन् । यसै विषयलाई ध्यानमा राखि श्रद्धेय नेता मनमोहन अधिकारीको स्मृतिमा धादिङ जिल्लाको धुनिवेशी न.पा. वार्ड नं. २ र ३ मा मनमोहन अधिकारी सहकारी विश्वविद्यालय स्थापना गर्ने कार्यका लागि संस्थाले जमिन खरिद गरेको छ भने विश्वविद्यालय स्थापनाको लागि आवश्यक विधेयक तथा प्रस्ताव (Proposal) तयार गरी नेपाल सरकार, शिक्षा मन्त्रालयमा २०६६ सालमा नै दर्ता भएको र शिक्षा मन्त्रालयले विश्वविद्यालय अनुदान आयोगलाई यस कार्यको राय पेश गर्न जिम्मेवारी दिएकोमा उक्त आयोगले प्रस्तावित मनमोहन अधिकारी सहकारी विश्वविद्यालय स्थापना गर्ने प्रयोजनका लागि आवश्यक भौतिक, आर्थिक र शैक्षिक पूर्वाधारको अवस्था सम्बन्धी सम्भाव्यता अध्ययन गरी यथार्थ अवस्था पहिचानका आधारमा राय प्रस्तुत गर्न ०६९ जेष्ठ २७ गते सम्भाव्यता अध्ययन टोली गठन गरेको र सो टोलीले दिएको राय, सुझावका आधारमा **"मनमोहन अधिकारी सहकारी विश्वविद्यालय सञ्चालन गर्न नेपाल स्वास्थ्य सेवा सहकारी संस्था सक्षम छ"** भनि विश्वविद्यालय अनुदान आयोगले आफ्नो राय सहित २०६९ साल चैत्र २३ गते शिक्षा मन्त्रालयमा सिफारिस गरिसकेको छ। धादिङ्ग जिल्ला साविक जीवनपुर गा.वि.स. वडा नं. ६ हाल धुनिवेशी न.पा. वार्ड नं. ३ का सेढाईं बन्धुहरूको पैतृक सम्पत्तिको रूपमा रहेको २५ रोपनी जमिन विश्वविद्यालयका लागि निःशुल्क रजिष्ट्रेशन गरिदिई सक्नु भएको छ भने संस्थाले १६७ रोपनी जमिन खरिद गरिसकेको छ । विश्वविद्यालय सञ्चालनका लागि विश्वविद्यालय अनुदान आयोगद्वारा तोकिएको मापदण्ड अनुसार पुऱ्याउनु पर्ने थप १३३ रोपनी जमिन नेपाल सरकारसँग लीजमा लिई विश्वविद्यालय स्थापना गर्ने तयारी भई रहेको छ ।

### ङ) मनमोहन मेमोरियल आर्युवेदिक मेडिकल कलेज(BAMS)

यस शैक्षिक सत्र देखि नेपाल संस्कृत विश्वविद्यालयबाट सम्बन्धन लिई स्नातक तहमा आयुर्वेदिक मेडिकल कलेज सञ्चालन गर्नको लागि धादिङ जिल्लाको धुनिवेशी नगरपालिका वडा नं. ३, भोटडाँडामा रहेको जग्गामा भवन निर्माण कार्य भैरहेको छ । यस कार्यका लागि सम्बन्धित निकायबाट मनसाय पत्र (LOI) प्राप्त गरी सम्बन्धन सम्बन्धी कार्य अघि बढिरहेको छ। यस वर्ष ४० जना विद्यार्थीहरु उक्त कलेजमा पठनपाठन गराईने लक्ष्य छ ।

## Manmohan Memorial Community Hospital
Lekhnathmarg, Thamel, Kathmandu
Yearly/Monthly Progress Report

| Month | Admision | | Out patient | | OPD | | ER | | PHYSIO | | OT | | LAB | | X-RAY | | USG | | ECHO | | ENDOSCOPY | | ONCOLOGY | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Year | 2074 | 2075 | 2074 | 2075 | 2074 | 2075 | 2074 | 2075 | 2074 | 2075 | 2074 | 2075 | 2074 | 2075 | 2074 | 2075 | 2074 | 2075 | 2074 | 2075 | 2074 | 2075 | 2074 | 2075 |
| Baishakh | 166 | 143 | 181 | 143 | 1900 | 2126 | 186 | 421 | 186 | 154 | 38 | 56 | 2200 | 1445 | 770 | 882 | 11 | 394 | 296 | 26 | 49 | 54 | 14 | 22 |
| Jestha | 208 | 143 | 206 | 141 | 2350 | 2349 | 271 | 355 | 271 | 245 | 74 | 47 | 2140 | 1580 | 943 | 952 | 35 | 499 | 422 | 41 | 61 | 56 | 16 | 34 |
| Ashadh | 185 | 113 | 191 | 112 | 2027 | 2029 | 341 | 465 | 199 | 156 | 67 | 54 | 1457 | 1857 | 794 | 252 | 444 | 212 | 19 | 69 | 44 | 11 | 14 | 19 |
| Shravan | 180 | 128 | 177 | 128 | 2246 | 2099 | 352 | 375 | 241 | 146 | 67 | 67 | 1335 | 1945 | 820 | 775 | 471 | 417 | 31 | 30 | 40 | 61 | 8 | 19 |
| Bhadra | 191 | 127 | 187 | 132 | 2081 | 1995 | 329 | 291 | 245 | 148 | 48 | 48 | 1204 | 1901 | 859 | 740 | 428 | 342 | 25 | 22 | 38 | 40 | 9 | 18 |
| Aaswin | 144 | 118 | 144 | 136 | 1637 | 1852 | 265 | 225 | 241 | 119 | 33 | 33 | 1134 | 1728 | 773 | 575 | 319 | 253 | 14 | 15 | 28 | 30 | 13 | 28 |
| Kartik | 134 | 136 | 140 | 114 | 1715 | 1408 | 262 | 328 | 185 | 175 | 33 | 40 | 1236 | 1093 | 739 | 662 | 334 | 335 | 26 | 21 | 22 | 26 | 18 | 13 |
| Mangsir | 101 | 136 | 101 | 131 | 1631 | 1592 | 278 | 278 | 135 | 208 | 33 | 49 | 1123 | 1080 | 630 | 627 | 272 | 293 | 17 | 26 | 32 | 30 | 9 | 15 |
| Paush | 138 | 128 | 138 | 127 | 1941 | 1672 | 303 | 268 | 134 | 170 | 35 | 40 | 1341 | 1214 | 800 | 685 | 375 | 247 | 21 | 22 | 42 | 28 | 10 | 18 |
| Magh | 139 | 122 | 118 | 128 | 1816 | 1657 | 206 | 290 | 183 | 156 | 52 | 40 | 1275 | 1201 | 788 | 662 | 321 | 269 | 34 | 29 | 27 | 29 | 14 | 13 |
| Falgun | 172 | | 96 | | 2219 | | 302 | | 155 | | 60 | | 1430 | | 905 | | 427 | | 28 | | 40 | | 17 | |
| Chaitra | 164 | | 163 | | 2100 | | 320 | | 160 | | 58 | | 1440 | | 788 | | 448 | | 39 | | 32 | | 22 | |

| Months | Delivery Conducted | | | | | | | | | | | | Death | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Live birth. | | | | Still birth. | | | | IUFD. | | | | | | | |
| | Normal | | C/S | | Normal | | C/S | | Normal | | C/S | | (-48hrs) | | (+48hrs) | |
| | 2074 | 2075 | 2074 | 2075 | 2074 | 2075 | 2074 | 2075 | 2074 | 2075 | 2074 | 2075 | 2074 | 2075 | 2074 | 2075 |
| Baishak | 5 | 9 | 8 | 9 | - | - | - | - | - | - | - | - | - | 2 | - | 10 |
| Jestha | 2 | 10 | 11 | 8 | - | - | - | - | - | - | - | - | 2 | - | 5 | - |
| Aashad | 5 | 10 | 10 | 11 | - | - | - | - | - | - | - | - | 0 | 3 | 3 | 2 |
| Sharwa | 10 | 11 | 13 | 9 | - | - | - | - | - | - | - | - | 4 | 4 | 5 | 2 |
| Bhadra | 7 | 6 | 14 | 19 | - | - | - | - | - | - | - | - | 2 | 1 | 3 | 3 |
| Ashwin | 9 | 3 | 13 | 10 | - | - | - | - | - | - | - | - | 1 | - | 3 | 4 |
| Kartik | 16 | 5 | 11 | 11 | - | - | - | - | - | - | - | - | 2 | 4 | 5 | 11 |
| Mangsi | 8 | 6 | 8 | 14 | - | - | - | - | - | - | - | - | 4 | 0 | 2 | 4 |
| Poush | 9 | 3 | 12 | 3 | - | - | - | - | - | - | - | - | 3 | 3 | 3 | 5 |
| Magh | 7 | 9 | 4 | 11 | - | | - | - | - | - | - | - | 2 | 3 | 10 | 10 |
| Falgun | 6 | | 6 | | - | | - | | - | | - | | 0 | | 4 | |
| Chaitra | 5 | | 5 | | - | | - | | - | | - | | 2 | | 5 | |
| rand Tot | 89 | 72 | 115 | 105 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 22 | 20 | 48 | 51 |

Data Source:Medical Record Dept.

### च) अन्तर्राष्ट्रिय सम्बन्ध र सहकार्य

१. नेपाल स्वास्थ्य सेवा सहकारी संस्था लि. कै सदस्यहरु मात्र रहने गरी स्थापना भएको गैर सरकारी संस्था **मनमोहन मेमोरियल स्वास्थ्य प्रतिष्ठान**सँग मनमोहन मेमोरियल शिक्षण अस्पतालमा अन्तर्राष्ट्रिय स्तरको सेवा प्रदान गर्न र संस्थाको प्राविधिक जनशक्तिलाई अन्तर्राष्ट्रिय तालिम प्रदान गर्न Republic of China सँग ५ वर्षका लागि MoU भएको छ ।

२. संस्थाको USA को Salt Lake City Utah मा रहेको Univercity of Utah सँग सम्बन्ध भई सन् २०१४ को मार्च २१ देखि २८ सम्म Utah स्थित Univercity मा संस्थाका सचिव डा. रामकुमार अधिकारी र तात्कालिन अस्पताल निर्देशक डा. रामप्रसाद श्रेष्ठले भ्रमण गरी यस संस्थामा Physician Assistant(PA)Education Programmeशुरु गर्ने गरीUtah University का प्रोफेसरहरु Kathy JanePederson/Donald Pederson को विशेष प्रयत्नमा सन् २०१४ को मे ११ मा MoU मा हस्ताक्षर भएको थियो ।

३. Health oppertunity for People Everywhere (Hope) USA संस्थासँग यस संस्थाले सम्बन्ध गाँसेको छ । नर्स भोलिन्टियरMs. Mauren O' Reithy ले सन २०१५ को नोभेम्बर २ देखि जनवरी ३२, २०१६ सम्म सेवा दिनु भएको थियो । उक्त संस्थासँग सन् २०१५ अप्रिलमा MoU मा हस्ताक्षर भई भोलिन्टियर सहयोग गर्ने कार्य भईरहेको छ ।

४. Italy को Intermed Onlus, Internatioal Health Cooperation संस्थाले यस संस्थालाई २०१५ अप्रिलमा छालाको उपचारका लागि अति उपयोगि Ozone Therapy सम्बन्धि उपकरण हस्तान्तरण समेत गरेको छ । जुन मेशिनबाट उपचार सेवा सञ्चालन भई रहेको छ ।

### छ) क्षेत्रीय सामुदायिक अस्पताल स्थापनाका सम्बन्धमा :

मिति २०६६ कार्तिक १४-२२ गते सम्म का.म.पा.-१५, स्वयम्भू स्थित आफ्नै जमिनमा महायज्ञ सञ्चालन गर्दा ५ विकास क्षेत्रमा १/१ वटा १५ शैय्याको क्षेत्रीय अस्पताल स्थापना गर्ने हाम्रो आह्वानलाई अनुसरण गर्दै मध्यमाञ्चलको लालबन्दीमा महायज्ञको माध्यमबाट १० बिगाहा जमिन र १० करोड रूपैयाँ बोल कबोल भएको विषयलाई आधार मानि मनमोहन मेमोरियल मध्यमाञ्चल क्षेत्रीय अस्पताल भवन निर्माण कार्य समेत शुरू भए पनि ४ वर्ष देखि त्यसको खासै प्रगति हुन सकेको छैन ।

देशका अन्य विकास क्षेत्रहरूमध्ये पूर्वाञ्चलको झापा जिल्ला विर्तामोड बजारमा भवन भाडामा लिई ०६९ मंसिर १४ गते देखि १०० शैय्याको मनमोहन मेमोरियल पूर्वाञ्चल क्षेत्रीय सामुदायिक अस्पताल सञ्चालन गर्ने काम भईसकेको छ । झापा जिल्लाको साविक चारपाने गा.वि.स., वडानं. ६ हाल विर्तामोड न.पा. मा केही दाताहरूबाट दान स्वरुप प्राप्त ३ विगाहा जमिनमा अस्पताल शुरू भएकै दिन शैक्षिक भवन निर्माणका लागि पूर्वप्रधानमन्त्री तथा नेकपा (एमाले)का अध्यक्ष झलनाथ खनाल तथा पूर्व गृहमन्त्री तथा नेपाली कांग्रेसका महामन्त्री कृष्णप्रसाद सिटौला र संस्थाका अध्यक्ष राजेन्द्रप्रसाद पाण्डेबाट संयुक्त शिलान्यास भई २ तले भव्य भवन निर्माण समेत भई सकेको छ । क्षेत्रीय अस्पतालहरूको समन्वयका लागि क्षेत्रीय अस्पताल समन्वय समिति गठन गरिएको छ ।

**ज) अति विपन्न वर्ग सहायता कोष :**

श्रद्धेय नेता मनमोहन अधिकारीका योगदानहरूलाई चीरस्थायी बनाउन उहाँकै नाममा सञ्चालित यो संस्थाले समाज, जनता र राज्यप्रतिको दायित्व बोध गर्दै अति विपन्न वर्गका बिरामीहरूको उपचार र अति विपन्न वर्गका विद्यार्थीका लागि ऋण सहायता कार्यक्रमका लागि संस्थाको मिति २०६७/११/१८ गतेको निर्णय अनुसार कोष स्थापना गरेको छ। सो कोषको लागि सिद्धार्थ बैंक, स्वयम्भूमा अति विपन्न वर्ग सहायता कोषको खाता नं. A/C No. 01915011468 सञ्चालन भईसकेको छ। यसै गरी मनमोहन मेमोरियल बचत तथा ऋण सहकारी संस्था लि. ठमेलमा अति विपन्न वर्ग सहायता कोष ०००१४७ र ९००००१ खाता सञ्चालन भएको छ। सो को लागि **अति विपन्न वर्ग सहायता कोष सञ्चालन निर्देशिका** तयार गरीजारी भईसकेको छ।

(निर्देशिका पेज नं. ..... मा उल्लेख छ।)

**झ)विशेष स्वास्थ्य शिविर :**

१. संस्थाको घोषित उद्देश्य अनुरूप देशका विभिन्न स्थानहरू दैलेखको सदरमुकाम चुप्रा बजार, सिन्धुपाल्चोकको पिस्कर, हुम्ला, दोलखा र धादिङको बेनीघाट (मलेखु), पीडा, छत्रेदेउराली, जोगिमारा र कटुञ्जे, स्याङजाको आरूचौर, नुवाकोटको विदुर,ललितपुरको किमचौर र लामाटार, ओखलढुङ्गाको रामपुर, चितवनको लोथर-दयौरालिटार, काभ्रेको दाप्चा, जाजरकोट, मकवानपुर, रामेछापको पकरवास र काठमाडौंको रामकोट, भिमढुङ्गा, नैकाप, वलम्वु, खोटाङको दिक्तेल, रसुवाको कालिका स्थान आदि स्थानहरूमा निःशुल्क स्वास्थ्य शिविरहरू सञ्चालन भइसकेका छन्।

२. UNFPA र HELP नेपालको सहयोगमा आङ खसेका महिलाहरूको पाठेघरको अप्रेशन विगत वर्ष झैं यस वर्ष पनि सम्पन्न भएको छ। जस अनुसार आजसम्म २०० जना महिलाले निशुल्क उपचार सेवा पाएका छन्।

३. यो वर्षको स्वास्थ्य शिविरको राख्ने।

४. दमका रोगीहरुका लागि प्रत्येक महिनाको दोश्रो मङ्गलबार Breathometre (पल्मोनरी फङ्सन टेष्ट)बाट निःशुल्क परीक्षण समेत गर्ने गरिएको छ।

५. मनमोहन मेमोरियल शिक्षण अस्पताल, स्वयम्भुले सामाजिक सेवाको दायित्वलाई पुरा गर्न अस्पतालका सेवा सुविधाको प्रचार प्रसार गर्न र अस्पताललाई समूदायमा परिचित गराउन निम्न मिति र स्थानमा स्वास्थ्य शिविर संचालन गरिएको थियो।

| क्र.सं. | मिति | स्थान | विषय | संख्या |
|---|---|---|---|---|
| १. | २०७३/०३/१८ | कर्मा स्यान्तेलिन गुम्बा, स्वयम्भू | सामान्य | ३३१ |
| २. | २०७३/०३/१८ | साँध भञ्ज्याङ्ग, ढोला, धादिङ | स्त्रीरोग | २२३ |
| ३. | २०७३/०५/१० | मनमोहन मेमोरियल शिक्षण अस्पताल, स्वयम्भू | थाइराइड र उच्च रक्तचाप | ११६ |

| | | | | |
|---|---|---|---|---|
| ४. | २०७३/०६/०१ | मोतिदेवी स्मृती भवन, भीमढुङ्गा, काठमाडौं | सामान्य | ८३ |
| ५. | २०७३/०६/०८ | स्यूचाटार वचत तथा ऋण सहकारी, स्यूचाटर | सामान्य | २७५ |
| ६. | २०७३/०६/१४ | घण्टाघर मस्जित, काठमाडौं | सामान्य | २२४ |
| ७. | २०७३/०७/०६ | जेष्ठ नागरिक महोत्सव, विराटनगर | सामान्य | १९५० |
| ७. | २०७३/०७/२९ | मनमोहन मेमोरियल शिक्षण अस्पताल,स्वयम्भू | मधुमेह | १४० |
| ८. २०७३/०८/१८ | | राष्ट्रिय सहकारी वैंक वार्षिक साधारण सभा, भृकृटी मण्डप, काठमाडौं | सामान्य | १२३ |
| १०. | २०७३/०८/२६ र २७ गते | नुवाकोट र रसुवाको (कालिकास्थान) मा | स्त्रीरोग | २४० |
| ११. | २०७३/०८/३० | मनमोहन मेमोरियल शिक्षण अस्पताल, स्वयम्भू | हार्डजोर्नी | १५० |
| १२. | २०७३/०९/०९ | टोखा स्कूल स्वास्थ्य कार्यक्रम, काठमाडौं | बालरोग | ४२ |
| १३ | २०७५/०२/१२ | खोटाङको सदरमुकाम दिक्तेलमा | सर्जरी, जनरल, गाइनो | १२०० |
| १४. | २०७५/०३/०८ | गजुरी गाउँपालिका वडा नं ५, च्याङ्ली | गाईनो, अर्थो र जनरल स्वास्थ्य जाँच | २०० |

संस्थाको पहिलो वार्षिक साधारण सभा भए देखि हाल सम्म जम्मा ३८९७ जनालाई स्वास्थ्य शिविर मार्फत सेवा दिइएको छ ।

**आदरणीय शेयर सदस्यज्यूहरू,**

शेयर मूल्य सम्बन्धी नीति, शेयरको हक हस्तान्तरणसम्बन्धी नीति, शेयर रकम फिर्ता सम्बन्धी नीति, व्यक्तिगत शेयर सदस्यले पाउने सहुलियत सम्बन्धी नीति, संस्थागत शेयर सदस्यले पाउने सहुलियत सम्बन्धी नीति, शेयर रकम चुक्ता सम्बन्धमा उल्लेख भएका नीतिगत प्रश्नहरुसम्बन्धी विषयमा १० औं वार्षिक साधारण सभाद्धारा पारित प्रतिवेदनमा उल्लेख भईसकेको हुँदा यस प्रतिवेदनमा उल्लेख गरिएन ।शेयर सम्बन्धी अन्य विषयमा निम्न प्रस्तावहरू प्रस्तुत गर्न चाहन्छु ।

## नेकोका शेयर सदस्यहरूलाई दिईने सहुलियत सम्बन्धी नीति

शेयर सदस्यहरूको उपचार सहुलियत, शैक्षिक प्रोत्साहन, सहकारी गतिविधि अध्ययन भ्रमण र दिवंगत हुँदा दिईने सहयोगका लागि प्रत्येक वर्ष कम्तिमा रू. १०,००,०००।-(अक्षरेपी दश लाख रूपैयाँ मात्र) जम्मा गरि "**शेयर सदस्य सेवा कोष**" खडा गरिनेछ। सोही कोषबाट तल उल्लेखित विषयमा शेयर सदस्यहरूलाई सहुलियत उपलब्ध गराइनेछ।

१. शेयर सदस्यहरूलाई मृगौला प्रत्यारोपण, मुटुको भल्भ परिवर्तन, क्यान्सर र ब्रेन हेमोरेज जस्तो कडा रोग लागेमा रू.५०,०००।-(अक्षरुपि पचास हजार मात्र ।) वा शेयर सदस्यले संस्थामा लगानी गरेको रकमको १५% सम्म रकम सहयोग गरिनेछ।

२. शेयर सदस्य दुर्घटनामा परी अङ्गभङ्ग हुनेगरी घाईते भएमा दुर्घटनाको प्रकृति हेरि संस्थाले तोकेको अस्पतालमा उपचारका लागि बढिमा रू. २,००,०००।- (अक्षरेपी दुई लाख रूपैयाँ मात्र) सम्म उपचार खर्च दिईनेछ।

३. शेयर सदस्यको मृत्यु भएमा निजको परिवारलाई रू. १,००,०००।- (अक्षरेपी एक लाख) आर्थिक सहयोग दिईनेछ।(संस्थाको स्थापना कालदेखि हाल सम्म १५ जना सदस्यका परिवारले यो सुविधा लिईसक्नु भएको छ।)

४. शेयर सदस्यका छोराछोरीहरू मध्ये प्रत्येक वर्षको SEE परीक्षामा GPA 4.00 प्राप्त गर्ने एक छात्रा र एक छात्र गरी प्रत्येक वर्ष २ जनालाई शैक्षिक प्रोत्साहन स्वरूप रू. २५,०००।- (अक्षरेपी पच्चीस हजार रूपैयाँ मात्र।) का दरले सहयोग गरिनेछ। SEE को नतिजा प्रकाशित हुने बित्तिकै निर्धारित मापदण्ड पुगेका शेयर सदस्यहरुले शेयर शाखामा सम्पर्क गर्नुपर्नेछ।

५. मेडिकल कलेज सञ्चालनमा आएको दोश्रो वर्षदेखि लागु हुनेगरी प्रत्येक वर्ष १०० जना शेयर सदस्यहरूलाई सहकारीहरूको गतिविधि अध्ययनका लागि प्रति व्यक्ति रू. ५,०००।- दिई अध्ययन भ्रमणमा पठाईने निति बनाईएको छ।

## अस्पतालमा दिईने सहुलियत सम्बन्धी नीति

१) सामुदायिक अस्पतालको कूल शैय्याको ५% शैय्या ७५ वर्ष नाघेका जेष्ठ नागरिकलाई निःशुल्क उपचारको लागि व्यवस्था गरिएको छ। साथै सबै जेष्ठ नागरिक (७० वर्ष माथिका) लाई ICU बाहेक अन्य उपचार खर्चमा ५०%छुट दिईएको छ।

२) फार्मेसीबाट वितरण हुने औषधीहरूमा सबैका लागि ५% छुटको व्यवस्था मिलाईएको छ।

३) अस्पतालमा उपचार गराउँदा ओ.पि.डी. सेवा बाहेक सबै सेवामा शेयर सदस्य (श्रीमान/श्रीमती) लाई २५%, उहाँहरूका परिवारका सदस्यहरूलाई २०% छुट दिने व्यवस्था गरिएको छ। शेयर सदस्यज्यूहरूको परिवारको परिभाषा भित्र श्रीमान, श्रीमती, छोरा, बुहारी, अविवाहित छोरी र बुवा, आमा समेत र विवाहित महिलाको हकमा सासु, ससुरा समेतलाई समावेश गरिएको छ।

४) एउटै शेयर सदस्यले वर्ष दिन भरिमा १० लाख भन्दा बढी रकम खर्च गर्ने बिरामी अस्पतालमा ल्याएको भेटिएमा सबै भन्दा बढी बिरामी ल्याउने शेयर सदस्यहरूलाई पुरस्कार स्वरूप रू. १ लाखको शेयर दिइनेछ। यो शर्त गैर शेयर सदस्यहरुलाई समेत लागू हुनेछ।

५) शेयर सदस्यले वर्ष दिन भरिमा अस्पतालमा उपचारको सिलसिलामा रू. १ लाख भन्दा बढी तिरेको पाइएमा सो को १०% रकम सहित वार्षिक साधारणसभामा सम्मान गरिनेछ ।

६) शेयर सदस्यले सिफारिस गरेको बिरामीको उपचार सेवामा १०% छुट दिइनेछ ।

७) अस्पतालमा शेयर सदस्य र उनका परिवारले वर्षमा एकपटक पूर्ण स्वास्थ्य परीक्षण (Complete Health Check-up)गराउँदा लाग्ने रकममा ५०% छुट दिईनेछ ।

८) संस्थाले २०६६ कार्तिक १४-२२ गते सम्म अस्पताल भवन निर्माणार्थ सम्पन्न गरेको श्रीमद्भागवत ज्ञान महायज्ञमा उल्लेखनीय भूमिका निर्वाह गरेका स्वयंसेवकहरूलाई पनि ५ वर्षको लागि उपचार खर्चमा १५% छुटको व्यवस्था गरिएको छ । यसको लागि स्वयंसेवक भएको परिचय-पत्र संस्थाबाट लिनुपर्नेछ ।

९) का.म.पा.-१५, स्वयम्भूमा रहेको THRANGU TARA ABBEYगुम्बाका कार्य समितिका सम्पूर्ण सदस्यहरू र अध्ययनरत लामा विद्यार्थीहरूलाई स्वास्थ्य उपचारमा १५% छुटको व्यवस्था गरिएको छ ।

१०) नेको नेपाल र यस अर्न्तगतका संस्थाहरु (MMTH,MMIHS,MMCH)का कार्यरत शिक्षक, चिकित्सक, कर्मचारीलाई नेकोका शेयर सदस्य परिवार सरह अस्पतालमा स्वास्थ्य सुविधा दिईनेछ ।

११) शिक्षण अस्पतालमा कार्यरत अन्य कर्मचारीहरू (सुरक्षा गार्ड, एटेन्डेण्ट, क्लिनर र स्वयंसेवक) लाई पनि शेयर सदस्य परिवार सरह स्वास्थ्य सुविधा दिईनेछ ।

१२) शिक्षण अस्पतालमा जेष्ठ नागरिकहरूलाई उपचार सेवा दिने प्रयोजनका लागि विशेष सुविधा सहितको सेवा सञ्चालन गरिएको छ ।साथै जेष्ठ नागरिक (७० वर्ष पुरा गरेका) लाई ICU बाहेक सबै उपचार सेवामा २५% छुट र ८० वर्ष माथिका जेष्ठ नागरिकहरुलाई ICU बाहेकका सेवामा ५० % छुटको व्यवस्था गरिएको छ ।

१३) मनमोहन मेमोरियल ईन्ष्टिच्युट अफ हेल्थ साईन्सेस् (MMIHS) मा अध्ययनरत विद्यार्थीहरूलाई ओ. पि.डी. र फार्मेसी बाहेक अन्य उपचारमा २०% छुट दिने व्यवस्था गरिएको छ । यसका लागि सम्बन्धित विद्यार्थीले विद्यार्थी परिचय-पत्र अनिवार्य रूपमा पेश गर्नुपर्नेछ र विद्यार्थीहरुको अभिभावकहरुका लागि १०% र नेको अर्न्तगतका सम्पूर्ण कर्मचारीका परिवारलाई १५% उपचार सुविधा उपलब्ध गराइने छ ।

१४) नेको अर्न्तगतका संस्थामा कार्यरत कर्मचारी, चिकित्सक, शिक्षकहरु संस्थाको कामको सिलसिलामा दुर्घटना भै शिक्षण अस्पताल स्वयम्भूमा उपचार गराउँदा ४०% उपचारमा सुविधा र मृत्यू भएको अवस्थामा शेयर सदस्यले पाउने रकम बराबर क्षतिपूर्ति उपलब्ध गराईनेछ ।

**शेयर सदस्यहरुलाई मनमोहन मेमोरियल ईन्ष्टिच्युट अफ हेल्थ साईन्सेस्** (MMIHS) **मा दिईने सहुलियत सम्बन्धी नीति** :

१) शेयर सदस्यका छोराछोरीले MMIHS मा सञ्चालन गरिएका कोर्षहरू अध्ययन गरेमा मासिक शुल्कमा १५% छुट दिईनेछ ।

२) पूरा कोर्षको रकम भर्ना हुँदाकै बखत एकमुष्ट शुल्क तिरेमा शेयर सदस्यका परिवारलाई २०% छुट दिईनेछ ।साथै गैर-शेयर सदस्य परिवारलाई १०% सम्म छुट दिईनेछ ।

३) MMIHS मा कार्यरत शिक्षक तथा कर्मचारीहरूको परिवारका सदस्यले मासिक शुल्कमा १०% छुट पाउने व्यवस्था गरिएको छ ।

**शेयर सदस्यहरूलाई मनमोहन मेमोरियल शिक्षण अस्पतालमा दिईने सहुलियत सम्बन्धी नीति** :

१) शेयर सदस्यको श्रीमान/श्रीमती वा निजको छोराछोरीले प्रवेश परीक्षा (Entrance Exam) पास गरी MBBS पढ्ने अवसर प्राप्त गरेमा शुरूमा भर्ना गर्दा लाग्ने शुल्कमा १०% छुट दिईनेछ ।

२) मेडिकल कलेज शुरू भएपछि उक्त कलेजको आम्दानी मध्येबाट शेयर सदस्य परिवारका विद्यार्थीहरूलाई सहुलियत दिनका लागि **शेयर सदस्य परिवार छात्रवृत्ति कोष** खडा गरी सहुलियत दिने व्यवस्था गरिनेछ । सो कोषमा वार्षिक ५० लाख रकम विनियोजन गरिनेछ ।

**मनमोहन मेमोरियल सामुदायिक अस्पताल सञ्चालन कार्यविधि-२०६७**

काठमाडौं महानगरपालिका वडा नं १५, स्वयम्भूमा मनमोहन मेमोरियल सामुदायिक अस्पतालको केन्द्रीय अस्पताल रहनेछ । यो अस्पताल वि.सं. २०७० सालमा ३०० शैय्या र वि.सं. २०८० सालसम्ममा ९०० शैय्याको हुनेछ । अस्पतालले नेपालको ७ वटै प्रदेशमा १/१ वटा १०० शैय्याको सामुदायिक अस्पताल सञ्चालन गर्नेछ ।प्रदेश सामुदायिक अस्पतालको सञ्चालन सम्बन्धी नियमहरू यस प्रकार रहेको छ ।

१. **सामुदायिक अस्पतालको सञ्चालन नियमावली** :सामुदायिक अस्पतालहरू सामान्यतः स्वायत्त हुनेछन् । सामुदायिक अस्पतालहरूको स्थापना स्थानीय आवश्यकता र स्थानीय श्रोतको उपलब्धताका आधारमा संभाव्यता अध्ययन गरी सञ्चालन गरिनेछ ।

२. **अस्पताल व्यवस्थापन समिति** : अस्पताल सञ्चालनका लागि त्यस क्षेत्रमा शेयर सदस्य बनेका नेको, नेपालका शेयर सदस्यहरूको भेलाबाट अध्यक्ष-१, उपाध्यक्ष-२, सचिव-१, सह-सचिव-२, कोषाध्यक्ष-१ र सदस्य-८ गरी बढीमा १५ जना सदस्यसम्मको **अस्पताल व्यवस्थापन समिति** गठन गरिनेछ ।अस्पताल व्यवस्थापन समितिमा १ जना उपाध्यक्ष सहित ३३% महिला सहभागिता रहेको पदाधिकारी तथा सदस्य हुनेछन् । बैठक सामान्यतया महिनाको १ पटक बस्नेछ ।

३. **सल्लाहकार समिति** : अस्पताल निर्माण तथा सञ्चालनमा सहयोग पुऱ्याउन सक्ने समाजसेवीहरू मध्येबाट ९ जनासम्मको सल्लाहकार समिति गठन गरिनेछ ।सल्लाहकार समितिमा अध्यक्ष -१, उपाध्यक्ष -१ र सचिव -१ को व्यवस्था हुनेछ । अस्पताल व्यवस्थापन समितिको सह-सचिव २ जनामध्ये १ जनाले सल्लाहकार समितिको सचिव भई काम गर्नुपर्नेछ ।

४. **अस्पताल विकास परिषद्** : अस्पताल व्यवस्थापन समितिको अध्यक्षको अध्यक्षतामा ५० शैय्याको अस्पतालका लागि ४५ जना, १०० शैय्याको अस्पताल सञ्चालनका लागि बढीमा ६५ जना सम्मको चन्दा दाता, समाजसेवी, लब्ध प्रतिष्ठित व्यक्तित्वहरू मध्येबाट कम्तिमा ३३% महिलाको सहभागिता रहने गरी एक अस्पताल विकास परिषद् गठन गरिनेछ । अस्पताल विकास परिषद्को बैठक सामान्यतया वर्षमा २ पटक बस्नेछ ।

## ५. सामुदायिक अस्पताल स्थापनाका लागि निम्न शर्तहरू पूरा गर्नुपर्नेछ।

क) सामुदायिक अस्पताल निर्माणका लागि कम्तिमा ५ विगाहा जमिन स्थानीय समुदायले व्यवस्था गर्नुपर्नेछ।

ख) सामुदायिक अस्पताल स्थापना गर्न प्रस्तावित स्थानको करिब ५० कि.मि.को घेराभित्र नेपाल स्वास्थ्य सेवा सहकारी संस्था लि. (नेको,नेपाल) को शेयर सदस्यहरू कम्तिमा ५०० जना अनिवार्य हुनुपर्नेछ। शेयर सदस्यबाट प्राप्त भएको सो रकम अस्पताल व्यवस्थापन समिति र नेको, सञ्चालक समितिको आपसी सरसल्लाहमा सामुदायिक अस्पताल निर्माण तथा सञ्चालन र हाल काठमाडौंमा सञ्चालन हुन गईरहेको मनमोहन मेमोरियल मेडिकल कलेज तथा शिक्षण अस्पताल स्थापनाको लागि खर्च गर्न सकिनेछ। यो रकम मेडिकल कलेज लगायत संस्थाले लगानी गरेको व्यवसायिक कार्यको लागि लगानीको रूपमा रहनेछ। नेको, नेपालको शेयर सदस्य देशको जुनसुकै स्थानमा भए पनि शेयर सदस्य भए बापत प्राप्त गर्ने सुविधा एउटै हुनेछ र सुविधा सम्बन्धी सबै शर्तहरू ब्रोसर (विवरणपत्र)मा उल्लेख गरिएको छ।

ग) नेपाल स्वास्थ्य सेवा सहकारी संस्था लि.को शेयर सदस्य बनेपछि काठमाडौंमा भएको अस्पतालबाट पाउने स्वास्थ्य सुविधा, मेडिकल कलेज सञ्चालन भएपछि छोरा छोरीले स्वास्थ्य शिक्षा पढ्न पाउने अवसर, पारामेडिकल कक्षामा पढ्न पाउने अवसर र नेको, नेपाल संलग्न भएर गरिएका व्यापारिक तथा व्यवसायिक कारोबारबाट हुने सबै अवसरबाट शेयर सदस्यले लाभ पाउनेछन्।

घ) शेयर सदस्यबाट प्राप्त हुने सम्पूर्ण रकम नेपाल स्वास्थ्य सेवा सहकारी संस्था लि. (नेको नेपाल) कै हुनेछ। नेको नेपालको सञ्चालक समितिको निर्णयबाट क्षेत्रीय अस्पताल निर्माणका लागि पनि खर्च गर्न सकिनेछ।

ङ) १०० शैय्याको क्षेत्रीय अस्पताल सञ्चालन भएपछि सो स्थानमा नर्सिङ्ग लगायतका पारा मेडिकल कक्षाहरू सञ्चालन गरी अस्पतालले आम्दानी गर्नेछ। सो आम्दानी क्षेत्रीय अस्पतालकै हुनेछ।

च) क्षेत्रीय अस्पतालको सम्पूर्ण आम्दानी तथा खर्च आफ्नै हुनेछ। अस्पतालले उपकरण खरिद गर्दाको खर्च र अस्पतालले तिर्नुपर्ने कर र सेवा शुल्क आफैंले व्यहोर्नु पर्नेछ। आम्दानी र खर्चको पूर्ण विवरण महिना समाप्त भएको एक हप्ताभित्र केन्द्रमा पठाउनु पर्नेछ।

छ) अस्पतालको आफ्नै आम्दानीले नियमित र भरपर्दो सेवा प्रदान गर्न सक्ने गरी व्यवस्थापन गर्ने दायित्व अस्पताल व्यवस्थापन समितिको हुनेछ।

ज) नर्सिङ्ग लगायतका पारा मेडिकल कक्षाहरू सञ्चालन गरी आम्दानी गर्न थालेपछि शेयर सदस्य बापत उठेको रकम केन्द्रलाई चुक्ता गर्नुपर्नेछ।

झ) चिकित्सकको हकमा मासिक रू.६०,०००।- र अन्य कर्मचारीलाई मासिक रू.३०,०००।- भन्दा बढी तलब भत्ता दिंदा नेको केन्द्रीय कार्यालयसँग अनुमति लिई गर्नुपर्नेछ। यसैगरी रू.५,००,०००।-भन्दा बढिको निर्माण कार्य गर्दा पनि केन्द्रसँग अनुमति लिनु पर्नेछ।

ञ) केन्द्रले बेला-बेलामा पठाएको निर्देशन पालना गर्नु क्षेत्रीय अस्पतालको कर्तव्य हुनेछ।

## ६. अस्पताल सञ्चालनका लागि केन्द्रले गर्ने सहयोग सम्बन्धमा :

क) स्थानीय समुदायले व्यवस्था गरेको जमिन मध्ये सामुदायिक वन क्षेत्रबाट प्राप्त जमिन वा सार्वजनिक वा सरकारी (पर्ति) जमिन भएमा केन्द्र सरकारबाट भोगाधिकार दिलाउने वा लीजमा लिने व्यवस्था मिलाउने कार्य नेको, नेपालको हुनेछ ।

ख) अस्पताल भवन निर्माणको लागि आवश्यक डिजाईन, लागत ईष्टिमेटको दस्तावेज तयार गरिदिने कार्य केन्द्रले गर्नेछ ।

ग) भवन निर्माण तथा अस्पतालका लागि उपकरण जुटाउन नेपाल सरकार, विदेशी सरकार एवं विभिन्न दातृ निकायबाट सहयोग जुटाउन केन्द्रले पहल गर्नेछ । साथै स्थानीय सामाग्रीको बन्दोबस्त गर्ने कर्तव्य स्थानीय व्यवस्थापन समितिको हुनेछ ।

घ) अस्पताल शुरू गर्ने अवस्थामा डाक्टर लगायतका स्वास्थ्यकर्मीको छनौट, तालिमको व्यवस्था र तालिम सम्बन्धी नीति, नियमको व्यवस्था केन्द्रले गर्नेछ । साथै चिकित्सकहरू, पारामेडिकल स्टाफ आदिको निरन्तर बन्दोबस्तको व्यवस्था समेत केन्द्रले गर्नेछ । यस बापत हुने नियमित खर्च स्थानीय अस्पतालकै हुनेछ ।

ङ) अस्पताल सञ्चालन सम्बन्धी नियमावलीको निर्माण, अस्पताल स्वीकृति सम्बन्धी कार्य र त्यसलाई वैधानिकता दिने सम्बन्धी सम्पूर्ण कार्य केन्द्र (नेको, नेपाल)ले गर्नेछ ।

च) मेडिकल कलेज सञ्चालनमा आएपछि क्षेत्रीय अस्पतालमा डाक्टरको आपूर्ति गर्नका लागि प्रत्येक वर्ष १/१ जनाका दरले ५ वर्षसम्म लगातार MBBSअध्ययन गर्न लगाई कम्तिमा ५ वर्षसम्म सेवा गर्ने शर्तमा MBBSपढाउने कार्य गर्नेछ । यसैगरी १ जना हेल्थ असिष्टेन्ट, २ जना स्टाफ नर्स, १ जना रेडियोग्राफर, १ जना ल्याब टेक्निसियन र १ जना डि फार्मेसी अध्ययन गरेका स्टाफ केन्द्रले आफ्नै रकममा अध्यापन गराई कर्मचारीको बन्दोबस्त गरिदिनेछ ।

छ) केन्द्रले प्रत्येक वर्ष **मनमोहन मेमोरियल स्वास्थ्य प्रतिष्ठान**को आयोजनामा क्षेत्रीय अस्पतालहरूमा ७ दिने निःशुल्क विशेष स्वास्थ्य शिविर सञ्चालन गर्नेछ ।

ज) सामुदायिक अस्पतालबाट रेफर भई आएका बिरामीहरूलाई केन्द्रीय अस्पताल काठमाडौंमा शुलभ एवं सहुलियत दरमा (शेयर सदस्यले पाउने सुविधा सरह) उपचार सुविधा दिईनेछ ।

झ) अस्पताल सञ्चालनको नियमित सुपरिवेक्षण, सल्लाह र आवश्यकता अनुसार निर्देशन दिने कार्य केन्द्रको हुनेछ ।

ञ) अस्पतालको सञ्चालन सम्बन्धी प्रगति प्रतिवेदन ३/३ महिनामा केन्द्रलाई पठाउनु पर्नेछ भने केन्द्रले ३/३ महिनामा आफ्नो सुपरिवेक्षक क्षेत्रीय अस्पतालमा पठाई नियमित निरीक्षण गर्नेछ ।

ट) सामुदायिक अस्पतालको लेखा परीक्षण केन्द्रले गर्नेछ । केन्द्रले मागेको कुनै पनि विवरण तत्काल क्षेत्रीय अस्पतालले उपलब्ध गराउनु पर्नेछ ।

**७. सामुदायिक अस्पतालका लागि स्थान छनौट निम्न आधारमा गरिनेछ :**

क) अस्पताल निर्माण गरिने स्थान पूर्व पश्चिम राजमार्गको १ कि.मि.को आसपासमा हुनुपर्नेछ ।

ख) बाक्लो वस्ती भएको र खास गरी ५० कि.मि.को घेराभित्र कम्तिमा १ लाख जनसंख्या भएको स्थान हुनुपर्नेछ ।

ग) अस्पताल बनाउने स्थानमा कम्तिमा ५ विगाहा जमिन हुनुपर्नेछ ।

घ) पिउने पानीको मूल वा मुहान भएको वा तत्काल पानी ल्याउन सकिने स्थान हुनुपर्नेछ ।

## अति विपन्न वर्ग सहायता कोष सञ्चालन निर्देशिका

**अति विपन्न वर्ग सहायता कोष :** नेपाल स्वास्थ्य सेवा सहकारी संस्था लि. (नेको, नेपाल)द्वारा सञ्चालित मनमोहन मेमोरियल ईन्ष्टिच्युट अफ हेल्थ साईन्सेस्मा अध्ययन गर्ने अति विपन्न वर्गका जेहेन्दार विद्यार्थीलाई अध्ययनको लागि ऋण सहयोग दिने र सो संस्थाद्वारा सञ्चालित मनमोहन मेमोरियल सामुदायिक अस्पतालमा उपचार गराउने सिलसिलामा उपचार खर्च व्यहोर्न नसक्ने अति विपन्न वर्गलाई उपचार सहयोग गर्नका लागि **अति विपन्न वर्ग सहायता कोष**को रूपमा एक कोष खडा गरिएको छ ।

कोषको सञ्चालन निम्न अनुसार गरिनेछ ।

**१) कोषलाई २ भागमा विभाजन गरिएको छ ।**

क) अति विपन्न वर्ग उपचार सहायता कार्यक्रम

ख) अति विपन्न वर्गका विद्यार्थीलाई अध्ययनका लागि ऋण सहायता कार्यक्रम

**२) कोषको आम्दानी निम्न अनुसार हुनेछ ।**

क) ०६६ साल कार्तिक १४-२२ सम्म स्वयम्भूमा मनमोहन मेमोरियल सामुदायिक अस्पतालको सहयोगार्थ लगाईएको महायज्ञबाट प्राप्त नगद वा जिन्सीबाट प्राप्त आम्दानी ।

ख) मनमोहन मेमोरियल स्वास्थ्य प्रतिष्ठानबाट प्राप्त सहयोग ।

ग) मनमोहन मेमोरियल सामुदायिक अस्पताल, मनमोहन मेमोरियल ईन्ष्टिच्युट अफ हेल्थ साईन्सेस्, मनमोहन मेमोरियल शिक्षण अस्पताल, स्वयम्भू र नेको नेपालका सम्पूर्ण कर्मचारीले पाउने मासिक आम्दानीको १०% (एक पटकका लागि) रकम र नयाँ कर्मचारी नियुक्त हुँदा पहिलो महिनाको तलबको १५ हजारसम्म तलब हुनेले २०%, १५-३० हजारसम्म तलब स्केल हुनेले २५% र त्यो भन्दा माथिकाले ३०% रकम र तीनवटै संस्थाका कर्मचारीहरूको तलव वृद्धि हुँदा १ महिनाको वृद्धि भएको रकम मात्र ।

घ) नेको, नेपालको सञ्चालकहरूको तर्फबाट शुरूमा २ पटक र यसपछि प्रत्येक वर्ष एक महिनाको बैठक भत्ता बापतको रकम ।

ङ) नेपाल सरकार, विदेशी सरकार, स्वदेशी तथा विदेशी दातृ संस्था, व्यक्तिहरू तथा अन्य विभिन्न क्षेत्रबाट प्राप्त हुने नगद, जिन्सी वा दानबाट प्राप्त रकम ।

च) विद्यार्थीहरूको प्रयोगात्मक (OJT) बापत प्राप्त हुने रकमको २५% रकम ।

छ) डाक्टरहरूले जाँचेको शुल्क बापत वर्षको एक दिनमा जम्मा हुने रकम ।

**३) कोषको सञ्चालनका लागि निम्न व्यक्ति रहेको उप-समिति हुनेछ ।**

क) नेको, नेपालका अध्यक्ष वा अध्यक्षले तोकेको सञ्चालक मध्ये एक - अध्यक्ष ।

ख) मनमोहन मेमोरियल सामुदायिक अस्पताल निर्देशक- सदस्य

ग) मनमोहन मेमोरियल मेडिकल कलेजकानिर्देशक- सदस्य

घ) मनमोहन मेमोरियल ईन्ष्टिच्युट अफ हेल्थ साईन्सेस् प्रमुख- सदस्य

ङ) नेको, नेपालका कोषाध्यक्ष वा सञ्चालक मध्ये कोषाध्यक्षले तोकेको एक - सदस्य

च) नेको, नेपाल प्रशासन विभाग प्रमुख- सदस्य-सचिव

**४) कोषको खाता सञ्चालनः**

नेको, नेपालको अध्यक्ष वा अध्यक्षले तोकेको सञ्चालक मध्ये एक र कोषाध्यक्ष वा कोषाध्यक्षले तोकेको सञ्चालक मध्ये एकको संयुक्त दस्तखतबाट हुनेछ ।

**५) कोषको रकमको निर्णय :**

दफा १ (क) मा उल्लेखित अति विपन्न वर्ग उपचार सहायता कार्यक्रम कोषको रकमको निर्णय दफा ३ मा उल्लेखित सञ्चालकहरूमध्ये नेको नेपालका अध्यक्ष वा अध्यक्षले तोकेको प्रतिनिधि, नेको, नेपालका कोषाध्यक्ष, अस्पताल निर्देशक र प्रशासक रहेको ४ सदस्यीय उपसमितिले निर्णय गर्नेछ भने दफा १ (ख) मा उल्लेखित अति विपन्न वर्गका विद्यार्थीलाई अध्ययनका लागि ऋण, सहायता कार्यक्रम नेको अध्यक्ष वा अध्यक्षले तोकेको प्रतिनिधि, नेको, नेपालका कोषाध्यक्ष, ईन्ष्टिच्युटका प्रमुख र प्रशासक रहेको उप-समितिले निर्णय गर्नेछ ।

**६) सहायता रकम प्राप्त गर्ने प्रकृया :**

(क) मनमोहन मेमोरियल सामुदायिक अस्पतालमा भर्ना भएका अति विपन्न वर्गका रोगी बिरामीहरूले उपचार सहायताको आवश्यकता महसुस गरी सहयोगको अपेक्षा गर्दै अस्पतालको प्रशासक समक्ष तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछ । सो निवेदन उपर छानविन गरी निर्णय भएपछि उपचार सहायता उपलब्ध गराईनेछ ।

(ख) मनमोहन मेमोरियल इन्ष्टिच्युट अफ हेल्थ साईन्सेस्मा अध्ययन गरिरहेका अति विपन्न वर्गका छात्रछात्राले अध्ययनका लागि ऋण सहायता अपेक्षा गर्दै इन्ष्टिच्युटको प्रशासक समक्ष तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछ । सो निवेदन उपर छानविन गरी निर्णय भएपछि अध्ययनका लागि ऋण सहायता उपलब्ध गराईनेछ ।

(ग) अति विपन्न वर्गका विद्यार्थीहरूलाई दिईने ऋण सहायता अन्तर्गत अध्ययन गर्ने छात्र छात्राहरूले संस्थाले तोकेको प्रक्रिया अन्तर्गत ऋण चुक्ता गर्नुपर्नेछ ।

## ७. ऋण र सहायताको मापदण्ड :

अति विपन्न वर्ग उपचार सहायता कोषको रकम कस्तोआर्थिक स्थिति भएको व्यक्तिलाई अस्पतालमा भएको खर्चको कतिसम्म दिने भन्ने मापदण्ड तय गरिनेछ । सोही मापदण्डको आधारमा रकम स्वीकृत गर्ने व्यवस्था मिलाईनेछ । यसैगरी विपन्नहरूको मापदण्ड पूरा गरेकालाई MMIHS मा अध्ययन गर्ने छात्रछात्राहरूमध्ये तोकिएको प्रक्रिया पूरा गर्न लगाई ऋण सहायता दिने बन्दोबस्त मिलाईनेछ। यसरी ऋण सहायता अन्तर्गत अध्ययन गर्ने छात्रछात्राहरूले ५ वर्षभित्र ऋण चुक्ता गर्नुपर्नेछ ।

**आदरणीय शेयर सदस्यज्यूहरू,**

अब म संस्थाले आगामी दिनहरूमा गर्ने कामहरूका बारेमा प्रस्तावित भावी योजनाको जानकारी गराउन चाहन्छु ।

## भावी योजना तथा कार्यक्रमहरू (Future Plans / Projects)

भावि योजना तथा कार्यक्रमहरु मध्ये बुँदा नं. १ मा उल्लेखित प्याकेज स्वास्थ्य सेवा, विद्यालय स्वास्थ्य सेवा, वैदेशिक रोजगारमा जानेहरुलाई दिईने सेवा, परिवार स्वास्थ्य कार्ड तथा स्वास्थ्य बीमा र शेयर सदस्य दुर्घटना बीमा र स्वास्थ्य योजना बीमा कार्यक्रम नवौं वार्षिक साधारण सभाबाट पारित कार्यक्रम नै कायम हुने हुँदा प्रतिवेदनमा राखिएन ।

### शैक्षिक कार्यक्रम :

**क) अल्पकालिन योजना :**

१) फिजियोथेरापी र डेन्टल हाइजेनिष्टका प्रमाणपत्र तहका कक्षा र फार्मेसीको स्नातकोत्तर (Master Degree) का कक्षाहरू २ वर्षभित्र सञ्चालन गरिने गरि सम्झौताका लागि प्रयत्न गरिनेछ ।

२) संस्थाले विश्वविद्यालयहरुसँग समन्वय गरी संस्थासँग भएको पूर्वाधारको उपयोग हुने गरी प्राविधिक क्षेत्रका अन्य शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्न सम्भाव्यता अध्ययन गरी आवश्यक कदम चालिनेछ।

३) विदेशी विश्वविद्यालयबाट सम्वन्धन प्राप्त गरी माथि उल्लेखित शैक्षिक कार्यक्रम सञ्चालनका सम्भाव्यताबारे पनि अध्ययन गरी आवश्यक कदम चालिनेछ ।

४) माथि उल्लेखित कार्यक्रमहरू सुव्यवस्थित ढंगले सञ्चालन गर्दै Manmohan Adhikari Co-Operative University स्थापना गर्ने लक्ष्य राखि प्रदेश नं. ३ को प्रदेश सरकार समक्ष प्रस्तावित विधेयकहरु तयार गरि पेश गर्ने कार्य समेत अगाडि बढिरहेको व्यहोरा सबै शेयर सदस्यज्यूहरुमा जानकारी गराउन चाहन्छु। यसका लागि धादिङ जिल्लाको धुनिवेशी न.पा. मा मा विश्वविद्यालयका लागि आवश्यक जमिन खरिद गर्ने कार्य भईरहेको छ ।

**ख) मध्यकालिन योजना :**

अल्पकालिन योजनाहरूको सफल कार्यान्वयन पछि Postgraduate (MD/MS/MDS/ MPhil) जस्ता कार्यक्रमहरू सञ्चालन गर्ने लक्ष्य रहेको छ ।यसका लागि विदेशी विश्वविद्यालयहरुबाट सम्वन्धन

लिने प्रयत्न गरिनेछ । त्यस्तै Anatomy, Clinical Physiology, Bio-chemistry, Pharmacology, Pathology, Forensic Medicinesf M.Sc.कार्यक्रमहरू सञ्चालन गरिनेछ । त्यसैगरि Hospital Management/Bio-Medical Engineeringजस्ता कार्यक्रमहरू समेत सञ्चालन गरिनेछ ।

**ग) दीर्घकालिन योजना** :

यस संस्थाले स्वास्थ्य विज्ञानमा स्नातक, स्नातकोत्तर (Diploma, Undergraduate and Postgraduate)कार्यक्रमहरू सुदृढीकरण गरिसकेपछि अन्तर्राष्ट्रिय स्तरको **स्वास्थ्य विज्ञान शैक्षिक केन्द्र** (Health Science Education Center) को रूपमा यस संस्थालाई विकसित गर्नुको साथै विद्यावारिधि (Doctorate)र विशिष्ट विशेषज्ञता (Super Speciality) को समेत अध्ययन तथा तालिमको व्यवस्था गर्ने लक्ष्य लिएको छ ।

**घ) समाज सेवा कार्यक्रम** :

यस संस्थाको पहलमा एक छुट्टै गैर-सरकारी संस्थाको रूपमा **मनमोहन मेमोरियल स्वास्थ्य प्रतिष्ठान**को स्थापना गरिएको छ र सो मार्फत स्वदेशी तथा विदेशी संघ संस्था तथा दातृ निकायको सहयोग जुटाई जेष्ठ नागरिक आवास गृह निर्माण तथा सञ्चालन, जेष्ठ नागरिक सहुलियत उपचार कार्यक्रम, असहाय बिरामी निःशुल्क उपचार कोषको व्यवस्था गरी विशेष एवं लक्षित समूहका व्यक्तिहरूका लागि आवश्यक स्वास्थ्य सेवाहरू उपलब्ध गराउनुको साथै ग्रामीण क्षेत्रका विभिन्न रोगहरूबारे अनुसन्धान कार्यका साथै अन्य सामाजिक कार्यक्रमहरू गर्ने योजना रहेको छ। संस्थाले अस्पताल एवं प्रतिष्ठान मार्फत देशको लागि आवश्यक स्वास्थ्यसँग सम्बन्धीत विभिन्न विषयमा अध्ययन तथा अनुसन्धान गर्ने लक्ष्य लिइएको छ। यसको लागि निकट भविष्यमा नेको, नेपाल अन्तर्गत "**मनमोहन मेमोरियल जनस्वास्थ्य अनुसन्धान केन्द्र**" स्थापना गर्ने योजना रहेको छ ।

नवौं वार्षिक साधारण सभाद्वारा पारित प्रतिवेदनमा उल्लेखित सामुदायिक स्वास्थ्य सेवा कार्यक्रम, पुनःर्स्थापन कार्यक्रम, स्याटेलाईट चिकित्सा नगर कार्यक्रम, व्यवसायिक कार्यक्रम र महायज्ञ शिर्षकका सम्पूर्ण विवरण सोही प्रतिवेदन अनुसार हुने गरी यस प्रतिवेदनमा उल्लेख गरिएन ।

**अन्त्यमा,**

आ.व. ०७३/०७४ को प्रस्तावित आय विवरण र भावि कार्ययोजना समेत यसै प्रतिवेदनमा समावेश गरिएको छ । उक्त विवरण एवं कार्ययोजना अध्ययन तथा समिक्षा गरी यस सम्मानित सभाबाट पारित गरिदिन हार्दिक अनुरोध गर्दछु ।

संस्थाले मेडिकल कलेज परियोजनाको मापदण्ड पूरा गर्न आजका दिन सम्ममा जमिन खरिद, भवन निर्माण लगायतको कार्य गर्न नेपाल ईन्भेष्टमेन्ट बैंक लि.को नेतृत्वमा ७ वटा बैंकहरुको सहवित्तियकरणमा लिएको कर्जा २०७४ आषाढ मसान्त सम्मको सावाँ र ब्याज समेत निम्नानुसार रहेको छ । साथै अन्य सहकारी संस्थाहरू सहकारी बैंकर बचत तथा ऋण सहकारीबाट समेत थप कर्जा लिई मनमोहन मेमोरियल मेडिकल कलेज परियोजना अगाडि बढाईएको छ ।

## बैंक/वित्तिय संस्था एवम् व्यक्तिहरुबाट प्राप्त कर्जाको विवरण

| क्र.सं. | वित्तिय संस्था /व्यक्तिको नाम | ऋण सापटी प्राप्त |
|---|---|---|
| १. | सिभिल बैक लिमिटेड | ३३५३५७०८१.६१ |
| २. | नेपाल इन्भेष्टमेन्ट बैक लि.(एस डेभलपमेन्ट बैंक लि.) | ९०६३२९४२०.३९ |
| ३. | कुमारी बैंक लि. | २२४६५७७०७.७८ |
| ४. | एन.सी.सी. बैंक लि. | ११९५९२०४९.९० |
| ५. | एन.आई. डि.सी .विकास बैंक लि.(राष्ट्रिय वाणिज्य बैंक) | १४३३९८३९१.२४ |
| ६. | नेपाल बंगलादेश बैंक लि. | ११९७९०३८८.०० |
| ७. | एन.एम.बि.बैंक लि.(प्रुडेन्सियल वित्तिय संस्था लि.) | ४५०५४४३९.५४ |
| ८. | ग्लोबल आइ.एम. ई. बैंक लि.(रिलायबल डेभलपमेन्ट बैंक लि. | २७४५४६०६.१४ |
| ९. | मनमोहन मेमोरियल बचत तथा ऋण सहकारी संस्था लि. | ६,५००,०००.०० |
| १०. | राष्ट्रिय सहकारी बैंक | १४,०००,०००.०० |
| ११. | अन्य विभिन्न संस्था एवम् व्यक्तिहरुबाट प्राप्त कर्जा | १४७८७०३५३.५७ |
| **जम्मा** | | २,०९०,००४,४३८.१७ |

संस्थाको सम्पत्तिहरुको विवरण यस प्रकार छ।

| क्र.सं. | सम्पत्ति विवरण | ठेगाना | प्रतिआना | अनुमानित मूल्य | कैफियत |
|---|---|---|---|---|---|
| १. | ४५८ आना जमिन(२८.६ रोपनी) स्वयम्भूमा निर्माणाधिन भवन र उपकरण सहित | का.म.पा.-१५, स्वयम्भू | | २ अर्ब ८८ करोड ७१ लाख ८ हजार | 16 Nov,2017को मूल्याङ्कन प्रतिवेदन अनुसार |
| २. | १०७२ आना (६१ रोपनी) दहचोकमा निर्माणाधिन भवन र उपकरण सहित | दहचोक-२, काठमाण्डौ | | १ अर्ब ३१ करोड २३ लाख ४७ हजार | 16 Nov,2017को मूल्याङ्कन प्रतिवेदन अनुसार |
| ३. | ४७ आना जमिन र भवन ३०२४५ वर्ग फिटमा निर्मित | का.म.पा.-१३, कालिमाटी | | ३२ करोड ८५ लाख७२ हजार | 16 Nov,2017को मूल्याङ्कन प्रतिवेदन अनुसार |
| ४. | विश्वविद्यालयका लागि खरिद गरिएको १६७ रोपनी जमिन | धादिङ जिल्ला छत्रेदेउराली र जीवनपुर | प्रति रोपनी ७ लाख | ११ करोड ६९ लाख | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६. | झापा साविक चारपाने गा.वि.स. हाल विर्तामोड ६० कठ्ठा जमिन | | प्रति कठ्ठा २० लाख | १२ करोड | |
| जम्मा सम्पत्ति | | | | ४ अर्ब ७१ करोड ६९ लाख २७ हजार | |

संस्थाले मेडिकल कलेज परियोजना सफल बनाउनका लागि आफ्नो तर्फबाट हालसम्म प्रयोग गरेको इक्विटी यस प्रकार रहेको छ .

| क.सं. | विवरण | रकम |
|---|---|---|
| १. | २५२६ शेयर सदस्यबाट (२०७४आषाढ मसान्तसम्म) | रु. ५१०८६४७००।- |
| २. | MMIHS र अस्पतालबाट | रु. ४,००,००,०००।- |
| ३. | नेपाल सरकारबाट सहयोग प्राप्त | रु. २३,००,००,०००।- |
| ४. | चोभार बिक्रिबाट प्राप्त नाफा | रु. ३,७०,००,०००।- |
| जम्मा | | रु.८१,७८,६४,७००।- |

हाम्रो मेडिकल कलेज परियोजना पूरा गर्न भवन निर्माण, विद्युतीकरण, पिउने पानी तथा सरसफाई र अस्पतालका उपकरण आदिका लागि र निर्माण व्यवसायीहरू तथा सप्लायरहरूलाई तिर्नुपर्ने बाँकी रकमका साथै  दहचोकमा निर्माणाधिन भवनको पाँचौं तल्ला ढलान गर्ने र र सिरान तलामा ट्रस सहितको हल निर्माण गर्ने, पुरूष र महिला छात्रावास र गार्ड क्वार्टर निर्माण गर्ने,स्वयम्भूमा निर्मित अस्पताल भवनको अब बाँकी भाग पूरा गर्ने कार्य सम्पन्न गर्न र अस्पताल भवन वरपर पार्किङ्ग, आँगन, क्यान्टिन, बाहिरी औषधि पसल आदिका लागि पनि केही जमिन थप्नका लागि साथै थप उच्च स्तरको सेवा दिन सक्ने अस्पताल निर्माण गर्न आजको मूल्यमा झण्डै २ अर्ब रकम संस्थामा जम्मा हुनुपर्नेछ । उक्त रकम प्राप्त हुने हो भने हाम्रो संस्था मेडिकल कलेज Super Speciality सेवासहितको अस्पताल तथा नेपालकै उत्कृष्ट कलेज हुनेछ भने संस्थाको सम्पूर्ण परियोजना लागत (Project Cost) झण्डै ६ अर्बको हुनेछ । यी सबै कार्यका लागि पनि शेयर सदस्य बढाउने, काम गर्न जरूरी छ । शेयर सदस्य बढाएर कम्तिमा १०,००० पुऱ्याउन जरूरी छ ।

## शेयर सदस्य विस्तार सम्बन्धी नीति र व्यवसायिक योजना

### शेयर सदस्य सम्बन्धी नयाँ नीति

(१) शेयर सदस्य वृद्धिका सम्बन्धमा निम्न कार्य गर्ने :

क) संस्थाका प्रत्येक शेयर सदस्यलाई अनिवार्य रुपमा कम्तिमा दुई जना शेयर सदस्य बनाउनका लागि जिम्मेवारी दिने ।

ख) संस्थाको प्रत्येक पुराना सदस्यहरुलाई शेयर थप गर्नका लागि अनुरोध गर्ने र शेयर थप गर्ने सदस्यहरुलाई निम्न अनुसार प्रोत्साहन स्वरुप थप शेयर प्रमाण पत्र उपलब्ध गराउने ।

**क) रु. १,००,०००।- थप गर्ने सदस्यलाई प्रोत्साहन स्वरुप रु. २५,०००।- थप गर्ने ।**

**ख) रु. ७५,०००।- थप गर्ने सदस्यलाई प्रोत्साहन स्वरुप रु. १५,०००।- थप गर्ने ।**

**ग) रु. ५०,०००।- थप गर्ने सदस्यलाई प्रोत्साहन स्वरुप रु. १०,०००।- थप गर्ने ।**

**घ) रु. २५,०००।- थप गर्ने सदस्यलाई प्रोत्साहन स्वरुप रु. ५,०००।- थप गर्ने ।**

ग) नेको नेपाल अन्तर्गत MMIHS मा अध्ययन गर्ने विद्यार्थीहरुलाई न्यूनतम १० हजार देखि किस्ता शुरु हुने गरी शेयर खरिद गर्न दिने र १ वर्षभित्र १ लाख १ हजार रकम पूऱ्याउने ।

घ) मनमोहन मेमोरियल सामुदायिक अस्पताल, मनमोहन मेमोरियल ईन्स्टिच्युट अफ हेल्थ साईन्सेज, मनमोहन मेमोरियल मेडिकल कलेज तथा शिक्षण अस्पताल र नेको, नेपालमा कार्यरत चिकित्सक, शिक्षक, प्राध्यापक, नर्सिङ, प्राविधिक एवं प्रशासनिक कर्मचारीहरुलाई निम्न सुविधामा नयाँ शेयर सदस्यता प्रदान गर्ने ।

१) प्रवेश शुल्क रु.१०००।- सबैका लागि

२) माथि उल्लेखित सम्पूर्ण तहका कर्मचारीहरुले प्रत्येक किस्ता बापत न्यूनतम् रु. १०,०००।- का दरले १० महिनाभित्र भुक्तानी गर्नुपर्ने ।

(२)

क) नेको, सञ्चालक समिति, कलेज व्यवस्थापन उपसमिति, मेडिकल कलेज बोर्ड र सामुदायिक अस्पताल व्यवस्थापन उप-समितिका पदाधिकारीहरु तथा सदस्यहरुले अनिवार्य कम्तिमा रु. १,००,०००।- थप गर्नु पर्ने ।

ख) विद्यार्थीहरुलाई रु. १०,०००।- देखि रु. ५०,०००।- सम्म शेयरका लागि अनुरोध गर्ने साथै प्रत्येक किस्ता १०,०००।- का दरले १० महिनाभित्र रु. १,००,०००।- पुऱ्याउने ।

(३) संस्थाको शेयर खरिद गर्ने सहकारी संस्थाले सिफारिस गरेमा सहकारी संस्थाका सम्पूर्ण शेयर सदस्यहरुलाई अस्पतालमा उपचारका लागि १५% छुटको व्यवस्था गर्ने ।

## शेयर सदस्य विस्तारका लागि कार्यक्रम

(१) शेयर रकम संकलनका लागि कम्तिमा ५० देखि १०० जनालाई विशेष जिम्मा दिने र जिम्मा दिंदा संकलन गरिने रकम समेतको सीमा तोकि जिम्मेवारी दिने । जिम्मेवारी पुरा नगर्ने सदस्यहरुलाई संस्थाले दिई आएको जिम्मेवारीमा पुनर्विचार गर्ने ।

(२)

क) श्रद्धेय नेता मनमोहन अधिकारीको योगदानलाई चीरस्थायी बनाउन सहकारीद्वारा सञ्चालन हुन लागेको नेपालकै पहिलो शिक्षण अस्पताल **मनमोहन मेमोरियल शिक्षण अस्पताल**मा MBBS

कार्यक्रम सञ्चालन गर्न सम्वन्धन नपाएको कारणबाट आएको आर्थिक संकटलाई समाधान गर्दै उच्च स्तरीय स्वास्थ्य सेवा प्रदान गर्न सक्ने अस्पताल सञ्चालन गर्न सम्पूर्ण सहकारीहरुको छाता संगठन राष्ट्रिय सहकारी महासंघ, अग्रणी केन्द्रीय सहकारी संघहरु, विषयगत सहकारी संघहरु र सम्पूर्ण प्रारम्भिक सहकारी संस्थाहरुलाई शेयर खरिद गरिदिन र देशभरिका सहकारीहरुलाई यस अभियानमा संलग्न गराईदिन अनुरोध गर्ने ।

ख) संस्थाको शेयर खरिद गरी सहयोग गरिदिन काठमाडौं उपत्यका, काभ्रेपलाञ्चोक, धादिङ, नुवाकोट, मकवानपुरका सहकारी संस्था, संघ र सहकारीकर्मी साथीहरुमा अनुरोध गर्ने ।

ग) सहकारी संस्था र सहकारी कर्मिहरुबीच अन्तरक्रिया कार्यक्रमहरु सञ्चालन गर्दै यस आर्थिक वर्ष ०७६/७७ को अन्त्य सम्ममा संस्थागत शेयर संदस्यता १००० पुऱ्याउने र साधारण(आंशिक) शेयर सदस्य कम्तिमा १०,००० पुऱ्याउने ।

(३) आंशिक शेयर रकम लगानी गर्ने व्यक्तिहरुलाई संस्थाद्वारा प्रदान गरिने सुविधाहरुका बारेमा संस्थाले तयार गरेको व्यवसायिक योजनामा उल्लेखित सेवा सुविधा प्रदान गर्ने ।

(४) मिति २०७६/०४/०१ देखि मिति २०७६/१२/३० सम्म सञ्चालकहरुले प्रति दिन ४ घण्टाका दरले नेको, केन्द्रीय, कार्यालयमा बसि शेयर सदस्यहरुलाई उक्त कार्यालयमा उपस्थित गराई शेयर थप गर्ने कार्यलाई तिव्रता दिने र उक्त रकमलाई अस्पतालको उन्नति, उपकरण खरिद जस्ता शिर्षकमा मात्र खर्च गर्ने ।

**आम्दानी बढाउने कार्य योजना सफल बनाउन एक वर्षभित्र निम्न कार्यहरू सम्पन्न गर्ने ।**

१. ईजरायली Bioformax कम्पनीसँग सहकार्य गरी शिक्षण अस्पतालमा Advance Diagnostic Centre स्थापना गरि सक्ने ।

२. संस्थामा कम्तिमा १ अर्बको (एमआरआई, गामा क्यामेरा लगायतका) उपकरणहरु थप गर्ने ।

३. शिक्षण अस्पतालमा कुनै २ विषयमा विशेष विशेषज्ञता सहितको उपचार सेवा (Super Speciality Treatment Service) सञ्चालन गर्ने ।

४. मेडिकल कलेज सञ्चालनका लागि अनुमति लिने ।

**माथि उल्लेखित कार्य योजना सफल बनाउन निम्न अनुसारको व्यवसायिक योजना तयार गरिएको छ ।**

(१) शेयर थप गर्नका लागि २००० शेयर सदस्यहरुसँग अनुरोध गर्दै न्युनतम् २५ हजार, ५० हजार, ७५ हजार र १ लाख वा सो भन्दा माथि रकम थप गर्न अनुरोध गर्ने ।

| अ) हाल भईरहेको शेयर सदस्यलाई निम्न अनुसार रकम थप गर्न अनुरोध गर्ने । | | | |
|---|---|---|---|
| क्र.सं. | विवरण | प्रति दर | जम्मा रकम |
| क. | १०० जना शेयर सदस्यवाट | ५ लाखका दरले | ५ करोड |
| ख. | १०० जना शेयर सदस्यवाट | ३ लाखका दरले | ३ करोड |
| ग. | ३०० जना शेयर सदस्यवाट | २ लाखका दरले | ६ करोड |
| घ. | १००० जना शेयर सदस्यवाट | १ लाखका दरले | १० करोड |
| ङ. | १०० जना शेयर सदस्यवाट | ७५ हजारका दरले | ७५ लाख |
| च. | २०० जना शेयर सदस्यबाट | ५० हजारका दरले | १ करोड |
| छ. | २०० जना शेयर सदस्यवाट | २५ हजारका दरले | ५० लाख |
| | **जम्मा** | | **२६ करोड २५ लाख** |

| आ) नयाँ र आंशिक शेयर रकम निम्न अनुसार संकलन गर्ने । | | | | |
|---|---|---|---|---|
| **श्रोत** | | **जम्मा संख्या** | **रकम** | **जम्मा रकम** |
| | क) शिक्षण अस्पताल स्वयम्भुका चिकित्सक लगायत सम्पूर्ण कर्मचारीहरुबाट | ३०० | १०,०००।- प्रति किस्ता | ३०,००,०००।- |
| | ख) सामुदायिक अस्पताल ठमेलका चिकित्सक लगायत सम्पूर्ण कर्मचारीहरुबाट | १०० | १०,०००।- प्रति किस्ता | १०,००,०००।- |
| | ग) MMIHS का शिक्षक, कर्मचारी, विद्यार्थी र अभिभावकहरुबाट | ६०० | १०,०००।- | ६०,००,०००।- |
| इ) नयाँ शेयर सदस्य (पुरा) | | ५०० | १,०१,०००।- | ५,०५,००,०००।- |
| ई) | (क) नयाँ शेयर सदस्य (आंशिक) | २०० | ७५,०००।- | १,५०,००,०००।- |
| | (ख) नयाँ शेयर सदस्य (आंशिक) | ५०० | ५०,०००।- | २,५०,००,०००।- |
| | (ग) नयाँ शेयर सदस्य (आंशिक) | १००० | २५,०००।- | २,५०,००,०००।- |
| उ) | १ देखि ५ करोड सम्म लगानी गर्न चाहने शेयर सदस्यबाट | २० | १,५०,००,००० | ३०,००,००,०००।- |
| | **जम्मा** | | | **४२,५५,००,०००।-** |

(ग) पुराना सदस्यहरुका लागि विगत देखि प्रदान गरिँदै आएको निम्न उपचार खर्चहरु:

१. अङ्गभङ्ग हुने किसिमको ठूलो दुर्घटनामा परि घाईते शेयर सदस्यको उपचारका लागि बढीमा २ लाख सम्मको **दुर्घटना विशेष उपचार खर्च** दिईनेछ । संस्थाद्वारा सञ्चालित अस्पतालमा उपचार सम्भव नभएमा मात्र अन्य अस्पतालमा उपचारको व्यवस्था गरिनेछ ।

२. **क्यान्सर/ब्रेन हेमोरेज/किड्नी/मुटुको भल्व परिवर्तन** गर्नुपर्ने शेयर सदस्यका लागि रु. ५०,०००।- उपचार खर्च दिईनेछ ।

**आदरणीय शेयर सदस्य महानुभावहरू**

मेडिकल कलेजको सम्वन्धन सम्बन्धी संस्थाबाट भए गरेका प्रयासहरुबारे दशौं वार्षिक साधारण सभाको प्रतिवेदनमा उल्लेख भईसकेको हुँदा यो प्रतिवेदनमा उल्लेख गरिएन ।

हामीले नेपाल सरकार, शिक्षा मन्त्रालयद्वारा तयार गरेको मापदण्डका आधारमा काठमाडौंमा मेडिकल कलेज सञ्चालनका लागि मनसाय पत्र (Letter of Intent) लिएको, सोही पत्रका आधारमा बैंकसँग कर्जा लिई पूर्वाधार निर्माण गरेको, सबै पूर्वाधार तयार भए पछि शिक्षा मन्त्रालय, नेपाल मेडिकल काउन्सिल र त्रिभुवन विश्वविद्यालय ३ वटै निकायबाट सम्बन्धीत निकायहरुको नियम अनुसार निरीक्षण समेत भई १०० जना MBBS का छात्रछात्रालाई पढाउन उपयुक्त छ भनि सिफारिस गर्दा पनि अनेकौं बहानाबाजी गरी हाम्रो संस्थालाई मेडिकल कलेजको सम्वन्धन प्राप्त हुन नसकेपछि यिनै संस्थाहरुका मुर्धन्य प्रा.डा.हरुकै सल्लाह बमोजिम नेपाल सरकारले २०६३ सालको संविधान अनुसार अंगिकार गरेको ३ खम्बे आर्थिक नीतिमा आधारित भई सहकारीको तर्फबाट प्रतिष्ठान निर्माण गरी अन्य विश्वविद्यालयबाट सम्वन्धन पनि नलिने र अन्य कलेजलाई सम्वन्धन पनि नदिने र सरकारलाई आर्थिक भार पनि नदिने मुनाफारहित "**मनमोहन अधिकारी स्वास्थ्य विज्ञान प्रतिष्ठान**" स्थापनाका लागि नेपाल सरकार स्वास्थ्य मन्त्रालयलाई अनुरोध गऱ्यौं ।स्वास्थ्य मन्त्रालयले २०७१ पौष ३० गते सहमतिका लागि अर्थमन्त्रालयलाई पत्र पठाएको थियो । अर्थ मन्त्रालयले ६ महिना लामो समय लगाई नेपाल सरकारलाई आर्थिक भार नपर्ने शर्तमा सहमति दिए पछि नेपाल सरकारको तर्फबाट २०७२ आषाढमा सैद्धान्तिक सहमति दिई स्वास्थ्य मन्त्रालयलाई विधेयक बनाउन जिम्मा दिएको, मन्त्रालयले विधेयक तयार गरी उक्त विधेयकलाई ०७२ असोज १८ गते संसद सचिवालयमा दर्ता गरेको, २०७२ पौष ८ गते व्यवस्थापिका संसदमा प्रस्तुत गरेको, पौष १३ गते विचार गरियोस भनि सर्व सम्मतिले पारित गरेको, दफावार छलफलका लागि माघ ७ गते महिला, बालबालिका, जेष्ठ नागरिक तथा समाज कल्याण समितिमा पठाईएको उक्त विधेयक उप-समिति गठन भई उप-समितिभित्रै छलफल गर्दा गर्दै उक्त विधेयकलाई पारित हुन नदिन सरकार आफैंले हाम्रो संस्थाको नाममा रहेको स्वयम्भू र दहचोकमा रहेको भवन र जमिन नेपाल सरकारले खरिद गरी नेसनल ईन्स्टिच्युट अफ मेडिकल साईन्स(न्याम्स)मा गाभ्ने प्रकृतिको प्रचार वाजी गरेर संस्थालाई अपाङ्ग बनाई संस्थालाई अगाडी बढ्न नदिने प्रयत्न गरियो । त्यसैले मेडिकल कलेज स्वीकृतिका लागि दवावमूलक कार्य गरी सरकारलाई बाध्य पार्न सहयोग माग्दै राष्ट्रिय सहकारी महासंघ, केन्द्रीय संघहरु र उपत्यका र उपत्यका नजिक रहेका जिल्ला संघहरुसँग अनुरोध समेत गऱ्यौं । साथै सम्पूर्ण पूर्वाधार पुरा हुँदा हुँदै पनि सम्वन्धन नपाए बापत संस्थाले व्यहोर्न परेको आर्थिक समस्याबाट संस्थालाई जोगाउन सम्पूर्ण सहकारी कर्मीहरुसँग शेयर खरीद गरी सहयोग पुऱ्याउन समेत आह्वान गरेका थियौं र अझैपनि अनुरोध गर्दछौं ।

**शेयर सदस्य मित्रहरू,**

विगतका सरकारको निर्देशनका कारण लगातार ५ वर्ष (५ शैक्षिक सत्र) २०७० साल देखि नै विद्यार्थी भर्ना लिन हामीले पाएनौं। संस्थाले भण्डै २० करोडको दरले वार्षिक ब्याज तिर्दै जानु पर्‍यो।२०७१ पौषदेखि संस्थाले ब्याज तिर्न नसकेपछि नेपाल राष्ट्र बैंकबाट ब्याज पूँजीकरण (Interest Capitalization) गर्ने स्वीकृति लिई ब्याज समेत पूँजीकरण गरेर संस्थालाई बचाउँदै सहवित्तियकरणका बैंकहरुको सहयोग लिएर अहिलेसम्म बचाएका छौं।समयमा सम्वन्धन प्राप्त भएको भए हामी अहिलेको जस्तो आर्थिक संकटमा हुने थिएनौं।

यतिबेला हामी अत्यन्त चर्को आर्थिक संकटमा छौं। यो आर्थिक संकट समाधान गर्न यस सहकारीमा संगठित सम्पूर्ण शेयर सदस्यहरुले फराकिलो मन र हृदय लिई जुट्नु पर्ने अवस्था आएको छ। हामीले तत्काल निम्न कामका लागि निम्न अनुसार रकम जुटाउनु पर्नेछ।

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १. | हामीलाई अस्पताल उपकरण सप्लाई गर्ने सप्लायर्सहरुलाई तिर्नुपर्ने | रु.६,००,००,०००।- |
| २. | मेडिकल कलेजका लागि आवश्यक १०० रोपनी जमिन पुर्‍याउन दहचोकमा १० रोपनी जमिन उधारोमा पारित गरिदिने सर्वोत्तम हाउजिङ एण्ड उत्तम हाउजिङ्ग कम्पनीलाई तिर्नुपर्ने (यसमा ब्याज हिसाब गरिएको छैन) | रु. ३,००,००,०००।- |
| ३. | श्याम सुन्दर लुम्बिनी जे.भि.लाई भवन निर्माणको तिर्न बाँकी रकम | रु. १२,००,००,०००।- |
| ४. | का.म.न.पा.-१५, स्वयम्भूस्थित अस्पतालसँग जोडिएको ३३ आना जमिनको मुल्य प्रति आना १६ लाख ५० हजारले बैना रु. १,२५,००,०००।- तिरी बाँकी रहेको रकम | रु.४,१९,५०,०००।- |

यी माथिका ऋण तिर्न हामीले बैंकबाट कर्जा लिन पाउने अवस्था छैन। यतिबेला बैंकसँग हामीले लिएको ऋण र ईक्विटीको अनुपात७०:३० कायम छ. मेडिकल कलेजले सम्वन्धन पाएपछि यो अनुपातमा परिवर्तन पनि हुन सक्छ र हामीले बैंकसँग ऋण लिनु नपर्ने स्थिति पनि हुन सक्छ.

त्यसैले म आज संस्थालाई बचाउनका लागि सम्पूर्ण शेयर सदस्यहरु समक्ष कम्तिमा रु.१,००,०००।- का दरले शेयर थपि दिनुहोस्, सक्नेले त्यो भन्दा बढि पनि दिनुहोस .यसो गरेमा मात्र संस्था बाँच्न सक्छ भनेर संस्थाको अध्यक्षको हैसियतले म बाध्य भई आफ्नो सहकर्मी मित्रहरु माझ हात फैलाएको छु।हामी सदस्यहरु सक्रिय भएनौं भने हालसम्म हामीले प्राप्त गरेको उपलब्धि गुम्ने र संस्थाको अस्तित्व नै संकटमा पर्न सक्छ।सहकारीको माध्यमबाट गर्न खोजिएको नेपालकै सबैभन्दा ठूलो र मानिसको जीवन बचाउने र स्वास्थ्य शिक्षा दिने शैक्षिक संस्था, अस्पताल र Super Speciality सेवा प्रदान गर्नेउच्च स्तरको अस्पताल स्थापना गर्नेजस्तो महान कार्य असफल भई सिङ्गो सहकारी क्षेत्रमा नकारात्मक प्रभाव पर्न सक्छ।

यस घडीमा सम्पूर्ण शेयर सदस्यहरुमाझ आफूले सक्दो शेयर थपिदिएर संस्था बचाउन हार्दिक अनुरोध गर्दछु। हामी कानूनी बाटो अवलम्वन गरेर पनि मेडिकल कलेज स्थापना गरि छाड्ने सम्पूर्ण सदस्यहरुमाझ

अठोट व्यक्त गर्दछौं । मेडिकल कलेज स्थापनाका लागि हामीसँग अनेकौं बाटाहरु छन् ।सबै बाटाहरु अवलम्वन गरेर संस्थाको हित हुने गरि कार्य गर्नेछौं । साथै मेडिकल कलेज स्वीकृत हुने कार्य ढिला हुन गएमा पनि अस्पताललाई उच्च स्तरको सेवा दिन सक्ने २ वटा विषयमा Super Specialityसेवा दिने केन्द्र बनाएर भने पनि बैंकको ऋण तिर्न सक्ने र शेयर सदस्यहरुलाई लगानीको प्रतिफल दिन सक्ने हुनेछौं ।

तपाई हाम्रै सानो प्रयत्नबाट(प्रतिव्यक्ति रु. १,००,०००।-(अक्षरुपी एक लाख मात्र ।) का दरले रकम जम्मा गरी) सहकारीको माध्यमबाट नेपालकै सवभन्दा ठूलो शिक्षण अस्पताल तथा मेडिकल कलेज र Super Speciality अस्पताल स्थापना हुन गइरहेको छ । मेडिकल कलेज सञ्चालन गर्न नसक्दा बैंकको व्याज तिर्न र अधुरो भवनलाई पुरा गर्न कठिन भएको हाम्रो आजको समस्यालाई समाधान गर्न उच्चस्तरको सेवा(Super Speciality) दिन सक्ने अस्पतालको रुपमा यस अस्पताललाई सञ्चालन गरी बैंकको ब्याज र साँवा समेत तिर्ने व्यवस्था गर्न हामी तपाईहरुको प्रयत्नबाट सक्षम हुनेछौं । यसका लागि माथि उल्लेखित शेयर नीतिमा आधारित भई माथि प्रस्तुत व्यवसायिक योजना(Business Plan) सफल बनाउँदै हाम्रो संस्थाको प्रगति गर्न जरुरी छ । त्यसैले तपाई हामीले गाँस काटेर शुरू गरेको यो कार्य जति छिटो पूरा गर्न सक्छौं, त्यति नै हामी सफलताको सिँढी चढ्दै जानेछौं । यहाँहरूको सक्रिय सहयोग नभएमा हाम्रो मेडिकल कलेज परियोजना र यतिबेला तयार गरेको उच्च स्तरको विशेष सेवा (Super Speciality Service) सहितको अस्पताल सञ्चालन गर्ने योजना सफल बनाउदैं र संस्थाले लिएको ऋण तिर्ने योजना सफल बनाउनेछौं । त्यसैले हामीले प्रस्ताव गरेको इक्विटी उठाउने तथा सदस्यता विस्तार गर्ने योजनालाई पारित गरिदिन र यस अभियानमा आजैदेखि सक्रियतापूर्वक भूमिका निभाई दिन सम्पूर्ण शेयरसदस्य महानुभावहरूमा हार्दिक अनुरोध गर्दै यो वार्षिक प्रतिवेदनको अन्त्य गर्न चाहन्छु ।

**जय सहकारी** !

# नेपाल स्वास्थ्य सेवा सहकारी संस्था लि.को

## १३ औं वार्षिक साधारणसभा समक्ष लेखा सुपरीवेक्षण समितिको तर्फबाट

## प्रस्तुत आ.व. ०७४/०७५ को वार्षिक प्रतिवेदन

(सहकारी ऐन २०७४ को दफा ४९ को उपदफा १ (च) अनुसार )

*सभाध्यक्ष महोदय, प्रमूख अतिथिज्यू, विशेष अतिथिज्यूहरु, सञ्चालक समितिका पदाधिकारीज्यूहरु, अस्पताल व्यवस्थापन समिति एवं अन्य विभिन्न उप-समितिमा कार्यरत सहकर्मी मित्रहरु, संस्थाको आदरणीय शेयर सदस्यज्यूहरु, देशको चौथो अङ्गको रुपमा परिभाषित हुनु भएका पत्रकार मित्रहरु तथा अन्य आमन्त्रित महानुभावहरु र संस्थाको मेरुदण्डको रुपमा कार्यरत कर्मचारी मित्रहरुमा म स्वयम् र यस समितिको तर्फबाट हार्दिक न्यानो सहकारी अभिवादन टक्र्याउन चाहन्छु ।*

सर्वप्रथम १२ औं वार्षिक साधारण सभा सम्पन्न पश्चात् दिवंगत हुनु भएका नेपाल स्वास्थ्य सेवा सहकारी संस्था लि.का प्रमुख संरक्षक श्री भरतमोहन अधिकारी, शेयर सदस्यहरु बिदुरप्रसाद शर्मा, डा.र ामप्रसाद श्रेष्ठ, दामोदर शर्मा लगायत अन्य दिवंगत अज्ञात सदस्यज्यूहरु प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दछु ।

सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ ले वार्षिक प्रतिवेदनको कूनै ढांचा (नमुना) नतोकेको विद्यमान अवस्थामा यस समितिले सहकारी विभागबाट तत्काल जारी भएको मापदड २०६८ को दफा ११ को उपदफा ४ ले नै तोकेको ढाँचामा तयार गरि सोहि दफाको उपदफा ६ वमोजिम यस सम्मानित सभामा पेश गरेका छौं ।

समितिलाई प्राप्त जिम्मेवारी आत्मसाथ गर्दै सदस्य महानुभावहरुले विश्वासका साथ लेखा सुपरीवेक्षण समितिले गर्ने कार्यको जिम्मेवारी सुम्पिए देखि संस्थाको आर्थिक गतिविधिलाई सुष्म रुपले नियाल्ने र त्यसको अवलोकन नीरिक्षण तथा संस्थाको व्यवस्थापन परीक्षण लगायतका बिषयहरुमा यस समितिले आफ्नो प्रतिवेदन नियमित रुपले साधारण सभा हुनु अगावै सञ्चालक समितिमा पेश गरी सुधारका बिषयमा गहन छलफल गर्दै आएको व्यहोरा पुनः स्मरण गराउन चाहान्छौं । साथै यस आ.व. २०७४/०७५ को आन्तरिक लेखा परिक्षण गर्न G.S.N Associates चार्टर्ड एकाउन्टेन्टलाई नियूक्ति गरिएको सो फर्मले गरेको लेखा परिक्षणबाट प्राप्त भएका चौमासिक प्रतिवेदनहरु उपर समेत व्यवस्थापन तथा सञ्चालक समितिमा विस्तृत रुपमा छलफल गरि गराई नियमित गर्ने गराउने कार्यमा निरन्तर लागिरहेको ब्यहोरा यस सम्मानित सभामा जानकारी गराउन चाहान्छौं । साथै वित्तिय तथ्यांक सम्बन्धमा भने गत वर्ष भएको सम्मानित वार्षिक साधारण सभावाट नियुक्त हुनुभएको लेखा परीक्षक BRS Neupane & Co का प्रबन्ध साझेदार सि.ए. अनुप कुमार श्रेष्ठज्यूबाट लेखा परीक्षण गरी यहांहरु समक्ष पेश भएको वित्तिय विवरणहरुवाटै सबै तथ्यांकहरु स्पष्ट हुने नै हुदा यहां विस्तृत रुपले उल्लेख नगरिएको व्यहोरा पनि जानकारी गराउन चाहान्छौं । तसर्थ सोही प्रतिवेदन समेतको आधारमा बित्तिय विवरणहरुको परीक्षण गरि निम्नानुसारको साराँश प्रतिवेदन यस सार्वभौम साधारण सभा समक्ष पेश गर्ने अनुमति चाहान्छौं ।

## १. अघिल्लो साधारण सभा तथा व्यवस्थापनको निर्णयहरुको कार्यान्वयनको अवस्था :

अघिल्लो साधारण सभा मार्फत पारित भएको विषयहरु मध्ये निम्नानुसारका विषयहरु हालसम्म पनि व्यवस्थापन तथा सञ्चालक समितिबाट सुधार भएको नपाईएको हुनाले यस सम्मानित सभा मार्फत पुनः स्मरण गराउन चाहन्छौ ।

- **शेयर सदस्यबाट प्राप्त धरौटीः**

यस हिसाब अन्तर्गत शेयर धरौटी बापत आंशिक रुपमा गत/विगत आर्थिक वर्षदेखि नै विभिन्न व्यक्तिहरूबाट जम्मा गरिएको रकमलाई नीजहरूबाट जाहेर गरिएको प्रतिबद्धता अनुसारको रकम जम्मा गर्न लगाई शेयर पूँजीमा सार्ने व्यवस्था मिलाउन विगत वर्ष देखिनैं यस समितिको प्रतिवेदन अनुसार ब्यवस्थापनबाट पनि प्रतिबद्धता समेत व्यक्त भएकोमा सो कार्य यस अवधिभित्र पनि सम्पन्न भएको नपाइएको ।

(क) गत वर्ष शेयर पूँजी रु ४९,२७,७८,०००।- भएकोमा यस वर्ष ०.१४ प्रतिशतले रु ६,८९,९५०।- न्यून भै रु ४९,२०,८८,०५०।- भएको छ । ब्यक्तिगत शेयर खाता मिलान/भिडान Reconciliations नभएको कारणले प्रति शेयरको अंकित मुल्य रु १,०००।- भएकोले १,०००।- अंकले भाग जाने शेयर हुनुपर्नेमा रु ५०।- को किता समेत देखिएको हुनाले सो शेयर पुँजी रकम पनि रु १०००।- कै अंकमा हुनु पर्ने देखिएको छ ।

(ख) शेयर पूँजी रु ४९.२१ करोड र शेयर पूँजीको लागी अग्रिम प्राप्त रु १.९२ करोड समेत जम्मा रु ५१.१३ करोड ईक्विटी भएको संस्थाको सञ्चित घाटा र (नोक्सानी) रु १०१.४४ करोड पुगि सकेकोतर्फ पनि सम्मानित सभा मार्फत ध्यानाकर्षण गराएका छौं ।

(ग) गत वर्ष रु ४४.५२ करोड आम्दानी हुँदा रु ९.२७ करोड सञ्चालन घाटा भएकोमा यस वर्ष आम्दानीमा रु ९.५५ करोड अर्थात २१.४५ प्रतिशत बृद्धि भै ५४.०७ करोड पुग्दा सञ्चालन घाटामा पनि ०.३२ % बृद्धि भै यस वर्ष मात्र रु ९.५९ करोड सञ्चालन घाटा भएको छ । संस्थाको हालको व्ययभार थेग्ने गरि दीर्घकालीन आय श्रोत विना संस्थाको निरन्तरता प्रति नै प्रश्न चिन्ह खडा भै सकेको तर्फ पनि ध्यान आकृष्ट गराउदै गत वर्षको तुलनामा यस वर्ष निम्न लिखित मुख्य मख्य शिर्षकमा निम्न बमोजिम खर्च वृद्धि भएको देखिन्छ । संस्थाले स्थायी प्रकृतिका आयमुलक योजना तयार गरी कार्यान्वयनमा ल्याउन प्रयास गरेता पनि वाञ्छित उपलब्धि देखिएन । यो वर्ष मात्र आम्दानी रु ५४ करोड ७ लाख र खर्च ६३ करोड ६६ लाख भै रु ९ करोड ५९ लाख घाटा भएको पनि पुनः स्मरण गराउँदछौं । गत वर्ष यस्तो घाटा रु ९ करोड २७ लाख थियो । गत वर्ष भन्दा यस वर्ष ९ करोड ५४ लाख ले आम्दानी बृध्द्वि हुदा पनि गत वर्ष भन्दा यस वर्ष घाटा घटन नसके को व्यहोरा यस सम्मानित सभामा पुनः स्मरण गराउन चाहान्छौं । मनमोहन मेमोरियल पूर्वाञ्चल क्षेत्रीय सामुदायिक अस्पताल, झापालाई सञ्चालन गर्ने वा नगर्ने सबन्धमा गठित समितिको कार्य पनि पुरा भएको नदेखिएको हुनाले सो कार्यलाई पूर्ण गराउन पुनः सुझाव गरिन्छ ।

| शिर्षक | यस वर्षको खर्च | गत वर्षको | खर्च वृद्धि (अंक हजारमा रकम प्रतिशत) |
|---|---|---|---|
| १. सञ्चालन खर्च | ३,१९,३४०।- | २,९२,५३४।- | २६,८०६।- (९.१६%) |
| २. प्रशासनिक खर्च | १,२०,७८४।- | ८०,४००।- | ४०,३८४।- (५०.२३%) |
| ३. ब्याज खर्च | १,३१,३९०।- | ९६,७३२।- | ३४,६५८।- (३५.८३%) |

(घ) संस्थाले ब्याज तिरि संकलन गरेको कोष मध्येवाट धरौटी पेश्की सण्डी डेटर्स र अग्रीम भूक्तानी वापत को वित्तिय विवरणको अनुसुची १०, ११ र १२ को रकमहरु विगत १० वर्ष देखि नै फछ्यौट नभई बाकी रहेको रकम सञ्चालक समितिको निर्णय अनुसार २०७६ भाद्र मसान्तमा अनिवार्य असुल उपर गराउन सञ्चालक समितिलाई पुनः विशेष ध्यानाकर्षण गराईएको ब्यहोरा यस सम्मानित सभामा जानकारी गराउँदछौं । संस्थामा कार्यरत कर्मचारी ब्यवस्थापन उप-समिति र सञ्चालकहरुको पेश्की देखिनु संस्थागत सुशासन विपरित हुने व्यहोरा समेत यस सम्मानित सभामा जानकारी गराउँदछौं ।

(ङ) सहकारी ऐन २०७४, सहकारी निमावली २०७५ र सो अनुसार हाल सम्म जारी गरिएका निर्देशिकाहरु र भविष्यमा नियमनकारी निकायहरुले जारी गर्ने निर्देशनहरु पुर्णरुपले पालना गर्नु पर्ने तर्फ पनि संस्थाको सर्वोच्च अंगको रुपमा परीभाषित यस सम्मानित सभामा उपस्थित सबै शेयर सदस्य महानुभावहरु मार्फत सञ्चालक समिति लगायत सम्बन्धित सबै अधिकारीहरुको ध्यान आकृष्ट गराउन चाहान्छौं ।

- साधारण सभाद्वारा पारित भएको निर्णयहरुको समीक्षा गरी पुर्ण रुपले कार्यान्वयन गरेको पाइएन ।
- संस्थाको रणनीतिक योजनालाई सफल पार्ने कार्यक्रम तयार गरी सञ्चालन भएको पाइएन ।
- संस्थागत (Corporate culture) रुपमा संस्था ब्यवसायीकरण हुन नसकेको देखिन्छ ।
- संस्थागत सुशासनको पालना पूर्ण रुपले हुन नसकेको ।
- Poverty Fund

  गरिब बिरामीहरुको उपचारार्थ र गरिब, जेहेन्दार विद्यार्थीलाई सहयोग गर्न खडा गरीएको Poverty Fund को रकम छुट्टै बैंक खाता खोली कार्यविधि बनाई खर्च गर्न पुनः सुझाव दिईन्छ ।
- **संस्थाको वित्तिय विवरण**

  संस्थाले आफ्नो वित्तिय विवरण तयार गर्दा नियामनकारी निकाय नेपाल चार्टर्ड एकाउन्टेन्स संस्थाद्धारा जारी गरिएको NFRS ( Nepal Financials Reporting Standards) ले तोके अनुसार नै गरि तयार गर्ने पुनः सुझाव दिएकाछौं ।

**२. आ.व ०७४/०७५ मा बसेको बैठक संख्या निर्णयहरु र निर्णयहरुको कार्यान्वयनको अवस्था :**

आ.व ०७४/०७५ मा संस्थाको सञ्चालक समितिको बैठक १७ पटक बसेको र बैठकले गरेका कतिपय निर्णयहरु पुर्णरुपले पालना नभएकोले सवै निर्णयहरु पुर्णरुपले पालना गर्न पुनः सुझाव गरिएको छ ।

**३. सहकारी विभागबाट जारी गरिएका परिपत्र तथा निर्देशिकाहरुको पालना सम्बन्धि विवरण :**

सहकारी विभागवाट जारी परिपत्र तथा निर्देशिकाहरुले पुर्ण रुपमा पालना गर्नका लागि सुझाव गरेका छौं।

**४. कर्मचारी प्रशासन सम्बन्धि व्यवस्थाहरु :**

कर्मचारी प्रशासन सम्बन्धि नियामावलीलाई एकरुपता तथा पूर्णरुपमा पालना गर्नु पर्ने यस समितिले सुझाव राख्दै आएको र कार्यरत कर्मचारीहरुमा कार्य विवरण, जिम्मेवारी तथा उत्तरदायित्व वोध गराउने तर्फ संस्थाका व्यवस्थापनलाई यस सार्वभौम सभा मार्फत सञ्चालक समितिमा पुनः सुझाव दिएका छौं।

**५. यस समितिले यस अधि दिईएको प्रतिवेदन बमोजिमका सुझावहरुको कार्यान्वयनको अवस्था :**

यस समितिले यस अधि दिएका सुधारात्मक विषयहरुमा सञ्चालक समितिले प्रतिबद्धता गरेका सुझावहरु मध्ये बाँकी रहेका विषयहरुमा पुनः कार्यान्वयन गर्नका लागी सुझाव गरेका छौ ।

**६. यस समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरु :**

क) संस्थाले मेडिकल कलेजका लागि आवश्यक आधुनिक उपकरणहरु सहित अस्पताल समेत सञ्चालन गरि सकेको अवस्थामा नेपाल सरकार ले पटक पटक आशय पत्र नविकरण समेत गरेको अवस्थामा पनि सम्बन्धन प्राप्त नभएको कारणले गर्दा मेडिकल कलेज सञ्चालनमा ल्याउन नसकेको हुदा संस्थाको सम्पत्तिको उचित प्रयोग नभएको स्पष्ट देखिन्छ भने अर्कोतिर कलेज तथा अस्पतालमा प्रयोग हुने उपकरणहरु नियमितरुपले प्रयोग नभएमा पछि विभिन्न कारणले प्रयोगमा नै ल्याउन नसकिने समेत सम्भावना रहेकोले यति धेरै जनताको सम्पत्ति प्रयोग गरि निर्माण भएको संस्थाको सम्पत्तिको उचित संरक्षण भएको समेत मान्न नसकिने अवस्था देखिन्छ । अतः यस बिषयमा नेपाल सरकार लगायत सम्बन्धित सबै सरोकार पक्षको ध्यान पुनः आकृष्ट गराउन चाहान्छौं ।

ख) बाह्य लेखा परीक्षकको प्रारम्भिक (व्यवस्थापन पत्र) तथा अन्तिम प्रतिवेदन, यस समितिको प्रतिवेदन र वित्तिय विवरणहरुको अभिन्न अगंको रुपमा रहेको प्रमुख लेखा नीतिहरु र लेखा सम्बन्धि टिप्पणीहरुमा उल्लेख भएका कमि कमजोरीहरु सुधार गदै जानुका साथै पुनः त्यस्ता कमि कमजोरीहरु दोहोरिन नदिनको लागि सञ्चालक समिति पुनः ध्यान आकृष्ट गराउन चाहान्छौं ।

ग) संस्थाको आर्थिक प्रसाशन सम्बन्धि नियमावली पूर्णरुपमा लागु नभएको हुँदा आर्थिक बर्ष २०७४।७५ मा संस्थामा भएका संचालन खर्च, सम्पत्ति खरिद र सापटी आदी लाई नियन्त्रण गर्ने प्रणाली चुस्त दुरुस्त हुन नसकेको तथा विभिन्न शीर्षकमा गरेका खरिद, खर्च र यसका लागि अवलम्बन गरेका माग फारम खरिद आदेश, भण्डार दाखिला तथा जिन्सी समान वितरण गर्दा प्रक्रियागत एकरुपता हुन नसकेको, हिसावमा देखिएका रकमहरु एक आपसमा मिलन/भिडान (Reconciliation) नगरि यथास्थितमा रहेकोले हिसाबको सम्बन्धित शीर्षकले संस्थाको कारोवारको यर्थाथ चित्रण नगर्ने हुन आउछ । अतः यस्ता कमी कमजोरीहरु पुनः दोहोरिन नदिनको लागि सञ्चालक समिति मार्फत सम्बधित अधिकारीहरुको पुनः ध्यान आकृष्ट गराउन चाहान्छौं ।

घ) संस्थाको सर्वोच्च अङ्गको रुपमा रहेको यस सभामा शेयर सदस्यज्यूहरुको प्रतिनिधिको आवश्यक निति नियम तयार गरि रुपमा संस्थाको कार्य गर्न निर्वाचन गरि पठाउनु भएको सञ्चालक समितिले गरे

का कार्यहरुको सहकारी ऐन २०७४ को दफा ४९ को उपदफा १ (क) अनुसार GSN Associates (Chartered Accounttants) मार्फत आन्तरिक लेखापरिक्षण गराई सो फर्मवाट प्राप्त प्रतिवेदन उपर छलफल गरि गराई यथार्थ स्थितिको जानकारी गराउन यहांहरुले दिएको जिम्मेवारीलाई हाम्रो विवेक, योग्यता, क्षमताले भ्याए सम्मको कार्य गरे/गराएको हामीले महसुस गरे पनि सो को मुल्यांकन गने कार्य भने आदरणीय शेयर सदस्य माहानुभावहरु लाई नै सुम्पिदै हामि सबैको चासोको बिषय रहे को यस संस्थाको दिगो विकासमा आफ्नो अमूल्य योगदान पुर्‍याउनु हुने नै छ भन्ने विश्वासका साथ सञ्चालक समितिका अध्यक्षज्यू लगायत सम्पूर्ण सञ्चालकज्यूहरु, अन्य उप-समितिहरुको संयोजकज्यू लगायतका सदस्यज्यूहरु र संस्थाको मेरुदण्डको रुपमा कार्यरत सम्पूर्ण कर्मचारीहरुबाट प्राप्त सहयो गको लागि धन्यवाद दिंदै यो प्रतिवेदन यही अन्त्य गर्ने अनुमति चाहन्छु ।

धन्यवाद !

जय सहकारी

| दुर्गा प्रसाद आचार्य | देवनारायण चौलागाई | कमल खरेल |
|---|---|---|
| सदस्य | सदस्य | संयोजक |

मितिः २०७६/०३/१६

BRS Neupane & Co.
Chartered Accountants
Kumari Marg, House No. 43
P.O. Box 8137, Naxal,
Kathmandu, Nepal

Tel : 977-1- 4411314
Fax : 977-1- 4420572
E-mail : chartered@brs.com.np
Web : www.brs.com.np

**BRS Neupane & Co.**

## नेपाल स्वास्थ्य सहकारी संस्था लिमिटेडका
## शेयरधनी महानुभावहरु समक्ष लेखापरीक्षकको प्रतिवेदन

१. हामीले नेपाल स्वास्थ्य सहकारी संस्था लिमिटेडको (यस पछि "संस्था वा नेको" भनिएको) यसैसाथ संलग्न ३२ आषाढ, २०७५ (१६ जुलाई २०१८) को वासलात, सोही मितिमा समाप्त वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तनको विवरण र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरको छौं।

**वित्तीय विवरणहरु प्रति व्यवस्थापनको जिम्मेवारी**

२. नेपाल लेखामान तथा नेपाल वित्तिय प्रतिवेदन मापदण्ड (Nepal Financial Reporting Standards - NFRS) अनुरुप यर्थाथ र उचित चित्रण गर्ने वित्तिय विवरणहरु तयार एंवम् प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनको रहेको छ। यी जिम्मेवारी अर्न्तगत सारभूत किसिमले त्रुटि रहित वित्तिय विवरण तयार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र सञ्चालन गर्ने, लेखानीतिहरुको छनोट तथा लागु गर्ने एंवम् परिस्थिती अनुसार लेखासम्वन्धि महत्वपूर्ण अनुमान गर्ने कार्य पर्दछन्।

**लेखापरीक्षकको जिम्मेवारी**

३. हाम्रो लेखापरीक्षणको आधारमा यी वित्तीय विवरणहरु उपर मन्तव्य व्यक्त गर्नु हाम्रो जिम्मेवारी हो। हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षण मान वमोजिम सम्पन्न गर्यौं। यी मानहरुले हामीलाई व्यवसायिक नैतिकताको पालना गर्न तथा वित्तिय विवरणहरु सारभूत रुपमा त्रुटिरहित भएको वारेमा मनासिव आश्वासन प्राप्त गर्न, लेखापरीक्षणको योजना वनाउन र लेखापरीक्षण सम्पन्न गर्न अनिवार्य गराउछन्।

लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणमा उल्लेखित रकम र खुलासालाई पुष्ट्याँई गर्ने प्रमाण प्राप्त गर्ने सम्वन्धी सम्पादन कार्यविधी संलग्न हुन्छ। यसरी छनोट गरिएको कार्यविधि चाहे जालसाजी वा गल्तिबाट होस्, सारभुत रुपमा त्रुटियुक्त प्रस्तुति हनु सक्ने जोखिमको लेखाजोखा सहित हाम्रो व्यवसायिक निर्णयमा आधारित छ। त्यसरी जोखिमको लेखाजोखा गर्ने क्रममा, हामीले संस्थाको आन्तरिक नियन्त्रण उपरनै राय व्यक्त गर्ने उद्धेश्यले नभई, परिस्थिति अनुसार हाम्रो लेखापरीक्षण कार्यविधि तयार गर्दा, संस्थाले वित्तिय विवरण तयार गर्ने क्रममा अवलम्बन गरेको आन्तरीक नियन्त्रण प्रणालीको विश्लेषण पनि गरेका छौं। लेखापरीक्षणमा व्यवस्थापनद्धारा प्रयोगमा ल्याईएका लेखा सिद्धान्तहरु एवम गरिएका महत्वपूर्ण अनुमानहरुको उपयुक्तता तथा मुल्याङ्कन साथै समग्र वित्तिय विवरण प्रस्तुतिको लेखाजोखा समेत समावेस हुन्छ।

हाम्रो लेखापरीक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार तयार गर्ने कुरामा हामी विस्वस्त छौं।

A member of Nexia International

BRS Neupane & Co. Kathmandu Nepal Chartered Accountants

**मन्तव्य**

४. हाम्रो विचारमा, हामीले गरेको लेखा परीक्षणबाट यस प्रतिवेदनको अभिन्न अंगको रुपमा रहेको यसै साथ सलंग्न अनुसुचीको उल्लखित बुँदाहरु तथा सो बुँदाहरुले वित्तिय विवरणमा पार्ने असरहरु बाहेकः

क) संस्थाको सन्चालक समिति वा त्यसका सदस्य वा कुनै प्रतिनिधी वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानुन विपरित कुनै काम गरेको वा सहकारी संस्थाको सम्पत्ति हिनामिना गरेको वा सहकारी संस्थाको हानी नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन ।

ख) यस संस्थाले गरेको कारोबार आफ्नो अख्तियारी भित्र रहेको देखिन्छ ।

ग) २०७५ आषाढ ३२ (१६ जुलाई २०१८) को वित्तिय स्थिति र सो मितिमा प्राप्त भएको यसै आर्थिक वर्षको संचालन नतिजा, नगद प्रवाह र इक्विटीमा भएको परिवर्तन प्रचलित कानुनका अधिनमा रही लागु गर्न सकिने हद सम्म नेपाल लेखामान अनुसार यर्थाथ चित्रण गरेको छ र सहकारी ऐन २०७४ र संस्थाको बिनियम २०६२ (संसोधन सहित) समेतको आधारमा तयार गरेको पाईयो ।

घ) नेपाल चार्टर्ड एकाउन्टेन्स संस्थाद्वारा जारी गरिएको नेपाल वित्तिय प्रतिबेदन मापदण्ड (Nepal Financial Reporting Standards - NFRS) अनुरुप वित्तिय विवरण तयार गर्नु पर्नेमा सो अनुरुप तयार नगरिएकोले उक्त मापदण्ड अनुरुप तयार हुने वित्तिय विवरणमा हुन सक्ने फरक असर प्रति हामीले आफ्नो मन्तव्य दिएका छैनौं ।

**बिषय अनुच्छेदको जोड** (Emphasis of Matter Paragraph)

५. हालसम्म पनि संस्थालाई एम. बि. बि. एस कक्षा सन्चालनका लागि सम्वन्धित निकायबाट सम्बन्धन प्राप्त हुन नसकेको, गत आर्थिक वर्षको अन्त्य सम्म संस्थाको कुल सञ्चित नोक्सान रु ९३.४२ करोड पुगिसकेको र यो आर्थिक वर्षमा पनि थप रु ९.५९ करोड नोक्सानी भएकोले हालको व्यय भारलाई थेग्ने अन्य दीर्घकालिन आय श्रोत वा पूँजी पुर्नसंरचनाको तुरुन्त कार्यान्वयन बिना संस्थाको निरन्तरता प्रति शेयर धनीहरु अझ गम्भीर हुनु जरुरी छ ।

**लेखापरीक्षण प्रतिबेदनको बुँदा नं ४ सँग सम्बन्धीत अनुसूची**

१. सदस्य दर्ता र शेयर दर्ता किताब/प्रोफेशनल शेयर सफटवेयर अध्यावधिक नहुनु तथा प्रोत्साहन शेयर बापत शेयरधनीलाई विभिन्न समयमा वितरण भएको शेयर पुँजी हालसम्म पनि लेखांकन नहुनु जस्ता कारणहरुले शेयर सदस्यहरुले खरिद गरेको वास्तविक शेयर संख्या यकिन गर्न नसकिएको तथा वासलातमा देखिएको शेयर पुंजीको रकम र शेयर दर्ता किताब/ प्रोफेशनल शेयर सफटवेयरमा दखिएको शेयर पुंजीको रकममा रु. ५४,९६५,५०० को फरक दखिएकोले सो रकम मिलान गर्नुपर्ने ।

२. सहकारी संघ/संस्था दर्ता, संचालन, लेखा परीक्षण, अनुगमन तथा नियमन सम्वन्धी मापदण्ड, २०६८ को दफा ८ मा समावेश " शेयर खरीद र अन्य सहकारीमा लगानी सम्वन्धी मापदण्ड" लाई पालना नगरी यस आ.व. को अन्त्य सम्ममा निजी व्यवसाय, कम्पनी वा फर्ममा लगानी गरिएको रकम रु १६.८४ करोड संचालक समितिका पदाधिकारीहरुबाट फिर्ता गरी लिई नसकेको । साथै विभिन्न लगानीहरु मध्य संस्थाले लेखापरीक्षण अवधी सम्ममा रु ३,९१५,००० को लगानी पुष्ट्याँई गर्ने प्रमाण पेश हुन आएन ।

३. नेपाल लेखामान तथा लेखाको सर्वमान्य सिद्धान्त (प्रोदभावी) अनुरुप भविष्यमा भुक्तानी गर्नुपर्ने वर्षान्त सम्मको बिदा तथा उपदानको भुक्तानी दायित्व वापतको व्यवस्था गर्नपर्नेमा सोको पर्याप्त व्यवस्था गरिनुपर्ने ।

BRS Neupane & Co. Chartered Accountants Kathmandu Nepal

४. नेपाल लेखामान ०९ अनुरुप स्थगन कर सम्पत्ति तथा दायित्वको लेखा नीति अनुसरण गरी लेखांकन गर्नुपर्ने ।

५. नेको अर्न्तगत संचालित मनमोहन मेमोरियल पुर्वाञ्चल क्षेत्रिय सामुदायिक अस्पताल झापाले नेको संचालक समितिको स्वीकृति तथा निर्णय बिना पुर्वाञ्चल स्वास्थ्य सेवा सहकारी संस्था लि.को नामबाट नेपाल क्रेडिट एण्ड कमर्स बैंक लि. झापामा खाता संचालन गरेको पाईयो ।

६. व्यवस्थापनले यस आर्थिक वर्षको वित्तिय विवरणमा सम्बन्धित व्यक्तिसँगको कारोबारलाई नेपाल लेखामान १६ अनुसार देखाईनु पर्ने ।

७. सहकारी ऐन २०७४ अनुरुप पालना गर्नुपर्ने निम्न प्रावधानहरु :

- ऐनको दफा ७३ अनुरुप रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीसमक्ष पेश गर्नुपर्ने कारोबारको चौमासिक र बार्षिक प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन, वार्षिक कार्यक्रम, नीति तथा योजना, संचालकको नाम, शेयर सदस्य सङ्ख्या तथा शेयर पूँजी सम्बन्धी विवरण बुझाउने व्यवस्था गर्नुपर्ने ।
- ऐनको दफा ६३ अनुरुप सहकारी संस्थाको शेयरको अंङ्कित मुल्य प्रति शेयर एक सय रुपैया रहने प्रावधान रहेको भए पनि संस्थाको अंङ्कित मुल्य प्रति शेयर रु एक हजार रहेको पाईयो ।
- ऐनको दफा ४१ अनुरुप सन्चालक समितिको चयन साधारण सभाले गर्ने र सन्चालक समितिको सदस्य सोही संस्थाको कर्मचारी रहन नपाउने प्रावधान रहेको मा सो पालना भएको पाईएन् ।

८. आय कर ऐन २०५८ को दफा ९५ अनुरुप संस्थाले बुझाउन पर्ने रकमको अनुमान उल्लेख गरी सोको विवरण विभागबाट तोकिएको ढाँचा र तरिकामा विभागमा पेश गर्नुपर्ने प्रावधान रहेकोमा सो को पालना नभएको ।

९. श्रम मन्त्रालय द्वारा जारी श्रम ऐन २०७४ अनुरुप श्रमिकलाई दिइनुपर्ने बिभिन्न सुबिधा तथा व्यवस्थाहरुको पालना नगरिएको ।

मिति : २०७५.०९.२९
स्थान : काठमाण्डौं, नेपाल

सि. ए. अनुप कुमार श्रेष्ठ
प्रबन्ध साझेदार
बि. आर. एस न्यौपाने एण्ड कम्पनी
चार्टर्ड एकाउन्टेन्स्

# नेपाल स्वास्थ्य सेवा सहकारी संस्था लिमिटेड

स्वयम्भू-१५, काठमाण्डौं

२०७५ साल आषाढ मसान्तको

## वासलात

| पूंजी तथा दायित्व | अनुसूची | चालु आ.व. रु | गत आ.व.रु |
|---|---|---|---|
| शेयर पूंजी | | ४९२,०८८,०५०.०० | ४९२,७७८,०००.०० |
| शेयर सदस्यताको लागि डिपोजिट | | १९,१६३,५००.०० | १८,०८६,७००.०० |
| जगेडा तथा अन्य कोषहरु | १ | (८३१,९००,२९१.०८) | (७४२,२६१,८७२.७१) |
| कोष तथा व्यवस्था | २ | २६५,३१९,५४४.१६ | २६३,५७०,८७०.०४ |
| कर्जा सापटी | ३ | २,०९०,००४,४३८.१७ | १,९१४,१६८,००४.५४ |
| भुक्तानी दिनुपर्ने हिसाब | ४ | १९६,०९२,३५५.३० | ३५२,६३४,८५६.४८ |
| अन्य दायित्वहरु | ५ | ३१,२५७,५२०.५९ | १७,६७७,१६९.२९ |
| **कूल जम्मा** | | **२,२६२,०२५,११७.१४** | **२,३१६,६५३,७२७.६४** |
| | | | |
| **सम्पति तथा जायजेथा** | | **चालु आ.व. रु** | **गत आ.व.रु** |
| स्थिर सम्पति | ६ | १,५७२,९६४,२५२.०५ | १,६१३,६५६,३६७.९० |
| पुंजीगत कार्य प्रगति | ७ | ५१२,१९४,८८३.९९ | २९३,२६७,१४५.३९ |
| लगानी हिसाब | ८ | १६,८४२,०००.०० | १६,८३२,०००.०० |
| नगद तथा बैंक मौज्दात | ९ | २३,९९१,९२७.४७ | १८,५५४,३७४.४० |
| धरौटी तथा पेश्की हिसाब | १० | २९,११८,७६०.४१ | २०,९४७,२१९.०७ |
| सण्ड्री डेटर्स | ११ | ४२,३३२,५१०.२६ | ५७,१७१,८०८.२१ |
| अग्रीम भुक्तानी | १२ | ५०,५९७,२८६.६० | २९३,०७२,०६४.८९ |
| स्टोर अन्तिम मौज्दात | १३ | १३,९८३,४९६.३६ | ३,१५२,७४७.७८ |
| **कूल जम्मा** | | **२,२६२,०२५,११७.१४** | **२,३१६,६५३,७२७.६४** |

प्रमुख लेखा नीतिहरु १९

लेखा सम्बन्धी टिप्पणीहरु २०

आजको मितिको संलग्न प्रतिवेदन को आधारमा

राजेन्द्र प्रसाद पाण्डे
अध्यक्ष

सि.ए. अनुप कुमार श्रेष्ठ
प्रबन्ध साझेदार
बि.आर.एस.न्यौपाने एण्ड कम्पनी
चार्टर्ड एकाउन्टेन्ट्स

Kathmandu Nepal Accountants

डा. बंशीधर मिश्र
उपाध्यक्ष

जीवेन्द्रप्रकाश शर्मा
उपाध्यक्ष

सरला के.सी.
उपाध्यक्ष

डा. रामकुमार अधिकारी
सचिव

हेमलता मुडभरि (धिताल)
सहसचिव

जीवनारायण बराल
कोषाध्यक्ष

उत्तमदेवी श्रेष्ठ
सञ्चालक

शिवकुमारी शिखा
सञ्चालक

डा. अरुणमणि दिक्षित आचार्य
सञ्चालक

डा. रामस्वरुप सिन्हा
सञ्चालक

अर्जुन प्रसाद पाण्डे
सञ्चालक

डा. [illegible] बहादुर क्षेत्री
सञ्चालक

कृष्ण कुमार थापा
सञ्चालक

इन्दिरा कुमारी चौलागाई गौतम
सञ्चालक

कमल बरेल
लै.सु.स. संयोजक

देवनारायण चौलागाई
लै.सु.स. सदस्य

दुर्गा प्रसाद आचार्य
लै.सु.स. सदस्य

प्रदिप कडेल
लेखा अधिकृत
मिति :
स्थान : काठमाडौं

# नेपाल स्वास्थ्य सेवा सहकारी संस्था लिमिटेड

स्वयम्भू-१५, काठमाण्डौं

## आय विवरण

श्रावण १, २०७४ देखि आषाढ ३२, २०७५ सम्म

| विवरण | अनुसूची | चालु आ.व. रु | गत आ.व.रु |
|---|---|---|---|
| संचालनबाट आम्दानी | १४ | ५२१,३१८,१४५.८८ | ४२९,६८०,३६१.३६ |
| संचालनमा खर्च | १५ | ३१९,३३९,५७०.२७ | २९२,५३४,२४६.८९ |
| **खुद संचालन आम्दानी** | | २०१,९७८,५७५.६१ | १३७,१४६,११४.४७ |
| अन्य आम्दानी | १६ | १९,२६९,७३३.३१ | १५,५२७,०३०.८४ |
| **कुल संचालन आम्दानी** | | २२१,२४८,३०८.९२ | १५२,६७३,१४५.३१ |
| प्रशासनिक खर्च | १७ | १२०,७८४,०४०.७६ | ८०,४००,१५९.७६ |
| ब्याज खर्च | १८ | १३१,३८९,९४१.५६ | ९६,७३१,५८०.५९ |
| ह्रास कट्टी खर्च | ६ | ६४,९९३,६६०.८२ | ६८,९१२,६९०.५५ |
| लगानी व्यवस्थाबाट फिर्ता | | - | (१,०००,०००.००) |
| **संचालन बचत (घाटा)** | | (९५,९१९,३३४.२२) | (९२,३७१,२८५.५९) |
| अघिल्ला वर्षका खर्च | | - | ३०९,१५९.०० |
| **अघिल्ला बर्षका खर्च पछिको संचालन मुनाफा** | | (९५,९१९,३३४.२२) | (९२,६८०,४४४.५९) |
| आयकर व्यवस्था | | - | - |
| **कर पछिको खुद बचत/(घाटा)** | | (९५,९१९,३३४.२२) | (९२,६८०,४४४.५९) |

आजको मितिको संलग्न प्रतिवेदन को आधारमा

राजेन्द्र प्रसाद पाण्डे
अध्यक्ष

(अस्पष्ट)को मितिको संलग्न प्रतिवेदन को आधारमा

सि.ए. अनुप कुमार श्रेष्ठ
प्रबन्ध साझेदार
बि.आर.एस.न्यौपाने एण्ड कम्पनी

डा. वंशीधर मिश्र
उपाध्यक्ष

जीवनप्रकाश शर्मा
उपाध्यक्ष

सरला के.सी.
उपाध्यक्ष

डा. रामकुमार अधिकारी
सचिव

हेमलता मुद्धमरि (घिताल)
सह(सचिव)

जीवनारायण बराल
कोषाध्यक्ष

उत्तमदेवी श्रेष्ठ
सन्चालक

शिवकुमारी सिंखडा
सन्चालक

डा. अरुणमणि दिक्षित
सन्चालक

डा. रामस्वरुप सिन्हा
सन्चालक

अर्जुन प्रसाद पाण्डे
सन्चालक

डा. बैद बहादुर क्षेत्री
सन्चालक

कृष्ण कुमार थापा
सन्चालक

इन्दिरा कुमारी चौलागाई गौतम
सन्चालक

कमल खरेल
ले.सु.स. संयोजक

देवनारायण चौलागाई
ले.सु.स. सदस्य

दुर्गा प्रसाद आचार्य
ले.सु.स. सदस्य

प्रदिप कढेल
लेखा अधिकृत
मिति :
स्थान : काठमाडौं

# नेपाल स्वास्थ्य सेवा सहकारी संस्था लिमिटेड

स्वयम्भू-१५, काठमाण्डौं

## बचत/घाटा बाँडफाँड हिसाब

श्रावण १, २०७४ देखि आषाढ ३२, २०७५ सम्म

| विवरण | यस वर्ष (रु.) | गत वर्ष (रु.) |
|---|---|---|
| **आम्दानी** | | |
| १. गत वर्षसम्मको संचित बचत | - | - |
| २. यस वर्षको बचत | - | - |
| ३. अन्य जगेडा कोषबाट सारिएको | - | - |
| ४. शेयर प्रिमियमबाट सारिएको | - | - |
| ५. पूँजी समायोजन कोषबाट सारिएको | - | - |
| जम्मा | - | - |
| **खर्च** | | |
| १. गत वर्षसम्मको संचित घाटा | ९१८,४८८,५६५.८३ | ८४१,५६३,०३०.८४ |
| २. अन्य जगेडा कोषबाट सारिएको | - | - |
| ३. यस वर्षको घाटा | ९५,९१९,३३४.२२ | ९२,६८०,४४४.५९ |
| ४. संरक्षित पूँजी फिर्ता कोष | - | - |
| ५. सहकारी विकास कोष | - | - |
| ६. शेयर लाभांश कोष | - | - |
| ७. घाटा पूर्ति कोष | - | - |
| ८. सदस्य शिक्षा कोष | - | - |
| ९. जगेडा कोष | - | - |
| १०. कार्मचारी बोनस कोष | - | - |
| ११. स्थगन कर जगेडा | - | - |
| जम्मा | १,०१४,४०७,९००.०५ | ९३४,२४३,४७५.४३ |
| १५. सञ्चित सुनाफा/ (नोक्सान) | (१,०१४,४०७,९००.०५) | (९३४,२४३,४७५.४३) |

आजको मितिको संलग्न प्रतिवेदन को आधारमा

राजेन्द्र प्रसाद पाण्डे
अध्यक्ष

सि.ए. [illegible] कुमार श्रेष्ठ
प्रमुख साझेदार
बि.आर.एस. न्यौपाने एण्ड कम्पनी
चार्टर्ड एकाउन्टेन्ट्स

डा. वंशीधर मिश्र
उपाध्यक्ष

[illegible] शर्मा
उपाध्यक्ष

सरला के.सी.
उपाध्यक्ष

डा. रामकुमार अधिकारी
सचिव

हेमलता सुवेदी (घिमाल)
सहसचिव

श्रीविनारायण बराल
कोषाध्यक्ष

उत्तमदेवी श्रेष्ठ
सन्चालक

शिवकुमारी लिम्बु
सन्चालक

डा. अरुणमणि दिक्षित
सन्चालक

डा. रामस्वरुप सिन्हा
सन्चालक

कर्जुन प्रसाद पाण्डे
सन्चालक

डा. [illegible] बहादुर क्षेत्री
सन्चालक

कृष्ण कुमार थापा
सन्चालक

इन्दिरा कुमारी चौलागाईं गौतम
सन्चालक

कमल खरेल
ले.सु.स. संयोजक

देवनारायण चौलागाईं
ले.सु.स. सदस्य

दुर्गा प्रसाद आचार्य
ले.सु.स. सदस्य

प्रादप [illegible]
लेखा अधिकृत
मिति :
स्थान : काठमाडौं

# नेपाल स्वास्थ्य सेवा सहकारी संस्था लिमिटेड

स्वयम्भू-१५, काठमाण्डौं

ईक्वीटीमा भएको परिवर्तन सम्बन्धि विवरण

आर्थिक वर्ष २०७४/२०७५

| क.स | विवरण | शेयर पूँजी | सञ्चित नाफा/नोक्सान | जगेडा कोष | संरक्षित पूँजी फिर्ता कोष | सहकारी विकास कोष | शेयर लाभांश कोष | घाटा पूर्ति कोष | सदस्य शिक्षा कोष | कर्मचारी बोनस कोष | पूँजीगत कोष | कुल रकम रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १) | शुरु मौज्दात | ४१२,७७८,०००.०० | (१३४,२४३,४७५.४३) | ८९३,५७२.७७ | ४६८,९३१.९६ | १८७,५७२.७७ | ३७५,१४५.५५ | १८७,५७२.७७ | १८७,५७२.७७ | २८१,३५९.१६ | १८९,४७५,८७५.०० | (२४९,४८३,८७२.७१) |
| | गत वर्षको समायोजन | | १५,७५४,९०९.६० | | | | | | | | | १५,७५४,९०९.६० |
| | यस आ.व. मा सारिएको | - | - | - | - | - | - | - | - | - | - | - |
| | समायोजित शुरु मैज्दात | ४१२,७७८,०००.०० | (११८,४८८,५६६.८३) | ८९३,५७२.७७ | ४६८,९३१.९३ | १८७,५७२.७७ | ३७५,१४५.५५ | १८७,५७२.७७ | १८७,५७२.७७ | २८१,३५९.१६ | १८९,४७५,८७५.०० | (२३३,७२८,९६३.११) |
| २) | समायोजन | | | | | | | | | | | - |
| | यस आ.व. को थप | (६८९,९५०.००) | (९५,९१९,३३४.२२) | - | - | - | - | - | - | - | - | (९६,६०९,२८४.२२) |
| | यस आ.व. को अपलेखन | | | | | | | | | | (१,४७३,९९३.७५) | (१,४७३,९९३.७५) |
| | अन्तिम मौज्दात | ४१२,०८८,०५०.०० | (२१४,४०७,९००.०५) | ८९३,५७२.७७ | ४६८,९३१.९६ | १८७,५७२.७७ | ३७५,१४५.५५ | १८७,५७२.७७ | १८७,५७२.७७ | २८१,३५९.१६ | १८८,००१,८८१.२५ | (३१५,८१२,२४१.०८) |

आजको मितिको संलग्न प्रतिवेदन को आधारमा

राजेन्द्र प्रसाद पाण्डे
अध्यक्ष

सि.ए. अनुप कुमार श्रेष्ठ
प्रबन्ध साझेदार
बि.आर.एस.न्यौपाने एण्ड कम्पनी
चार्टर्ड एकाउन्टेण्ट्स

डा. बंशीधर मिश्र
उपाध्यक्ष

जीतप्रकाश शर्मा
उपाध्यक्ष

सरला के.सी.
उपाध्यक्ष

डा. रामकुमार अधिकारी
सचिव

हेमलता मुडभरि (थिताल)
सहसचिव

जीवनारायण बराल
कोषाध्यक्ष

उत्तमदेवी श्रेष्ठ
सञ्चालक

शिवकुमारी तिवाडी
सञ्चालक

डा. अरुणमणि दिक्षित
सञ्चालक

डा. रामस्वरुप तिम्सा
सञ्चालक

अर्जुन प्रसाद पाण्डे
सञ्चालक

डा. वेद बहादुर खत्री
सञ्चालक

कृष्ण कुमार थापा
सञ्चालक

इन्दिरा कुमारी श्रीसागाई गौतम
सञ्चालक

कमल खरेल
ले.सु.स. संयोजक

देवनारायण श्रीसागाई
ले.सु.स. सदस्य

दुर्गा प्रसाद आचार्य
ले.सु.स. सदस्य

प्रविण कदेल
लेखा अधिकृत
मिति :
स्थान : काठमाडौं

# नेपाल स्वास्थ्य सेवा सहकारी संस्था लिमिटेड

स्वयम्भू-१५, काठमाण्डौं

## नगद प्रवाह विवरण

श्रावण १, २०७४ देखि आषाढ ३२, २०७५ सम्म

| विवरण | चालु आ.व. रु | गत आ.व.रु |
|---|---|---|
| कारोबार सञ्चालनबाट नगद प्रवाह | | |
| यस वर्षको बचत / (घाटा) | (९५,९१९,३३४.२२) | (९२,६८०,४४४.५९) |
| जोड : | | |
| ह्रास कट्टी | ६४,९९३,६६०.८२ | ६८,९१२,६९०.५५ |
| स्थिर सम्पती अपलेखन | - | ५०,६३२.०० |
| ब्याज खर्च | १३१,३८९,९४१.५६ | ९६,७११,५८०.५९ |
| घटाउ : | | |
| ब्याज आम्दानी | १,१०४,५०८.०४ | १,०६१,७०५.८६ |
| लाभाँस आम्दानी | १३५,८१०.०० | १३१,१०७.५० |
| सरकार बाट प्राप्त अनुदानको अपलेखन | ९,४७३,९९३.७५ | ९,९७२,६२५.०० |
| चालु पूँजी परिवर्तन हुनुपूर्वको नगद प्रवाह | ८९,७४९,९५६.३७ | ६१,८५९,०२०.१९ |
| चालु पूँजी परिवर्तन | | |
| चालु सम्पतीमा घट/ (बढ) | २३८,३११,७८६.४२ | (१६,९७२,५३७.१८) |
| चालु दायित्व (घट)/ बढ | (१४१,२१३,४७५.७६) | २०,४२८,५४८.४१ |
| चालु पूंजीमा परिवर्तन | ९७,०९८,३१०.५६ | ३,४५६,०११.२३ |
| कारोबार सञ्चालनबाट नगद प्रवाह | १८६,८४८,२६६.९३ | ६५,३१५,०३१.४२ |
| लगानी कारोबारबाट नगद प्रवाह | | |
| लगानी हिसाबमा घट (बढ) | (१०,०००.००) | ३११,०००.०० |
| स्थिर सम्पतीमा वृद्धि | (२४,३०१,५४४.९७) | (१९,४३३,०४७.९३) |
| ब्याज आम्दानी | १,१०४,५०८.०४ | १,०६१,७०५.८६ |
| लाभाँस आम्दानी | १३५,८१०.०० | १३१,१०७.५० |
| पूँजीगत कार्य प्रगतिमा वृद्धि | (२१८,९२७,७३८.६०) | (८०,४३७,५६६.०६) |
| लगानी कृयाकलापबाट खुद नगद प्रवाह | (२४१,९९८,९६४.५४) | (९८,३५८,८०७.६३) |
| वित्तीय कारोबारबाट नगद प्रवाह | | |
| शेयर पूँजीमा (घट)/ बढ | ३८६,८५०.०० | ८,४६२,०००.०० |
| ब्याज तिरेको | (११५,६३५,०३१.८८) | (९४,२९५,३०६.८७) |
| कर्जा सापटीमा (घट)/ बढ | १७५,८३६,४३३.६३ | १२३,३५९,६५९.१७ |
| वित्तीय कृयाकलापबाट खुद नगद प्रवाह | ६०,५८८,२५१.७५ | ३७,५२६,३५२.३० |
| नेपाल सरकारबाट अनुदान प्राप्त | - | - |
| खुद नगद प्रवाह | ५,४३७,५५३.१४ | ४,४८२,५८३.०९ |
| जोड शुरुको नगद तथा बैंक मौज्दात | १८,५५४,३७४.४० | १४,०७१,७९१.३८ |
| अन्तिम नगद तथा बैंक मौज्दात | २३,९९१,९२७.५७ | १८,५५४,३७४.४० |

आजको मितिको संलग्न प्रतिवेदन को आधारमा

राजेन्द्र प्रसाद पाण्डे
अध्यक्ष

सि.ए. अनुप कुमार श्रेष्ठ
प्रबन्ध साझेदार
बि.आर.एस.न्यौपाने एण्ड कम्पनी
चार्टर्ड एकाउन्टेन्ट्स

डा. बंशीधर मिश्र
उपाध्यक्ष

कीर्तिप्रकाश शर्मा
उपाध्यक्ष

सरला के.सी.
उपाध्यक्ष

डा. रामकुमार अधिकारी
सचिव

हेमलता गुरुभरि (घिमाल)
सह(सचिव)

जीवनारायण बराल
कोषाध्यक्ष

उत्तमदेवी श्रेष्ठ
सञ्चालक

शिवकुमारी लिम्बू
सञ्चालक

डा. अरुणमणि दिक्षित
सञ्चालक

डा. रामस्वरुप सिन्हा
सञ्चालक

अर्जुन प्रसाद पाण्डे
सञ्चालक

डा. बेद बहादुर प्रेमी
सञ्चालक

कृष्ण कुमार थापा
सञ्चालक

इन्दिरा कुमारी चौलागाईं गौतम
सञ्चालक

कमल बरेल
ले.सु.स. संयोजक

देवनारायण चौलागाईं
ले.सु.स. सदस्य

दुर्गा प्रसाद आचार्य
ले.सु.स. सदस्य

प्रदिप कडेल
लेखा अधिकृत
मिति :
स्थान : काठमाडौं

# नेपाल स्वास्थ्य सेवा सहकारी संस्था लिमिटेड

| | चालु आ.व. रु | गत आ.व.रु |
|---|---|---|
| **अनुसूची: १ जगेडा तथा कोषहरु** | | |
| संरक्षित पूंजी फिर्ता कोष | ४६८,९३१.९३ | ४६८,९३१.९३ |
| सहकारी विकास कोष | १८७,५७२.७७ | १८७,५७२.७७ |
| शेयर लाभांश कोष | ३७५,१४५.५५ | ३७५,१४५.५५ |
| घाटा पूर्ति कोष | १८७,५७२.७७ | १८७,५७२.७७ |
| सदस्य शिक्षा कोष | १८७,५७२.७७ | १८७,५७२.७७ |
| जगेडा कोष | ८१३,५७२.७७ | ८१३,५७२.७७ |
| कार्मचारी बोनस कोष | २८१,३५९.१६ | २८१,३५९.१६ |
| पूँजीगत कोष | १८०,००५,८८१.२५ | १८९,४७९,८७५.०० |
| संञ्चित नाफा/नोक्सान | (१,०१४,४०७,९००.०५) | (९३४,२४३,४७५.४३) |
| जम्मा | (८३१,९००,२९१.०८) | (७४२,२६१,८७२.७१) |
| **अनुसूची: २ कोष तथा व्यवस्था** | | |
| क) केन्द्रीय कार्यालय | ३६,७१३,०५०.९६ | ३४,८९१,०५०.९६ |
| ख) सामुदायिक अस्पताल (ठमेल) | १,९४९,९४३.१४ | १,८४०,५३९.१४ |
| ग) कलेज (सोल्टिमोड) | ११६,८५५.०० | १,२०३,४३७.८८ |
| घ) मेडिकल कलेज तथा शिक्षण अस्पताल परियोजना | २२४,६०६,४८०.०६ | २२४,१०६,४७९.०६ |
| ङ) क्षेत्रिय अस्पताल (झापा) | १,९३३,२१५.०० | १,५२९,३६३.०० |
| जम्मा | २६५,३१९,५४४.१६ | २६३,५७०,८७०.०४ |
| **अनुसूची: ३ कर्जा सापटी** | | |
| <u>सुरक्षित कर्जा</u> | | |
| क) केन्द्रीय कार्यालय | ३२,८३४,४३७.२८ | ६८,७२४,५७२.२८ |
| ख) सामुदायिक अस्पताल (ठमेल) | ४,१७६,२४३.४४ | ४,९६७,९६९.४४ |
| ग) कलेज (सोल्टिमोड) | ३,०००,०००.०० | १,५००,०००.०० |
| घ) मेडिकल कलेज तथा शिक्षण अस्पताल परियोजना | १,९४२,१३४,०८४.६४ | १,७७०,१४४,४४१.०१ |
| ङ) क्षेत्रिय अस्पताल (झापा) | - | - |
| जम्मा | १,९८२,१४४,७६५.३६ | १,८४५,३३६,९८२.७३ |
| <u>असुरक्षित कर्जा</u> | | |
| क) केन्द्रीय कार्यालय | १४,९३८,०००.०० | १५,४३८,०००.०० |
| ख) सामुदायिक अस्पताल (ठमेल) | - | - |
| ग) कलेज (सोल्टिमोड) | - | - |
| घ) मेडिकल कलेज तथा शिक्षण अस्पताल परियोजना | ९२,९२१,६७२.८१ | ५३,३९३,०२१.८१ |
| ङ) क्षेत्रिय अस्पताल (झापा) | - | - |
| जम्मा | १०७,८५९,६७२.८१ | ६८,८३१,०२१.८१ |
| जम्मा कर्जा सापटी | २,०९०,००४,४३८.१७ | १,९१४,१६८,००४.५४ |
| **अनुसूची: ४ भुक्तानी दिनुपर्ने हिसाब** | | |
| क) केन्द्रीय कार्यालय | ४४,३६५,३६८.७५ | ५४,२०६,६४२.६१ |
| ख) सामुदायिक अस्पताल (ठमेल) | ३४,८३१,३५६.९१ | ३०,३४६,२४१.७७ |
| ग) कलेज (सोल्टिमोड) | १३,६८१,८४६.१५ | २२,६४३,८८२.४५ |
| घ) मेडिकल कलेज तथा शिक्षण अस्पताल परियोजना | ९४,८१६,७८९.७४ | २१५,१३३,३२२.६२ |
| ङ) क्षेत्रिय अस्पताल (झापा) | ८,३९६,९९३.७५ | ३०,३०४,७६७.०३ |
| जम्मा | १९६,०९२,३५५.३० | ३५२,६३४,८५६.४८ |

| अनुसूची: ५ अन्य दायित्वहरु | | |
|---|---|---|
| धरौटी प्राप्त | | |
| क) केन्द्रीय कार्यालय | २३,८९३.०० | २३,८९३.०० |
| ख) सामुदायिक अस्पताल (ठमेल) | ६२७,८४९.०० | ६९५,३६५.०० |
| ग) कलेज (सोल्टिमोड) | ८,८३२,३५८.७५ | ११,२३४,९५१.७५ |
| घ) मेडिकल कलेज तथा शिक्षण अस्पताल परियोजना | ४,७६१,२५७.२६ | ४,२८०,९५९.५४ |
| ङ) क्षेत्रिय अस्पताल (झापा) | १७,०१२,१६२.५८ | १,४४२,०००.०० |
| जम्मा | ३१,२५७,५२०.५९ | १७,६७७,१६९.२९ |

# नेपाल स्वास्थ्य सेवा सहकारी संस्था लिमिटेड

स्वयम्भू-१५, काठमाण्डौं
२०७५ साल आषाढ मसान्तको

## स्थिर सम्पतीको विवरण

अनुसूची: ६ स्थिर सम्पति

| समूह | विवरण | ह्रास कट्टी दर (%) | ०१.०४.२०७४ को Written down Value | चालु वर्षको लागि ह्रास योग्य थप | चालु वर्षको अपलेखन | ह्रास कट्टी आधार | चालु वर्षको ह्रास कट्टी | ह्रास कट्टीपछिको मुल्य | ह्रास कट्टीका लागि अयोग्य थप | ३२.०३.२०७५ को शुद्ध मुल्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | व्यावसायिक सम्पती | | | | | | | | | |
| | जग्गा | | ७१७,१३९,१२३.७१ | - | - | ५,९७५,०००.०० | - | ७१७,१३९,१२३.७१ | - | ७१७,१३९,१२३.७१ |
| | ह्रास योग्य सम्पती | | | | | | | | | |
| क | भवन | ५% | ७४८,८१५,५४५.६७ | १,२५८,८७४.८४ | - | ७५०,०७४,४२०.५१ | ३७,५०३,७२१.०३ | ७१२,५७०,६९९.४९ | ४१८,००१.७६ | ७१२,९८८,७०१.२५ |
| ख | फर्निचर तथा फिक्सचर | २५% | १४,९१६,३३४.७२ | ९६४,५२५.८५ | - | १५,८८०,८६०.५७ | ३,९७०,२१५.१४ | ११,९१०,६४५.४३ | ४७२,८६२.६८ | १२,३८३,५०८.११ |
| | कार्यालय उपकरण | २५% | ६,५८७,०७४.२४ | १,१८९,५८२.३८ | - | ७,७७६,६५६.६२ | १,९४४,१६४.१६ | ५,८३२,४९२.४६ | ५७८,४४३.५५ | ६,४१०,९३६.०१ |
| | कम्प्युटर तथा एसोसरिज | २५% | २,७१२,२६५.५७ | ३१७,१९१.४७ | - | ३,०२९,४५७.०४ | ७५७,३६४.२६ | २,२७२,०९२.७८ | २४,८६०.०० | २,२९६,९५२.७८ |
| ग | सवारी साधन | २०% | ३,८२८,१९६.८३ | २०,४८२.०० | - | ३,८४८,६७८.८३ | ७६९,७३५.७७ | ३,०७८,९४३.०६ | ४०,९६४.०० | ३,११९,९०७.०६ |
| घ | अस्पताल उपकरण तथा औजार | १५% | १००,४५३,२४३.५७ | ११,६२९,७७६.८९ | - | ११२,०८३,०२०.४६ | १६,८१२,४५३.०६ | ९५,२७०,५६७.४० | ४,९१०,५२२.५२ | १००,१८१,०८९.९२ |
| | अन्य सम्पति | १५% | ५,८९०,९९८.८१ | २५,५७३.७८ | - | ५,९१६,५७२.५९ | ८८७,४८५.८९ | ५,०२९,०८६.७० | १९,७४७.५४ | ५,०४८,८३४.२५ |
| | ल्याब उपकरण तथा औजार | १५% | ४,४०५,२४०.७९ | २३२,५५०.२८ | - | ४,६३७,७९१.०७ | ६९५,६६८.६६ | ३,९४२,१२२.४१ | ४६५,१००.५४ | ४,४०७,२२२.९५ |
| | लाइब्रेरी बुक्स | १५% | ४,२८२,४६६.७२ | ३२५,३०३.१८ | - | ४,६०७,७६९.९० | ६९१,१६५.४८ | ३,९१६,६०४.४१ | ३४७,६०३.२२ | ४,२६४,२०७.६३ |
| | डिस्ट्रिब्युसन ट्रान्सफर्मर | १५% | १७४,०१९.४५ | - | - | १७४,०१९.४५ | २६,१०२.९२ | १४७,९१६.५३ | - | १४७,९१६.५३ |
| ङ | लिजहोल्ड प्रोपर्टी | ५% | ४,३३९,२५५.८२ | ६४०,५६८.२३ | - | ४,९७९,८२४.०५ | ८३८,३४०.४६ | ४,१४१,४०३.५९ | ४१९,०१०.२५ | ४,५६०,४८३.८४ |
| | सफ्टवेयर | 5 Years | ११२,६०२.०० | - | - | ११२,६०२.०० | ९७,२३४.०० | १५,३६८.०० | - | १५,३६८.०० |
| | जम्मा | | १,९१२,६२६,३६७.९० | १६,६०४,४२८.९० | - | ९१९,०९६,६७३.०९ | ६४,९९३,६६०.८२ | १,५५५,२६७,१३५.९८ | ७,६९७,११६.०० | १,५७२,९६४,२५२.०५ |

| | | |
|---|---|---|
| **अनुसूची: ७ पुँजीगत कार्य प्रगति** | | |
| क) मेडिकल कलेज तथा शिक्षण अस्पताल परियोजना | ५१२,१९४,८८३.९९ | २९३,२६७,१४५.३९ |
| जम्मा | ५१२,१९४,८८३.९९ | २९३,२६७,१४५.३९ |
| **अनुसूची: ८ लगानी हिसाब** | | |
| क) केन्द्रीय कार्यालय | १६,८४२,०००.०० | १६,८३२,०००.०० |
| जम्मा | १६,८४२,०००.०० | १६,८३२,०००.०० |
| **अनुसूची: ९ नगद तथा बैंक मौज्दात** | | |
| क) केन्द्रीय कार्यालय | ६,७९८,९२८.३४ | ७,७३८,०८१.८७ |
| ख) सामुदायिक अस्पताल (ठमेल) | ३३५,५९५.८२ | १०७,१९७.१७ |
| ग) कलेज (सोल्टिमोड) | २,९२५,३९४.५९ | ३,२०४,८५८.६४ |
| घ) मेडिकल कलेज तथा शिक्षण अस्पताल परियोजना | २४,३१५.५९ | १,१९५,२४७.१५ |
| ङ) क्षेत्रिय अस्पताल (झापा) | १३,९०७,६९३.१३ | ६,३०८,९८९.५७ |
| जम्मा | २३,९९१,९२७.४७ | १८,५५४,३७४.४० |
| **अनुसूची: १० धरौटी तथा पेश्की हिसाब** | | |
| क) केन्द्रीय कार्यालय | ७,६७३,५१५.०० | २७९,४२६.०० |
| ख) सामुदायिक अस्पताल (ठमेल) | ९०२,१५८.०० | १,०२६,८४८.०० |
| ग) कलेज (सोल्टिमोड) | ७,०७८,९५०.०० | ६,०९३,६३८.७५ |
| घ) मेडिकल कलेज तथा शिक्षण अस्पताल परियोजना | ७,३४९,८९३.४१ | ५३२,९५४.७९ |
| ङ) क्षेत्रिय अस्पताल (झापा) | ६,११४,२४४.०० | १३,०१४,३५१.५३ |
